
# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १४ अंक ३१५ आइतबार, २७ पुस २०८२ | SOURYA NATIONAL DAILY | Sunday, 11 January 2026 | पृष्ठ : ८ मूल्य रू. १०


# निर्वाचन क्षेत्र फेर्‍यै प्रचण्ड

■ आसन्न चुनावमा रुकुम पूर्वबाट लड्ने घोषणा



**५ चुनाव क्षेत्र**

- २०६४- रोल्पा-२ र काठमाडौं-१० (दुवैमा विजयी)
- २०७०- काठमाडौं-१० (पराजित) र सिरहा-५
- २०७४- चितवन-३ (विजयी)
- २०७९- गोरखा-२ (विजयी)
- २०८२- रुकुम पूर्व (उम्मेदवारी घोषणा)

■ **सौर्य समाचार**

काठमाडौं । आसन्न २१ फागुनको प्रतिनिधिसभा चुनावमा नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' रुकुम पूर्वबाट उम्मेदवार बन्ने भएका छन् । शुक्रबार रुकुम पश्चिममा आयोजना गरिएको नेकपाको एकता सन्देशसभामा उनले २१ फागुनको चुनाव रुकुम पूर्वबाट लड्ने घोषणा गरेका हुन् । आफ्नो निर्वाचन क्षेत्र घोषणा गर्दै प्रचण्डले भने, 'अहिलेको चुनाव रुकुमबाटै लड्छु । म पूर्वी रुकुमबाट लड्नेछु ।'

आफ्नो जित सुनिश्चित गर्न र चुनावी माहोल बुझ्न उनले यसअघि पार्टीमा आफूलाई ९ ठाउँबाट सिफारिस गराएका थिए । गोरखा-२, कालीकोट, नुवाकोट-१, सिन्धुली-२, रामेछाप, महोत्तरी-४, कैलाली-३, रोल्पा र रुकुम पूर्वबाट सिफारिस गराएका उनले अन्त्यमा सबैभन्दा सुरक्षित ठान्दै रुकुम पूर्व छनोट गरेका हुन् । २०७९ को निर्वाचनमा यो क्षेत्रमा तत्कालीन माओवादी केन्द्रकै उम्मेदवार नै विजयी भएका थिए । त्यसबेला माओवादीका पूर्णबहादुर घर्तीमगर १२ हजार २६२ मतका साथ यहाँबाट संघीय सांसद बनेका थिए । रुकुम पूर्वलाई तत्कालीन माओवादीको पकड क्षेत्र मानिन्छ । यहाँ २०६४ पछिका सबै निर्वाचनमा माओवादीले जित निकालेको छ ।

२०६४ यताका हरेक निर्वाचनमा उम्मेदवार बनेका प्रचण्डले सबै निर्वाचनमा क्षेत्र भने परिवर्तन गर्दै आएका छन् । २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा काठमाडौं-१० र रोल्पा-२ बाट निर्वाचित प्रचण्ड २०७० को दोस्रो संविधानसभा निर्वाचनमा सिरहा-५ मा विजयी र काठमाडौं-१० मा पराजित भए । २०७४ को निर्वाचनमा भने एउटा क्षेत्रबाट मात्र उम्मेदवारी दिनुपर्ने भएपछि उनी चितवन-३ पुगे । त्यसपछि २०७९ को निर्वाचनमा बाबुराम भट्टराईको सदासयतामा गोरखा-२ बाट निर्वाचित भएका उनी यसपालि रुकुम पूर्वबाट चुनाव लड्ने भएका छन् ।




प्रतिनिधिसभा निर्वाचन-२०८२

**५३** दिन बाँकी

- **पुस २७ सम्म** : समानुपातिक बन्दसूची संशोधन
- **माघ ६** : प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता
- **माघ ९** : प्रत्यक्ष उम्मेदवारको अन्तिम नामावली प्रकाशन
- **माघ ९** : प्रत्यक्ष उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान
- **माघ २०** : समानुपातिक उम्मेदवारको अन्तिम सूची प्रकाशन

**फागुन २१ : मतदान**

## विशेष महाधिवेशनले पार्टी फुट्ने भए विधानमा किन राखियो त ?




कांग्रेस नेता **प्रदीप पौडेलसँग** **अन्तर्वार्ता**

पृष्ठ ५

**मनी लाउन्डरिङ नियन्त्रणको प्रयास**

## नगद कारोबार ५ लाखमा सीमित



पृष्ठ ७

# धानखेत मासेर सोलार खेती !

## खेतीयोग्य जग्गामा सोलार प्लान्ट बनाएपछि सिँचाइ कहाँ गर्ने ?

■ **विशाल बस्नेत**

मधेस ब्युरो । अन्न भण्डार मानिने मधेस प्रदेशका किसानको ठुलो समस्या हो- सिँचाइ । आधुनिक सिँचाइ प्रणालीको अभाव, भूमिगत सिँचाइका लागि आवश्यक बिजुली सुविधा नहुँदा समयमा पानी नपरे हजारौं हेक्टर उर्वर जग्गा बाँझै राख्नुपर्ने यहाँको किसानको नियति नै बनेको छ । सुन फल्ने मलिलो माटो हुँदाहुँदै पनि पर्याप्त सिँचाइ सुविधा नहुँदा चउर र झाडी बन्ने क्रम बढ्दो छ । यही पिरले कतिपय किसान पेसा परिवर्तन गर्ने र युवा जनशक्ति विदेश पलायन हुने क्रम उत्तिकै छ ।

मधेसको यही समस्यालाई सम्बोधन गर्न सुनकोसी-मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजना निर्माणाधीन छ । तर, त्यसभन्दा धेरै पहिलेदेखि नै मधेसमा सिँचाइ सुविधाकै लागि भनेर सौर्य ऊर्जाको बहस र अनुसन्धान सुरु भइसकेको थियो । मधेस प्रदेशमा २०७० सालदेखि नै सौर्य ऊर्जाको बहस र प्रक्रिया सुरु भएको हो । पछि प्रदेश सरकार गठन भएपछि चुरे क्षेत्रमा विद्युत् पहुँच नहुनु र खानेपानी तथा सिँचाइ समस्या समाधान गर्न भन्दै प्रदेश सरकारले सौर्य ऊर्जालाई नीति तथा कार्यक्रम र बजेटमै समेट्दै आएको छ ।

मधेस सरकारले आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रममा सौर्य ऊर्जासम्बन्धी कार्यक्रम समेटेको थियो । 'हाम्रो प्रदेश, उज्यालो प्रदेश'को नारा सार्थक बनाउन भन्दै वैकल्पिक ऊर्जालाई प्रवर्द्धन गरी अर्को वर्ष निजी तथा साझेदारी योजनाअन्तर्गत प्रदेशका ८ वटै जिल्लामा सौर्य ऊर्जा प्लान्ट निर्माण अघि बढाइने सरकारको घोषणा थियो । तर, कार्यान्वयन पाटो फितलो हुँदा त्यसले अझै पनि सार्थकता पाउन सकेको छैन ।

पछिल्लो समय भने मधेसमा सौर्य ऊर्जासम्बन्धी परियोजनाहरू भटाभट सुरु भइरहेका छन् । हिउँदका केही दिनबाहेक सधैँ घाम लाग्ने मधेसमा सौर्य ऊर्जा उत्तम विकल्प हुने विज्ञहरूको सुझावपछि विभिन्न गरी १७८ मेगावाटका परियोजना कार्यान्वयनको चरणमा प्रवेश गरेका छन् । ढल्केबर विद्युत् वितरण केन्द्रका प्रमुख सूर्यनारायण साहका अनुसार सिरहामा २० मेगावाट, सर्लाहीमा ३०, रौतहटमा १९.५, महोत्तरीमा ३९.५ र धनुषामा ६९ मेगावाट सौर्य ऊर्जा उत्पादन प्रक्रिया अघि बढेको छ । ▸▸▸ बाँकी पृष्ठ ६



## किसानको समस्यामा स्वार्थ मिसाउँदै व्यवसायी

मधेसका बिजुलीको पहुँच नपुगेका स्थानमा बिजुली बाल्न र सौर्य ऊर्जा प्रयोग गरी सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यले परिकल्पना गरिएको परियोजनामा ऊर्जा व्यवसायीहरूले स्वार्थ मिसाउँदा त्यही सिँचाइ गर्ने भनिएको खेतीयोग्य जग्गा नै सकिने खतरा बढेको छ । सोलार प्लान्ट निर्माण गर्दा चुरे क्षेत्रका खेती नहुने र नदीउकास जग्गा मात्र प्रयोग गर्नुपर्ने कार्यविधि भए पनि अहिले व्यवसायीहरूले भित्री बस्ती र खेतीयोग्य जग्गामा समेत आँखा लगाएका छन् । विज्ञहरूका अनुसार १७८ मेगावाट सोलार ऊर्जा परियोजनाका लागि न्यूनतम १ हजार बिघाभन्दा बढी जग्गा आवश्यक पर्छ । परियोजना स्वीकृत भएका ठाउँमा व्यक्तिगत जग्गाको धमाधम मुआब्जा वितरण भइरहेको छ ।

महोत्तरीको बर्दिवासस्थित किसाननगरमा निर्माण प्रक्रियामा रहेको परियोजनामा ४०० बिघाभन्दा बढी जग्गा माग गरिएको छ । बर्दिवास-६ को किसाननगरमा अहिले केही किसानको खेतीयोग्य जग्गा नै 'सोलार खेती'मा सकिने चिन्ता थपिएको छ । टेरा सोल इनर्जीद्वारा प्रवर्द्धित सो परियोजना जग्गा विवादमै अल्झिइरहेको छ । सौर्य ऊर्जाले खेतीयोग्य जग्गा अतिक्रमण गरेपछि किसानको बिचल्ली हुने अवस्था आएको बताउँछन्- स्थानीय विन्देश्वर साह । 'सुरुमा कम्पनीले १० बिघा जग्गामा सहमति जनायो । तर, पछि सयौँ बिघा चाहिने भन्दै थप जग्गा सम्झौता गर्न दबाब दिइरहेको छ,' साहले भने, '१ कठ्ठा जग्गा वार्षिक ४ हजार २५० रुपैयाँ भाडा लिने/दिने सम्झौता गरिएको छ । तर, त्योभन्दा बढी त तरकारी लगाउँदै कमाइ हुन्छ नि !' जग्गाका कारण परियोजना सञ्चालनमा बाधा हुने देखिएपछि सहजीकरणमा जुटेको उनी बताउँछन् ।

रौतहटको चन्द्रनिगाहपुरमा अहिले व्यवसायीहरूले आवश्यक जग्गाका लागि सम्बन्धित वडाका जनप्रतिनिधिहरूलाई नै परिचालन गरेका छन् । उनीहरूले कृषकहरूलाई प्रतिकठ्ठा वार्षिक ५ देखि ६ हजार रुपैयाँसम्मको प्रलोभन दिने गरेको र त्यसमा पनि नमाने धम्क्याउनेसम्मको गतिविधि गरिरहेको स्थानीय बताउँछन् । २५ वर्षसम्म जग्गा भाडामा दिँदा भविष्यमा फिर्ता पाइने हो कि होइन ! र, २५ वर्षसम्म आफैँ रहने हो कि होइन ! भन्ने चिन्तामा यहाँका स्थानीय छन् । ▸▸▸ बाँकी पृष्ठ ६

### ■ व्यवसायी पोस्ने गरी कार्यविधि संशोधन

वैकल्पिक ऊर्जाको सन्दर्भमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले २०७८ सालमा बनाएको 'ग्रिड कनेक्टेड वैकल्पिक विद्युत् विकाससम्बन्धी कार्यविधि, २०७८ बनाएको थियो । कार्यविधिका केही बुँदामा व्यवसायीहरूले असन्तुष्टि जनाएपछि त्यसलाई २०८१ माघमा संशोधन गरिएको थियो । मुख्य गरी तराईको खेतीयोग्य जग्गा मास्ने गरी संशोधन गरिएको छ । २०७८ को कार्यविधिमा १ मेगावाटभन्दा बढी जडित क्षमताका सौर्य विद्युत् आयोजनाको हकमा कार्यविधिको बुँदा ५ मा विशेष व्यवस्था गरेर सिँचाइयोग्य जग्गामा त्यस्ता आयोजनाका लागि अनुमतिपत्र नदिने उल्लेख थियो । '१ मेगावाटभन्दा बढी जडित क्षमताका सौर्य विद्युत् आयोजनाको विद्युत् सर्वेक्षण र निर्माण गरिने क्षेत्र सिँचाइयोग्य जग्गा, निकुञ्ज तथा आरक्षण क्षेत्रभित्र पर्नेगरी अनुमतिपत्र दिइनेछैन,' २०७८ को कार्यविधिमा थियो । तर, कार्यविधिको उक्त व्यवस्था २०८१ मा संशोधन गर्दै भनिएको छ, 'प्रस्तावित क्षेत्रमा सौर्य विद्युत् आयोजना विकास निर्माण गर्न हुने भनी सम्बन्धित वडा वा स्थानीय तहको सिफारिस र निकुञ्ज तथा आरक्षण क्षेत्रको हकमा वन तथा वातावरण मन्त्रालयको सिफारिस प्रवर्द्धकले पेस गर्नुपर्नेछ ।' खेतीयोग्य जग्गाको संरक्षणका लागि राखिएको प्रावधान नै हटाउने गरी कार्यविधि संशोधन हुनु शंकास्पद रहेको वातावरणविद्हरू बताउँछन् ।

### ■ सौर्य ऊर्जा कति प्रभावकारी ?

मधेसमा अझै पनि प्रशस्त कृषियोग्य जग्गा भए पनि सिँचाइ समस्याले हजारौँ हेक्टर जग्गा बाँझै छ । सौर्य ऊर्जाको प्रयोगबाट पम्प तथा इनारबाट पानी तान्न सकिने भएकाले किसानका लागि कोशेढुंगा बन्ने विज्ञहरू बताउँछन् । कृषि विज्ञ राजेश साह विशेष गरी मधेसमा प्रशस्त घाम लाग्ने भएकाले यसको सम्भावना उच्च रहेको बताउँछन् । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका अनुसार हाल मधेस प्रदेशमा १२६ संस्थागत सौर्य ऊर्जा प्रणाली छन् भने सबैको क्षमता २०८.५० किलोवाट छ । मधेसमा २ हजार ८२८ वटा सौर्य सिँचाइ प्रणाली जडान भइसकेको छ । ▸▸▸ बाँकी पृष्ठ ६

### ■ खुम्चिँदै जग्गा, बढ्दै उत्पादन

# उत्पादन बढ्दा पनि घटेन धान-चामल आयात

■ **केशव भट्ट**

काठमाडौं । पछिल्ला वर्षहरूमा नेपालको प्रमुख खाद्यबाली धानको उत्पादकत्व बढेको छ । किसान पलायन, मल अभाव, प्राकृतिक प्रकोप तथा खेतीको क्षेत्रफल घट्दा पनि धान उत्पादन भने निरन्तर बढेको हो । नेपाल राष्ट्र बैंकको आर्थिक अध्ययन प्रतिवेदनअनुसार उत्पादनसँगै धानको उत्पादकत्व (कम लागत, समय र श्रमको प्रयोग गरेर धेरै र गुणस्तरीय उत्पादन) मा पनि वृद्धि हुँदै गएको छ । आधुनिक कृषि खेती तथा उन्नत बिउको प्रयोग र सिँचाइ सुविधाले धानको उत्पादकत्व वृद्धि भएको विज्ञहरू बताउँछन् ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार आव २०८१/८२ मा धानबालीको क्षेत्रफलमा कमी आए पनि रासायनिक मल र हाइब्रिड बिउबिजनको सहज उपलब्धता साथै अनुकूल मौसमी वर्षाका कारण उत्पादन बढेको हो । विज्ञहरूका अनुसार धानको उत्पादन बढ्नुमा उन्नत बिउको उपलब्धता र प्रयोग, रोक किराको प्रकोपमा कमी, बाढीपहिरोबाट पर्ने असरमा कमी, मलखादको सहज उपलब्धता, कृषि औजार र प्रविधिको प्रयोग र मौसमी अनुकूलतालाई मुख्य आधार मानिएको छ । धानबालीलाई अर्थतन्त्रको मेरुदण्ड मानिन्छ । विज्ञहरूका अनुसार जुन वर्ष धानको उत्पादन घट्छ, त्यो वर्ष कुल गार्हस्थ उत्पादन (जिडिपी) को अवस्था पनि खुम्चिन्छ । धान उत्पादनमा १० प्रतिशतले तलमाथि हुँदा जिडिपीमा १ प्रतिशतले घटबढ हुने दाबी गरिएको छ ।



पछिल्लो १२ वर्षमा ६८ हजार हेक्टर धान खेतीको क्षेत्रफल घट्दा उत्पादन भने ९ लाख ७ हजार मेट्रिक टन बढेको देखिन्छ । आव २०७०/७१ मा १४ लाख ८७ हजार हेक्टरमा धान खेती गरिएकामा २०८१/८२ मा उक्त क्षेत्रफल घटेर १४ लाख १९ हजार हेक्टरमा सीमित भएको छ । ▸▸▸ बाँकी पृष्ठ ६

# कांग्रेसको विशेष महाधिवेशन आजदेखि

## ६० प्रतिशत प्रतिनिधि सहभागी हुने दाबी

■ **सौर्य समाचार**

काठमाडौं । नेपाली कांग्रेसको विशेष महाधिवेशन आज आइतबार काठमाडौंमा सुरु हुँदै छ । भृकुटीमण्डपमा दिउँसो १ बजे विशेष महाधिवेशन उद्घाटन तोकिएको छ । विशेष महाधिवेशन आयोजकका अनुसार उद्घाटन सत्रको सभापतित्व कांग्रेस काठमाडौं जिल्ला सभापति सबुज बानियाँले गर्नेछन् भने बन्दसत्रको सभापतित्व जेष्ठ सदस्यले गर्नेछन् । आयोजक समितिले विशेष महाधिवेशनको पक्षमा करिब ६० प्रतिशत महाधिवेशन प्रतिनिधि पुगेको र आइतबार ती सबै उपस्थित हुने दाबी गरेको छ । विशेष महाधिवेशनको माग गर्दा करिब ५४ प्रतिशत प्रतिनिधिले हस्ताक्षर गरे पनि अहिले उक्त संख्या ६० प्रतिशत पुगेको कांग्रेस केन्द्रीय सदस्य अजयबाबु सिवाकोटीले बताए ।

उता, विशेष महाधिवेशनको अघिल्लो दिन शनिबार विशेष महाधिवेशनको विपक्षमा रहेका ५ प्रदेश र ४७ जिल्ला सभापतिले संयुक्त विज्ञप्ति निकाल्दै विशेष महाधिवेशनको विपक्षमा रहेको जनाएका छन् । संयुक्त विज्ञप्तिमार्फत् २०८३ वैशाखमा नियमित महाधिवेशन नै हुनुपर्ने र अहिले विशेष महाधिवेशनको




उपयुक्त वातावरणसमेत नभएकाले सबै जना पार्टी एकतामा लाग्नुपर्ने उल्लेख गरिएको छ ।

### देउवा र खड्काले स्विकारेनन् निम्तो

विशेष महाधिवेशन पक्षधर समूहले पार्टी सभापति शेरबहादुर देउवा र कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई औपचारिक निमन्त्रणा पठाए पनि दुवैले त्यसलाई अस्वीकार गरेको बुझिएको छ । देउवालाई प्रमुख अतिथि र खड्कालाई विशिष्ट अतिथिका रूपमा उपस्थित हुन निम्ता पठाइएको थियो ।

■ हैटौंडामा सडक विस्तार प्रकरण

# भत्काइएका घरमा व्यापार, ठुलो मानवीय क्षतिको जोखिम

## स्थानीय प्रशासनको चेतावनी- व्यापार तत्काल रोक्नू, नत्र दुर्घटनाको जिम्मेवार आफैँ हुनुपर्नेछ

■ सौर्य समाचार



हैटौंडा। सडक विस्तारका लागि सडक डिभिजन कार्यालय हेटौंडाले भत्काएका घरहरूमा जोखिमपूर्ण रूपमा व्यापार व्यवसायी सञ्चालन भइरहेको छ। गत मंसिर २० गते सडक विस्तारका लागि पूर्वपश्चिम राजमार्गअन्तर्गत हेटौंडाको रातमाटेदेखि बुद्धचोक हुँदै राप्ती खोला पुलसम्मका मुख्य सडकको दायाँबायाँ सडक सीमा क्षेत्रभित्र पर्ने घरहरू सडक डिभिजन कार्यालय भत्काएको थियो। सर्वोच्च अदालतको आदेशका कारण हाल सडक विस्तारको कार्य रोकिएपछि भत्काइएका संरचनाहरू व्यवस्थापन गर्ने क्रममा कतिपय व्यवसायीहरूले जोखिमपूर्ण घरमै व्यापार गरिरहेका छन्। जसका कारण कुनै पनि बेला ठुलो मानवीय क्षति हुन सक्ने स्थानीय कैलाश थापाले बताए।

'सडक डिभिजन कार्यालयले भत्काएर भग्नावशेष अवस्थामा छाडेका घरबाटै व्यापारीहरूले पसल चलाइरहेका छन्,' उनले भने, 'जसका कारण कुनै पनि बेला घर भत्किएर ठूलो जनधनको क्षति हुनसक्छ।' भत्किएका घरमा पसल सञ्चालनमा तत्काल रोक लगाउनुपर्ने उनको भनाइ छ। सडक विस्तारका लागि घरलाई भग्नावशेष बनाएर छाडेपछि आफूहरू अन्योलमा बताउँदै स्थानीय व्यापारी रोशन श्रेष्ठले कुनै विकल्प नभएकाले तत्कालका लागि 'स्टक'मा रहेको सामानहरू मात्र बिक्री गरिरहेको बताए।

'नयाँ सामानहरू बाहिरबाट मगाएको छैन,' उनले भने, 'स्टकमा रहेका सामान त बिक्री गर्नै पऱ्यो, फ्याल्नुभएन ? त्यसैले 'स्टक'को सामान जोखिम उठाएरै भए पनि बिक्री गरिरहेको छु। बाँकी रहेका सामान बिक्री भएपछि पसल बन्द गर्ने कि, अन्यत्र सार्ने भने सोचिरहेको छु,' उनले भने। सर्वोच्च अदालतमा सडक विस्तारसम्बन्धी मुद्दा विचाराधीन अवस्थामा रहेकाले सडक विस्तारको काम अघि बढाउन नसकिएको सडक डिभिजन कार्यालय हेटौंडाका सूचना अधिकारी यादव सुवेदीले बताए। भत्किएका घरमा व्यापार पसल नगर्न व्यापारीहरूलाई आग्रह गरे पनि कतिपय व्यापारीहरूले जोखिमपूर्ण रूपमै व्यापार व्यवसायी सञ्चालन गरिरहेको उनको भनाइ छ। यसैबीच जिल्ला प्रशासन कार्यालय मकवानपुरले सडक विस्तारका लागि भत्काइएका जोखिमपूर्ण घरहरूमा व्यापार व्यवसाय गर्न रोक लगाएको छ। जिल्ला प्रशासन कार्यालय मकवानपुरले सूचना जारी गर्दै हेटौंडा उपमहानगरपालिकाअन्तर्गत सडक विस्तारका क्रममा भत्काइएका र जोखिमपूर्ण अवस्थामा रहेका घरटहरामा व्यापार व्यवसाय सञ्चालन नगर्न निर्देशन दिएको हो। जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको निर्णयअनुसार सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीद्वारा जारी सूचनामा भनिएको छ, 'भत्किएका तथा जोखिमपूर्ण संरचनाभित्र कुनै पनि किसिमको व्यापार व्यवसाय सञ्चालन नगर्न र नगराउनु हुन अनुरोध छ।'

यदि कसैले चेतावनीको बेवास्ता गरी व्यवसाय सञ्चालन गरेमा र त्यसबाट कुनै पनि किसिमको विपद्जन्य घटना वा दुर्घटना घटेमा त्यसको पूर्ण जिम्मेवार घरधनी र सम्बन्धित व्यवसायी स्वयं हुने प्रशासनको सूचनामा उल्लेख छ। साथै, संरचना व्यवस्थापनका क्रममा कामदारहरूको सुरक्षालाई उच्च प्राथमिकता दिनसमेत सम्बन्धित सबैमा आग्रह गरिएको छ ।

## हाँडीगाउँका ५४ घरलाई मौलिकस्वरूपमा रूपान्तरण गरिँदै

काठमाडौं। काठमाडौं महानगरपालिकाले नरःदे (हाँडीगाउँ)को प्राचीनता फर्काउन ९ करोड ५० लाख रुपैयाँमा ५४ वटा घरको अग्रमोहडाको मौलिक स्वरूपमा रूपान्तरण गर्न थालेको छ। हाँडीगाउँको प्राचीनता नरःदे हो, यसको पुनःरुत्थानका लागि गुरुयोजनाबाटै काम गरिरहेको कामपाको भनाइ छ। आधुनिक भवन निर्माण प्रक्रिया र जीवनशैलीले रूपान्तरण भएको हाँडीगाउँको प्राचीनता फर्काउन महानगर केन्द्र र वडा कार्यालयबाट क्षेत्रगत र चरणगत काम भइरहेका छन् वडा नम्बर ५ का वडाध्यक्ष वीरेन्द्र प्रजापतिले जानकारी दिए। अध्यक्ष प्रजापतिका अनुसार यस क्रममा कृष्णमन्दिरदेखि डबली हुँदै भवँर कुःसम्मको करिब ३०९ मिटर सडक दायाँबायाँका भवनहरूको अग्रमोहोडालाई मौलिकस्वरूपमा रूपान्तरणको काम सुरु हुन लागेको छ।

यस क्रममा पाटी, फल्चा, मन्दिर, सामुदायिक भवन तथा सडक तथा पेटीको पुनःरुत्थान गरिनेछ। मौलिक शैलीमा घरको पेटी, कार्नेस, बलेँसी, पाखा वा पाली, झिँगटीको छानोजस्ता भाग महत्वपूर्ण मानिन्छन्। घरको गारोमा प्रयोग गरिएका इँटा बाहिरबाट देखिने खालका हुन्छन्। एकमुखे, तीनमुखे, पाँचमुखे गरी बिजोर कुँदिएका बुट्टेदार परम्परागत झ्यालहरू हुन्छन्। छिँडी, मातः, च्वतं र बुईंग गरी चार तला तथा छानासहितको घर मौलिक घरको 'डिजाइन' हो। किराँतकालीन टुँडालदेवीको जात्रा र लिच्छवीकालीन नारायण जात्रासहित वर्षौंदेखि सञ्चालन हुने गरेका जात्रा, पर्व, धार्मिक, सामाजिक तथा सांस्कृतिक परम्परामा यो मार्गको अनिवार्य प्रयोग हुने गरेको छ।

यस क्षेत्रमा कृष्ण मन्दिर, नारायण मन्दिर, २ वटा बुद्ध चैत्य, जरु (परम्परागत इनार), महादेव मन्दिर, अक्षय तृतीयाका दिन सर्वत पानी वितरण गर्ने, दाफा भजन गाउनेसहित विभिन्न धार्मिक तथा सामाजिक क्रियाकलाप सञ्चालन हुने सत्तलहरू छन्। 'यो क्षेत्र उपत्यकामा पूर्वलिच्छवि, वर्मा तथा लिच्छविकालको संस्कृति र सम्पदाको लागि सर्वाधिक प्राचीन स्थान हो,' वडाध्यक्ष वीरेन्द्र प्रजापति भन्छन्, 'हाँडीगाउँको प्राचीनता फिर्ता गराउन कृष्णमन्दिरबाट ढोकावहाल, भुँवर कु, कोटाल टोल, गहनापोखरी, न्हाल्मा टोल हुँदै ढल्कोभित्रको भाग पुरानो सहर हो।'

गहना खोज्ने पोखरी, कुमार कार्तिकेय र भीमसेनको मन्दिर, कृष्ण मन्दिर, टुँछें, नासद्यो (थटाल टोल), नासद्यो (कोटाल टोल) द्योछें (दथुटोलमा) यहाँका प्राचीन पहिचान हुन्। मनमानेश्वरी, सत्यनारायण मन्दिर, भारवीको धारा, अंशुवर्माको वडापत्र डबली, न्याल्मलोंह र (चौखटको चोक्ट्या नारायणको चोक कैलाशकुट भवनको चमत्कारी तलाउ, भाटभटेनी (मौता द्यः), चारनारायण मन्दिर यसै क्षेत्रमा पर्छन्।

## नेपाली सेनाको 'एकीकरण टर्च ऱ्याली' गोरखाबाट काठमाडौं आइपुग्यो



■ सौर्य समाचार

काठमाडौं। ३०४औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसरमा गोरखाबाट हिँडेको नेपाली सेनाको 'एकीकरण टर्च ऱ्याली' काठमाडौं आइपुगेको छ। नेपाल एकीकरणका क्रममा पृथ्वीनारायण शाह हिँडेको बाटो पछ्याउँदै यही २१ पुसमा पदयात्रा सुरु गरेको उक्त टोली शनिबार अपरान्ह ४:५० बजे हनुमानढोका आइपुगेको हो। गोरखाबाट हिँडेको उक्त टोली धादिङको भऱ्याङभुरुङ, नुवाकोट र ककनी हुँदै काठमाडौं आइपुगेको थियो।

ऱ्यालीमा सहभागी सैनिकहरु पृथ्वीनारायणको समयमा उनको फौजले प्रयोग गरेको जस्तै पोषाक र हतियारमा सजिएका छन्। सिंहदरबार परिसरमा रहेको पृथ्वीनारायणको शालिकमा आज (आइतबार) विशेष कार्यक्रम गरेर ऱ्यालीको समापन गरिने कार्यतालिका रहेको नेपाली सेनाले जनाएको छ।

## तनहुँमा एकैदिन ३ वटा शव फेला, हत्याको आशंका

■ सौर्य समाचार




काठमाडौं। तनहुँको शुक्लागण्डकी नगरपालिकास्थित विभिन्न ठाउँमा शनिबार तीन वटा शव फेला परेका छन्। शुक्लागण्डकी नगरपालिका-५ कसेरीस्थित फोहरमैला प्रशोधन केन्द्र नजिक २ र सोही वडाको जनकल्याण मावि नजिकको जङ्गलमा एउटा शव फेला परेको इलाका प्रहरी कार्यालय बेलचौताराले जनाएको छ।

इलाका प्रहरी कार्यालय बेलचौताराका प्रहरी निरीक्षक धननारायण श्रेष्ठका अनुसार फोहरमैला प्रशोधन केन्द्र नजिक दुई पुरुष र जंगलमा १ महिलाको शव फेला परेको हो। मृतकमध्ये शुक्लागण्डकी नगरपालिका-११ राइपुरका नारायण विकको पहिचान खुलेको श्रेष्ठले बताए। फोहोर मैला केन्द्रमै भेटिएका अर्का १ जनाको भने पहिचान खुलेको छैन। महिलाको शव जनकल्याण माविको तलपट्टी जङ्गलमा फेला परेको हो। उनको पनि पहिचान खुल्न सकेको छैन।

सबैको शरीरमा चोट भएकाले हत्याको आशंका गरिएको छ। प्रहरीले घटनाको अनुसन्धान भइरहेको जनाएको छ। 'मृतकका शरीरमा चोट छन्। यसर्थ, घटना अलि गम्भीर प्रकृतिको देखिएको छ। हामी अहिले अनुसन्धानकै क्रममा छौं,' प्रहरी निरीक्षक श्रेष्ठले भने। तालिमप्राप्त कुकुर र प्राविधिक टोलीले सूक्ष्म ढंगले काम गरिरहेको उनले जानकारी दिए।

## रहेनन् पूर्वमन्त्री तथा कांग्रेस नेता दाहाल

काठमाडौं। पूर्वमन्त्रीसमेत रहेका नेपाली कांग्रेसको नेता होमनाथ दाहालको मृत्यु भएको छ। केही समयदेखि घुँडासम्बन्धी समस्याबाट अस्वस्थ भई मैतीदेवीस्थित आफ्नै घरमै उपचारमा रहेका ८४ वर्षीय पूर्वकृषि, सहकारी तथा गरिबी निवारणमन्त्री दाहाललाई हृदयाघात भएको थियो। उनको उपचारका क्रममा शुक्रबार राति वीर अस्पतालमा मृत्यु भएको पारिवारिक स्रोतले जनाएको छ।

ओखलढुंगाको तत्कालीन बरुणेश्वर गाउँपालिकामा जन्मिएका दाहाल नेपालको प्रजातान्त्रिक आन्दोलनका योद्धा तथा नेपाल पत्रकार महासंघका पूर्वसभापतिसमेत हुन्। कांग्रेसको मुखपत्र राष्ट्रपुकार साप्ताहिकको सम्पादक थिए। उनले कांग्रेस ओखलढंगा जिल्ला सदस्य तथा तत्कालीन नेपाली कांग्रेस (प्रजातान्त्रिक) का केन्द्रीय सदस्यसमेत भएर जिम्मेवारी सम्हालेका थिए। उनको पार्थिव शरीर शनिबार नै पशुपति आर्यघाटमा दाहसंस्कार गरिएको छ। उनका पत्नी र २ छोरा छन्। यसैबीच, कांग्रेसले पार्टीका नेता एवं पूर्वमन्त्री दाहालको मृत्युमा शोक प्रस्ताव पारित गरेको छ। पार्टीका कार्यवाहक सभापति पूर्णबहादुर खड्काको सभापतित्वमा शनिबार केन्द्रीय कार्यालय सानेपामा बसेको पार्टीको आकस्मिक बैठकले शोक प्रस्ताव पारित गरेको हो।

## कर्णालीमा ९ हजार ७०० भन्दा बढी म्यादी प्रहरीको माग

सुर्खेत। आसन्न फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि कर्णाली प्रदेशमा नौ हजार ७४३ निर्वाचन (म्यादी) प्रहरीको माग गरिएको छ। प्रदेशका १० जिल्लामा रहेका १२ निर्वाचन क्षेत्रका लागि ९ हजार ७४३ प्रहरीको माग भएसँगै दरखास्त आह्वान गरिएको प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक माधवप्रसाद श्रेष्ठले जानकारी दिए।

उनका अनुसार निर्वाचन प्रहरीको माग १० जिल्लामध्ये सबैभन्दा बढी सुर्खेत र सबैभन्दा कम हुम्लामा गरिएको छ। सुर्खेतमा १ हजार ६२८, दैलेखमा १ हजार ३७८, सल्यानमा १ हजार ३१०, कालीकोटमा १ हजार १०२, जाजरकोटमा ८८६, जुम्लामा ८७८, मुगुमा ५८०, डोल्पामा ५७९ र हुम्लामा ५४९ निर्वाचन प्रहरी माग गरिएको प्रहरी नायब महानिरीक्षक श्रेष्ठले बताए।

निर्वाचन प्रहरीको दरखास्त दिन पुस २५ गते शुक्रबारदेखि माघ १ गतेसम्म सार्वजनिक बिदाको दिन भए पनि सम्बन्धित जिल्लाका जिल्ला प्रहरी कार्यालयमा दरखास्त बुझाउने प्रबन्ध मिलाइएको उनले जानकारी दिए। सरकारले स्वीकृत गरेको मापदण्डअनुसार देशभर निर्वाचन सुरक्षाका लागि कुल १ लाख ४९ हजार ९० जना निर्वाचन प्रहरी भर्ना गर्ने जनाइएको छ। (सौस)


Government of Nepal
Ministry of Home Affairs
Department of Prision Management
**District Jail Office, Baitadi**

**Invitation for Bids (IFB)**

Date of Publication: 2082/09/27 (11th January 2026)

District Jail Office, Baitadi invites electronic bids from eligible bidders for the following works under NCB Bidding Procedure. For more details, bidders may visit and download from e-GP system www.bolpatra.gov.np/egp.

| S. N. | Contract ID | Description of Works | Bid Security Amount | Estimate amount without vat and PS | Bid Fee |
|---|---|---|---|---|---|
| 1 | JAIL/BAITADI/ WORKS/NCB-1 /2082/083 | Construction of Admin Block of Prison Office, Baitadi. | 1,20,000 | 42,51,449.48 | 3,000 |

**Jagadulla Rural Municipality**
**Office Of Rural Municipal Executive**
**Jagadulla, Dolpa**
**Karnali, Province**

**Letter of Intent**

**Date of Publication: 2082/09/27 (11th Jan 2026)**

This is notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidders that ,we are going to award following contracts as per, IFB No: 4-2082/83 published on Prabhab National Daily published on 2082/08/18, to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S.N | Contract ID No. | Name Of Project | Substantially Responsive Lowest Evaluated Bidders | Bid Amount Without VAT & PS (NRs.) |
|---|---|---|---|---|
| 1 | JRM/NC-B/W-3/2081-82 | Ragamachila Jane sadak Marmat , 2082/83, Jagadulla 4 Dolpa | Om Jaya Durge Nirman Sewa , Surkhet | 39,28,729.60 |

**Acting Chief Officer**

**वालिङ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**वालिङ, स्याङजा**
**गण्डकी प्रदेश, नेपाल**

**पून: बोलपत्र आव्हानको सूचना**

दोस्रो पटक प्रकाशित मिति : २०८२/९/२७

यस कार्यालयबाट मिति २०८२/०८/१६ गते प्रकाशित सूचना ठेक्का नं. ७ मा कुनै पनि बोलपत्र नपरेको तथा दर्ता नभएकोले मूल्याङ्कन समितिको निर्णयको सिफारिस तथा मिति २०८२।९।२४ गतेको निर्णय बमोजिम पूर्व सूचनाका सबै शर्तहरु पालना गर्ने गरी तपसिलको योजना कार्यान्वयनका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ को उप दफा ४क बमोजिम यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन भित्र नेपाल बैक लिमिटेड शाखा वालिङमा रहेको Office Account No. sutrarevenue.fcgo.gov.np, अन्य प्रशासनीक सेवा शुल्क राजश्व शिर्षक नं. १४२२९ मा जम्मा गरेको बैक भौचर संलग्न राखी सार्वजनिक खरिद अनुगमनको कार्यालय www.ppmo.gov.np (विद्युतीय माध्यम) द्धारा मात्र बोलपत्र खरिद तथा दर्ता गर्न सकिने गरी पून बोलपत्र आव्हान गरिएको छ।

१. बोलपत्र जमानत रकम नेपाल बैक लिमिटेड शाखा वालिङमा रहेको यस कार्यालयको धरौटी खाता ०८३०३००००३००००००००१ मा नगद जम्मा गरेको सक्कल बैक भौचर वा वाणिज्य बै वा वित्तिय स्स्थाबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा ९० दिन सम्म म्याद भएको जमानत (Bid Security) समावेश भएको हुनु पर्नेछ। अन्यथा बोलपत्र अयोग्य मानिने छ।

२. बोलपत्र फाराम खरिद/दर्ता गर्ने समय-

| बोलपत्र फाराम खरिद गर्ने अन्तीम मिति | बोलपत्र दर्ता गर्ने अन्तीम मिति | बोलपत्र खोल्ने मिति |
|---|---|---|
| २०८२।१०।१२ गते, समय १२:०० बजे। | २०८२।१०।१२गते, समय १२:०० बजे। | २०८२।१०।१२ गते, समय २:०० वजे |

३ निर्माण कार्यको विवरण-

| सि. न. | ठेक्का नं. | योजनाको नाम | लागत अनुमान (भ्याट समेत) रू. | जमानत रकम रु | बोलपत्र फारम दस्तुर रू. |
|---|---|---|---|---|---|
| १. | ७/२०८२/२०८३ | रामबाच्छा राधा कृष्ण मन्दिर परिसर क्षेत्रको सामुदायीक भवन सम्पन्न कार्य वालिङ १। | ५१,६०,६८१।०० | १,४१,९१९।०० | ३।०००।०० |

प्रमुख प्रशासकीय अधिकृत

**नेपाल सरकार**
**कृषि तथा पशुपन्क्षी विकास मन्त्रालय**
**पशु सेवा विभाग**
**राष्ट्रिय पशुपन्छी श्रोत ब्यबस्थापन तथा प्रबर्दन कार्यालय**
**भेडा आनुबांशिक श्रोत केन्द्र**
**पानसयखोला, नुवाकोट**

**बोलपत्र स्वीकृतका लागि आशयको सूचना**

**प्रकाशित मिति :२०८२/०९/२७**

यस कार्यालयबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतीय e-portal www.bolpatra.gov.np/egp_मार्फत मिति २०८२/०८/२६ गते प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र ४७ को प्रयोजनका लागि ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र. सं | ठेक्का नं. | कामको विवरण | सारभुतरुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट र PS सहित) |
|---|---|---|---|---|
| 1. | SGRC/SQ/WORKS 03/2082/083 | भेडाको गोठ मर्मत तथा पालेघर निर्माण | Milan Multi Construction Pvt.Ltd Koteshwor 32- | Rs.7,32,837.33 |

**कार्यालय प्रमुख**

# बाँकेमा चिसोले मर्न थाले मौरी



■ सौर्य समाचार

नेपालगन्ज । मह उत्पादनका लागि पालिएका मौरी चिसोका कारण मर्न थालेका छन् । तराईमा चलेको शीतलहरका कारण बाँकेका किसानले पालेका मौरी मर्न थालेका हुन् । नेपाल मौरीपालक महासंघ, बाँकेका अध्यक्ष एवं मौरी पालक किसान पुरमल बस्नेतको घारमा रहेका मौरीमध्ये करिब दुई प्रतिशत मरेको जानकारी दिए । उनले भने, 'अहिले मौरीका लागि सङ्कटकालजस्तै भएको छ, घारबाट बाहिर आउँदा चराको आक्रमण छ भने तराईको शीतलहर र हुस्सुले मौरी मरेका छन् ।' मौरीपालक बस्नेतले कतिपय अवस्थामा शीतलहरका कारण मौरीको घारसमेत रित्तो हुने अवस्था रहने उल्लेख गर्दै बाँकेमा भने त्यस्तो समस्या नभएको स्पष्ट गरे ।

एउटा घारमा ३० देखि ३५ हजार हाराहारीमा मौरी रहेका हुन्छन् । मौरीलाई खानपानको व्यवस्था गर्न सकिएन भने मौरीको घारमा किसानले ठुलो नोक्सानी बेहोर्नुपर्ने उल्लेख गर्दै उनले बाँकेमा उन्नत जातको मेलिफेरा मौरीबाट मह उत्पादन भइरहेको बताए । यो युरोपबाट विकास गरिएको उन्नत जातको मौरी हो । अध्यक्ष बस्नेतका अनुसार चरिचरनका लागि विभिन्न स्थानमा स्थानान्तरण हुँदा मौरीलाई चिसोको समस्या हुने गर्छ । यही कारण बाँकेमा यस वर्ष महको उत्पादन घट्ने अनुमान छ । रैथाने जातका मौरी, भमरा, पुत्का पनि चिसोका कारण मर्न थालेको उल्लेख गर्दै उनले यिनीहरूको वासस्थान सुरक्षित गर्ने कार्यक्रम ल्याउनुपर्ने बताए ।


उनले आफूले पालेका ५० घार मौरीलाई चरिचरनका लागि बर्दियाको गुलरिया उत्तरपूर्व लक्ष्मुणामा लगेको जानकारी दिँदै त्यहाँ पनि फुलेको तोरी सकिएकाले अन्यत्र सार्ने तयारी भइरहेको बताए । कात्तिकमा बर्दियाको तारातालमा मौरी चरिचरनका लागि लगेको उल्लेख गर्दै मौरीपालक बस्नेतले अब केही दिनमा नै चरिचरनका लागि बर्दियाको बासगढी नगरपालिकामा लैजाने तयारी भइरहेको बताए । कोहलपुर नगरपालिका-५ निवासी कृष्ण आर्चायले मौरी चिसोले मर्न थालेपछि मौरीपालक किसान चिन्तित भएको बताए । 'एउटा घारमा १० वटा फ्रेम हुन्छ त्यसमध्ये २ देखि ३ फ्रेम खाली भएको छ,' उनले भने । चिसोको प्रत्यक्ष असर मौरीपालक किसानलाई परेको उल्लेख गर्दै उनले मौरी बाहिर हिँडडुल गर्न नपाएपछि महको उत्पादनमा पनि गिरावट आउने बताए । रानीमौरीले अण्डा पार्न सक्दैन र मौरी चिसोले बाहिर आउन पनि सक्दैन, खान पाउँदैन अनि मर्छ मौरीपालक किसान आचार्यको भनाइ छ ।

उनले भने, 'अत्यधिक चिसोका कारण आधा जति मौरी मरिसका छन् ।' आर्चायले करिब ७० घार मौरी पालेका छन् । यहाँ १२ जना मौरीपालक किसानले जिल्लामा मौरी पालेर महको उत्पादन गर्दै आएका छन् । गत वर्ष करिब २ लाख ५० हजार क्विन्टल मह उत्पादन भएको जिल्लामा अहिले अझै कम उत्पादन हुने महासङ्घका अध्यक्ष बस्नेतको भनाइ छ । कोहलपुर नगरपालिकाका कृषि विकास शाखा प्रमुख कल्पना नेपालीले गत वर्ष संघीय सरकारको कार्यक्रमअनुसार मौरीपालक किसानलाई अनुदान सहयोग गरे पनि यस वर्ष कुनै कार्यक्रम नभएको जानकारी दिइन् ।

जिल्लाको कोहलपुर, बैजनाथ, राप्तीसोनारी, खजुरालगायतका क्षेत्रमा सीमित किसानले मौरीपालन गरेका छन् । मौरीपालक किसान बस्नेतले गत वर्ष कोहलपुर नगरपालिकाबाट ५ लाख रुपैयाँको अनुदान प्राप्त गरेको र सो रकम ५ जना किसानले दामासाहीले बाँडेर लिएको बताए । जिल्लाबाट अधिकांश मौरीपालक किसान मौरीको चरिचरनका लागि दाङ, बर्दिया, सुर्खेतलगायतका जिल्लामा जाने गर्छन् ।

# छाडरु र तिंकरको निर्वाचन खलंगामै हुने

■ सौर्य समाचार



दार्चुला । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि व्यास गाउँपालिका-१ छाडरु र तिंकर गाउँका मतदाताले सदरमुकाम खलंगामा मतदान गर्नुपर्ने भएको छ । गत मंसिरमा यहाँका दुवै गाउँका स्थानीय बसाइसराइ (कुञ्चा) सरेर खलंगा आाएका कारण निर्वाचन खलंगामे हुने भएको हो । २०७९ को स्थानीय तह निर्वाचन छाङ्गरु र तिङ्करकै मतदान केन्द्रमा भएको थियो । यसपटक स्थानीयको बसाइसराइ सरेको कारण दुवै मतदान केन्द्र खलङ्गा मै कायम गरिएको प्रमुख जिल्ला अधिकारी अनिल पौडेलले जानकारी दिए ।

यहाँको वडामा २ वटा मतदान केन्द्र कायम छ । जिल्ला निर्वाचन कार्यालय दार्चुलाका निर्वाचन अधिकारी प्रदीपसिंह धामीका अनुसार कैलाशपति आधार भूतविद्यालय छाडरुमा ३७५ जना र मोतिमहिला संघ आधारभूत विद्यालय तिंकर केन्द्रमा २४४ जना मतदाता छन् । २०७९ मा भएको स्थानीय तह प्रदेश र प्रतिनिधिसभा निर्वाचनमा छाडरुको मतदान केन्द्रमा ३८३ र तिंकरमा २३४ जना मतदाता थिए । यसैगरी प्रतिनिधिसभा सदस्यको निर्वाचनको लागि दार्चुलामा ११२ मतदानस्थल र १४३ मतदान केन्द्र तोकिएका छन् । जिल्ला सुरक्षा समिति दार्चुलाका अनुसार तोकिएकामध्ये २२ मतदान केन्द्र अति सम्वेदनशील सूचीमा राखिएको छ ।

जिल्लामा रहेका १४३ मतदान केन्द्रमध्ये २२ अति सम्वेदनशील, ४१ सम्वेदनशील र ७८ सामान्य सूचीमा राखेर विभाजन गरिएको जिल्ला सुरक्षा समिति प्रमुख एवं प्रमुख जिल्ला अधिकारी पौडेलले जानकारी दिए । यसपटक भौगोलिक दुर्गमता, विगतका निर्वाचन अनुभव, सुरक्षा निकायको पहुँचलगायतलाई आधार मानेर वर्गीकरण गरिएको उनको भनाइ छ । यस पटक जिल्लामा २०७९ को निर्वाचनको तुलनामा २ हजार १६६ मतदाता थपिएका छन् । जिल्ला निर्वाचन अधिकारी प्रदीपसिंह धामीका अनुसार २०७९ मा भएको प्रतिनिधिसभा निर्वाचनमा ९० हजार ७८२ रहेका मतदाता संख्या रहेकोमा हाल बढेर ९२ हजार ९४८ पुगेको छ ।

धामीका अनुसार हाल कायम रहेका मतदातामध्ये ४७ हजार ७५५ पुरुष र ४५ हजार १९३ महिला मतदाता छन् । ९ वटा स्थानीय तह रहेको दार्चुलामा शैल्यशिखर नगरपालिकामा १५ हजार ५१६ मतदाता छन् भने महाकाली नगरपालिकामा १४ हजार १४३ मतदाता कायम भएका छन् । मालिकार्जुन गाउँपालिकामा ११ हजार ८७८, लेकम गाउँपालिकामा १० हजार ३११ र नौगाड गाउँपालिकामा १० हजार ८८ मतदाता रहेका छन् ।

मार्मा गाउँपालिकामा ९ हजार ६१३, दुहुँ गाउँपालिकामा ८ हजार ४४१, व्यास गाउँपालिकामा ८ हजार १६२ तथा अपी हिमाल गाउँपालिकामा ४ हजार ७९६ मतदाता कायम भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।


**वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना तयारीको लागि प्रस्ताव माग गरिएको सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति :- २०८२।०९।२७**

यस वन उपभोक्ता समूहले संरक्षण र व्यवस्थापन गर्दै आएको जिल्ला नवलपरासी (ब.सु.पू.) मध्यविन्दु न.पा. वडा नं. ४ र ५ स्थित करिब २१५.१८ हेक्टर क्षेत्रफल रहेको यस सामुदायिक वनको विस्तृत सर्वेक्षण गरी गण्डकी प्रदेशको वन संम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन निर्देशिका-२०८२ बमोजिम सामुदायिक वन व्यवस्थापन कार्ययोजना तयारी तथा संशोधन गर्नुपर्ने भएकोले सो कार्य गर्नसक्ने इच्छुक व्यक्ति वा परामर्शदाता संस्थाबाट संक्षिप्त आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्न यो ३० दिने सूचना प्रकाशन गरिएको छ । यस कार्यको लागि तयार पारिएको कार्यसूची तथा अन्य विस्तृत जानकारी समूहको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
प्रस्ताव पेश गर्नुपर्ने अन्तिम मिति : २०८२।१०।२६
स्थान : मध्यविन्दु न.पा. ४ र ५, समूहको कार्यालय
समय : दिनको ३:०० बजे सम्म ।

**श्री हरियाली सामुदायिक वन उपभोक्ता समूह**
मध्यविन्दु न.पा.- ४ र ५, नवलपरासी (ब.सु.पू.)


# 'कठिन परिस्थितिबीच पनि प्रहरी नागरिकको सुरक्षामा प्रतिबद्ध छ'

■ सौर्य समाचार

काठमाडौं । नेपाल प्रहरीका प्रहरी महानिरीक्षक (आइजिपी) दानबहादुर कार्कीले कठिन परिस्थिति र ठूलो क्षतिका बाबजुद पनि नेपाल प्रहरी नागरिकको सुरक्षाका लागि निरन्तर खटिएको बताएका छन् । काठमाडौं उपत्यका ट्राफिक कार्यालयद्वारा शनिबार काठमाडौंमा आयोजित सवारी दुर्घटना न्यूनीकरण विशेष अभियान तथा ट्राफिक सप्ताह, २०८२ को शुभारम्भ गर्दै आइजिपी कार्कीले गत भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शनका क्रममा नेपाल प्रहरीका विभिन्न कार्यालय तथा भवनमा आगजनी गरिएको, ट्राफिक प्रहरीका संरचना र उपकरणहरूमा ठूलो क्षति पुगेको स्मरण गराए ।

उनले भने, 'आन्दोलनका क्रममा प्रहरीका विभिन्न कार्यालयमा ठुलो क्षति भयो । त्यस कठिन घडीमा पनि प्रहरीका खुट्टामा जुत्ता नहुँदा, शरीरमा लुगा नहुँदासमेत नागरिकको सुरक्षाका लागि सडकमा उभिइरह्यौ । हामी अहिले खरानीबाट उठेर पनि नागरिकको सुरक्षा सुनिश्चित गर्न सडकमा छौं ।' आइजिपी कार्कीले ट्राफिक सप्ताह, २०८२ लाई केवल औपचारिक कार्यक्रमका रूपमा नभइ, नागरिक चेतना अभिवृद्धिको अभियानका रूपमा



लिन आग्रह गरे । उनले नेपालका सवारी चालकदेखि पैदल यात्रुसम्म सबैले सभ्य, शिष्ट र जिम्मेवार नागरिकको व्यवहार देखाउँदै ट्राफिक नियमको पूर्ण पालना गर्ने विश्वास व्यक्त गरे ।

'ट्राफिक प्रहरीले हात हल्लाएर सडकमा ड्युटी गर्नुपर्ने अवस्था अन्त्य होस्,' उनले भने, 'सभ्य नागरिक बनौं, ट्राफिक नियम पालना गरौं । यही नै ट्राफिक सप्ताह, २०८२ को मूल उद्देश्य हो ।' आइजिपी कार्कीले कानुनको प्रभावकारी कार्यान्वयनबाट कानुनी शासन स्थापना हुने, कानुनी शासनबाट सुशासन आउने र सुशासनले समृद्ध राष्ट्र निर्माणमा योगदान पुऱ्याउने उल्लेख गरे । साथै, ट्राफिक सप्ताहको सफलताका लागि आम नागरिकको सक्रिय साथ, सहयोग र सहभागिता अपरिहार्य रहेको बताए ।

कार्यक्रममा काठमाडौं उपत्यका ट्राफिक कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) नवराज अधिकारीले अभियानमाथि प्रकाश पार्दै जेनजी युवाहरूको आन्दोलनका क्रममा ट्राफिक प्रहरी कार्यालयमा भएको क्षतिको स्मरण गर्दै उक्त आगजनीका कारण ट्राफिक प्रहरीका संरचना ध्वस्त भएको, उपकरण नष्ट भएको र कार्यालयमा रहेका नागरिकका महत्वपूर्ण कागजात जलेको बताए ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी, विभिन्न नगरपालिकाका प्रमुख उपप्रमुखहरु, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीका उच्च अधिकारी, कलाकार, सञ्चारकर्मी लगायतका व्यक्तिहरुको सहभागीता रहेको थियो । उक्त अभियान शनिबारदेखि सुरु भई आउँदो माघ ३ गतेसम्म सञ्चालन हुनेछ । अभियानअन्तर्गत ट्राफिक सचेतना, नियम पालना, सवारी अनुशासन, पैदल यात्री सुरक्षा तथा दुर्घटना न्यूनीकरणसम्बन्धी विविध कार्यक्रम सञ्चालन गरिने जनाइएको छ ।


**Gangadev Rural Municipality**
**Office of Rural Municipal Executive**
**Sandada, Rolpa**
**Lumbini Province, Nepal**

**Invitation for Electronic Bids**

*Date of Publication: January 11, 2026 (2082-09-27)*

Gangadev Rural Municipality, Rolpa invites electronic bids from eligible bidders for the procurement as stated in table below under NCB & SQ bidding procedures specified in Public Procurement Act and Regulations. Eligible bidders may obtain further information from Gangadev Rural Municipality, Rolpa, Contact: 9857877042, Email: gangadevmun@gmail.com or may visit PPMO website: https://bolpatra.gov.np/egp under the name of public entity "**Gangadev Rural Municipality, sandanda Rolpa**".

| S.N. | Contract Identification No. | Description of Works | Estimated Amount (Excluding VAT& Contingency) | Bid Security Amount | Bid Submission Deadline |
|---|---|---|---|---|---|
| 1 | GRM/SQ/WORKS/082/83-01 | Upallo Chaur Syalakhola Khanepani Nirman Gangadev 6 Rolpa | 8,54,907.06 | 25000 | Jan 26, 2026 (2082-10-12) Before 12:00 PM |
| 2 | GRM/SQ/WORKS/082/83-02 | Tapla Hiley Motorbato Marmat Gangadev-6, Rolpa/ Prithivi Narayan Ma. Vi. Field Nirman Gangadev-7 Rolpa | 15,35,375.13 | 45000 | |
| 3 | GRM/SQ/WORKS/082/83-03 | Betalabse Dekhi Kukurgare Khanepani Marmat, Gangadev 3 Rolpa | 12,39,330.92 | 37500 | |
| 4 | GRM/SQ/WORKS/082/83-04 | Sabdaha Nirman 3 ra 2 Marotghat Gangadev Jinabang Rolpa | 10,10,548.44 | 30000 | |
| 5 | GRM/SQ/WORKS/082/83-05 | Basarechaur Jitemare Thapachowk Mo. Ba. Marmat, Gangadev 4 Rolpa/Saraswoti Madhyamik Vidhyalaya Gangadev 4 Rolpa | 12,75,290.68 | 37500 | |
| 6 | GRM/SQ/WORKS/082/83-06 | Dharakhola Dalsinge Lift Khanepani Yojana Woda 4 | 17,26,650.81 | 50000 | |
| 7 | GRM/NCB/ORKS/082/83-08 | Shree Ganga Madhyamik Vidhyala Chautaradanda Gangadev 2 Rolpa | 20,48,070.22 | 62500 | Feb 11, 2026 (2082-10-28) Before 12:00 PM |
| 8 | GRM/NCB/ORKS/082/83-09 | Rolpa Jilla Gangadev Ga. Pa. woda 5 ma Balbodh Aa. Vi. Jhakrisalla Parisarma Purbadhar Starunnati Karya | 20,98,035.49 | 62500 | |
| 9 | GRM/NCB/ORKS/082/83-10 | Shree Sidhhartha Madhyamik Vidhyala Goptewodar Gangadev 3 Rolpa | 21,28,005.52 | 62500 | |
| 10 | GRM/NCB/ORKS/082/83-11 | Chotikhola Magar gaun Sekai Khalinga Khanepani Nirman | 50,55,099.17 | 145000 | |

**Chief Administrative Officer**



कोशी प्रदेश सरकार
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय, उदयपुर**
त्रियुगा, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशन मिति २०८२/०९/२७ गते

यस कार्यालयबाट तपसीलका सडक पुल,सडक निर्माण कार्य सम्बन्धमा मिति २०८२/०८/०६ गते, २०८२/०८/०९ गते बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार निर्माण कार्य गर्नको निम्ति पेश भएका बोलपत्रदाताहरुको मूल्याङकन गर्न गठित मूल्याङकन समितिको सिफारिस अनुसार देहाय बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङकित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सो बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधित) को दफा २७ (२) को प्रयोजनका लागि प्रकाशित मितिदेखि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सवै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

| S.N | Contract ID | Name of Project | Name and Address of Bidder | Bid Price (With VAT & PS) |
|---|---|---|---|---|
| 1 | IDO-UDA-NCB-BRIDGE-28-2082/83 | Construction of " Kale(Kali) Khola Motorable Bridge" along Basaha Sanibare - Birendra Chowk-Ranitar Road Chaundandigadhi Municipality - 3 & 4,Udayapur | Regmi Nirman sewa,Triyuga-11,Udayapur,Nepal | NRs.6,65,19,224.50 |
| 2 | IDO-UDA-NCB-BRIDGE-29-2082/83 | Construction of " Mandibas Khola Bridge" along Beltar-Shikharmadi Road Chaudandigadhi,Udayapur | YSS-Regmi J/V,Triyuga-11,Udayapur,Nepal | NRs.9,89,75,604.51 |
| 3 | IDO-UDA-NCB-BRIDGE-30-2082/83 | Construction of "Tawa Khola Motorable Bridge" along Tintale-Chuhad Road Katari Municipality - 5,Udayapur | Axis Asian-BMB-Sahil J/V,Bardibas-1,Mahottari,Nepal | NRs.9,85,51,224.84 |
| 4 | IDO-UDA-NCB-ROAD-32-2082/83 | Upgrading of Patne-Bahunitar-Jaruwa-Runche Bhanjyang Road Udayapurgadhi-1, 2 & 3, Udayapur | D C Construction,Katari-13,Udayapur,Nepal | NRs.1,44,02,402.96 |
| 5 | IDO-UDA-NCB-ROAD-33-2082/83 | Construction of Bhorle-Bhimsen Temple-Shiv Temple Road,Udayapur | Puwar Nirman Sewa Pvt. Ltd. Katari-5,Udayapur | NRs.13,19,182.37 |
| 6 | IDO-UDA-NCB-ROAD-34-2082/83 | Upgrading of Garans-Khasiwas Road,Katari-1,Udayapur | Basnet Nirman Sewa. Dudhauli,Sindhuli | NRs.12,68,184.67 |
| 7 | IDO-UDA-NCB-ROAD-38-2082/83 | Upgrading of Gogne Bhanjayang-Malbase Pokhari-Bhadaure Road,Rautamai-4 Udayapur | Yamkha-Prashika J/V,Tokha,Kathmandu,Nepal | NRs.1,34,09,260.18 |

Office Chief

## सम्पादकीय

# गरिबी निवारणमा समन्यायिकताको खाँचो

गरिबीको रेखामुनि रहेको जनसंख्या घट्दै जानु आफैँमा समृद्धिको संकेत हो। गरिबी सर्वेक्षण थालिएदेखि २०४८ सालसम्म हरेक वर्ष मुलुकमा गरिबीको रेखामुनिको जनसंख्या बढ्दै गएकामा त्यसयताका हरेक सर्वेक्षणमा घट्दै गएको देखिएको छ। २०३४ सालमा गरिएको सर्वेक्षणमा ३६ प्रतिशत जनता गरिबीको रेखामुनि रहेकामा २०४८ सालमा बढेर ४९ प्रतिशत पुगेको थियो। तर, त्यसयता भने गरिबी निवारणमा उल्लेख्य प्रगति हुँदै गरिब जनसंख्या करिब २० प्रतिशतमा झरेको छ। प्रतिशतका हिसाबले यो प्रगति सन्तोषजनक हो। तर, संख्यात्मक हिसाबले भने खासै उपलब्धि मान्न सकिन्न। किनकि २०४८ सालमा करिब ९० लाख नेपाली गरिबीको रेखामुनि रहेकामा अहिले करिब ६२ लाखमा झरेको देखिन्छ। यो साढे ३ दशकको अवधिमा २८ लाख नागरिकले गरिबीबाट मुक्ति पाउनुलाई ठुलो उपलब्धि मान्न सकिन्न। यद्यपि पञ्चायतकालको तुलनामा यो उपलब्धिलाई सामान्य रूपमा लिनु पनि पूर्वाग्रह हुनेछ।

गरिबीको रेखामुनि रहेको जनसंख्या घट्नु उत्पादन, उपभोग तथा राज्यले प्राप्त गर्ने कर बढ्न गई मुलुक समृद्धिको दिशातर्फ जाने संकेत पनि हो। विगत ३ दशकको अवधिमा शिक्षा, स्वाथ्य, सञ्चार, यातायात, खानेपानीलगायत क्षेत्रमा भएको प्रगतिले मुलुक समृद्धितर्फ लम्किँदै छ भन्ने संकेत गरेको छ। अन्तर्राष्ट्रिय जगत्ले समेत नेपाललाई अतिकम विकसित देशको सूचीबाट विकासशील देशको सूचीमा राख्नु सकारात्मक संकेत हो। तर, गरिबीका कतिपय आयाम अझै पनि डरलाग्दै छन्। समग्रमा गरिबी निवारणको गति सन्तोषजनक नै मानिए पनि क्षेत्रगत तथा जाति तथा समुदायगत रूपमा हेर्दा अझै पनि ठुलो खाडल देखिन्छ।

उदाहरणका लागि प्रदेशगत रूपमा हेर्दा गण्डकीमा गरिबीको रेखामुनि रहेको जनसंख्या घटेर १२ प्रतिशतभन्दा कममा झर्नु सन्तोषजनक पक्ष हो। तर, सुदूरपश्चिम प्रदेशमा अहिले पनि ३४ प्रतिशतभन्दा बढी जनसंख्या गरिबीको रेखामुनि रहनु कहालीलाग्दो पक्ष हो। कास्की जिल्लामा गरिबीको रेखामुनिको जनसंख्या ६ प्रतिशतमा झर्नु जति खुसीको विषय हो, अछामको करिब आधा जनसंख्या अझै गरिबीको रेखामुनि रहनु त्यति नै दुःखद् पक्ष हो। गाउँपालिकाको हकमा मुस्ताङको घरपझोङमा गरिबीको रेखामुनिको जनसंख्या घटेर १.१८ प्रतिशतमा झरेको छ भने जाजरकोटको जुनीचाँदे गाउँपालिकामा अझै पनि ७७.८९ प्रतिशत नागरिक गरिबीको रेखामुनि छन्। त्यसो त नगरपालिकाहरूमा पनि यस्तै डरलाग्दो खाडल देखिन्छ। उदाहरणका लागि पोखरा महानगरपालिकामा गरिबीको रेखामुनिको जनसंख्या १.३ प्रतिशत छ भने गुलरिया नगरपालिकामा ४९.६ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि नै छ।

राष्ट्रिय तथ्यांक कार्यालयले गरिबीको रेखाको आधार (सिलिङ) वार्षिक ७२ हजार ९०८ रुपैयाँ खर्च गर्ने क्षमतालाई बनाएको छ। तर, जीवनयापनका लागि कतिपय भौगोलिक क्षेत्रमा प्रतिव्यक्ति वार्षिक करिब ७३ हजार रुपैयाँले आधारभूत आवश्यकता पूरा हुन सक्ने अवस्था छ भने कतिपय भौगोलिक क्षेत्रमा अपुग हुने अवस्था छ। उदाहरणका लागि गुलरियामा वार्षिक ७३ हजारले १ जनाको जीवन जति सहज हुन्छ, पोखराको हकमा त्यति सहज नहुन सक्छ। गरिबी सर्वेक्षण गर्दा यस्ता विषयलाई नजरअन्दाज गर्न हुँदैन। समग्रमा हेर्दा गरिबी निवारणको प्रयासका लागि अहिलेसम्म अवलम्बन गरिएका विधिहरू पुनरवलोकन गर्नु आवश्यक देखिन्छ। मुलुकको प्रतिव्यक्ति औसत आम्दानी २ लाख रुपैयाँ नाघ्दै गर्दा ७३ हजारभन्दा कम आम्दानी हुने जनसंख्या २० प्रतिशतभन्दा माथि हुनु भनेको स्रोत, साधन तथा अवसरको न्यायोचित वितरण नहुनु हो। यसले मुलुकमा द्वन्द्व निम्त्याउँछ। हाम्रो मुलक प्रायजसो द्वन्द्वले आक्रान्त हुनुको मुख्य कारण पनि यही हो। त्यसैले राज्यको पहिलो कर्तव्य भनेकै आफ्ना नागरिकलाई गरिबीबाट उद्धार गर्नु हो।

# औचित्यको कसीमा राजतन्त्र पुनर्स्थापनाको मुद्दा



बोर्णबहादुर कार्की

"राजतन्त्र समाप्त भएसँगै नेपाल विदेशी शक्तिको क्रिडास्थल बनेको छ। बढ्दो बाह्य घुसपैठ र चलखेलले मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनता नै खतरामा पर्दै आएको छ। केही समययता दक्षिण एसियामा विश्व शक्तिराष्ट्र र क्षेत्रीय शक्तिराष्ट्रबीचको बढेको द्वन्द्वमा छिमेकी मुलुकहरूलाई आस्वस्त पार्दै सन्तुलित भूमिका निभाउने, सम्पूर्ण नेपालीलाई एक सूत्रमा बाँध्न सक्ने संस्थाको आवश्यकता र भूमिका देशमा खड्किएको छ। त्यो भनेको राजतन्त्र नै हो।"

उठ्दै र सेलाउँदै गएको राजतन्त्र र हिन्दुराष्ट्र पुनर्स्थापनाको मुद्दा यतिबेला फेरि चर्चाको शिखरमा पुगेको छ। भलै कसैले राजतन्त्र पुनर्स्थापना भनेका छन्, कसैले हिन्दुराष्ट्र पुनर्स्थापना भनेका छन्, कसैले हिन्दु अधिराज्य पुनर्स्थापना भनेका छन्। हिन्दु अधिराज्य भन्नासाथ राजतन्त्र पनि त्यसैभित्र समेटिन्छ। किनकी राजतन्त्र भएको देशलाई नै अधिराज्य भनिन्छ।

हिन्दु अधिराज्य पुनर्स्थापनाको अभियान सुरू गरेको दुर्गा प्रसाईं समूह र प्रधानमन्त्री सुशीला कार्कीबीच भएको वार्तामा यस विषयलाई निष्कर्षमा पुऱ्याउने सहमति हुनु संयोग मात्रै होइन। किनकि वर्तमान सरकार जनआन्दोलनको म्यान्डेटबाट बनेको हो। जनआन्दोलनको म्यान्डेटबाट बनेको सरकार र दुर्गा प्रसाईंबीच हिन्दु अधिराज्य पुनर्स्थापनाको मुद्दा जनमत संग्रहद्वारा टुंग्याउन सकिने उल्लेख छ। यसको अर्थ हो, यो मुद्दा निष्कर्षको निकट पुगेको सहज रूपमा बुझ्न सकिन्छ।

यो एजेन्डाको कसरी समाधान होला ? जनमत संग्रह वा सहमतिका आधारमा ? भन्ने छलफल राष्ट्रिय राजनीतिमा भइरहेको छ। जे होस्, अब परिस्थिति यसरी विकसित हुँदै छ कि, यो विषयलाई अब थाति राख्नु मुलुकका लागि खतरा छ, छिट्टै नटुंग्याए देशमा अनिष्ट हुन सक्छ। हिन्दु अधिराज्य पुनर्स्थापना होला कि नहोला भन्ने प्रश्नको उत्तर खोज्न राजतन्त्रको विषयमा केही चर्चा गर्नुपर्ने हुन सक्छ। नेपालमा राजतन्त्र स्थापना हुन सक्ने केही ऐतिहासिक तथा विशिष्ठ कारणहरू छन्। नेपाल एकीकरणको नेतृत्व शाहवंशीय राजतन्त्रले गरेको हो। एकीकरण हुनुभन्दा अघि वर्तमान नेपालको भूखण्ड ५० भन्दा बढी स-साना राज्यमा विभाजित थियो। नेपाल नाम गरेको करिब ३ हजार वर्ष पुरानो राज्यको अस्तित्व समाप्त भइसकेको थियो। यतिसम्म कि त्यतिबेला काठमाडौँ उपत्यकालाई मात्रै नेपाल भनिन्थ्यो। उपत्याकाभित्र पनि कान्तिपुर, पाटन र भादगाउँ गरी ३ वटा राज्य बनिसकेका थिए। ठिक त्यही बेला अंग्रेजहरूले वर्तमान भारतको सरहदभित्र रहेका करिब ५५० वटा राज्यलाई निलेर औपनिवेशिक शासन सुरू गरिसकेका थिए। लखनउ, अवध, दिल्ली, पञ्जाव, हैदरावाद, बंगालजस्ता निकै शक्तिशाली राज्यलाई समेत निलिसकेका अंग्रेजका लागि ५०औँ टुक्रामा विभाजित भइसकेको नेपालभित्रका राज्यहरूलाई १-१ गरी निल्न कुनै आइतबार पर्खनुपर्ने अवस्था थिएन। स्वतः अंग्रेजी साम्राज्यमा विलय हुँदै जाने स्थिति बनिसकेको थियो। किनकि तिब्बतलाई समेत उपनिवेश बनाउने लक्ष्य लिएर अघि बढेको अंग्रेजले यो भूखण्ड निल्ने लगभग निश्चित थियो।

यही परिस्थितिलाई मध्यनजर राख्दै गोरखाका शाहवंशीय राजा पृथ्वीनारायण शाहले टुक्राटुक्रामा विभाजित नेपाललाई एक सूत्रमा बाँध्ने अभियान हतारहतारमै सुरु गरे। २० वर्षको उमेरमा राजगद्दीमा बसेका पृथ्वीनारायण शाहले कत्ति पनि ढिलाइ नगरी नेपाल एकीकरणको थालनी गर्नु सामान्य दूरदर्शिता थिएन। यही दूरदर्शिताको परिणाम हो वर्तमान नेपाल। एकीकरण गरी सार्वभौमसत्ता सम्पन्न स्वतन्त्र देश नेपालको नेपालको पूनर्जन्म गराएका कारण नै शाहवंशीय राजतन्त्रलाई नेपाल निर्माता भनिएको हो। वर्तमान नेपाल शाहवंशीय राजतन्त्रले जन्माएको कुरा निर्विवाद सत्य हो। यो ध्रुवसत्यलाई इन्कार गर्नु भनेको हत्केलाले सूर्यलाई छेक्नुजस्तै हो।

नेपाल राष्ट्रको अस्तित्वको अभिन्न अंग शाहवंशीय राजतन्त्र हो। नेपाल राष्ट्रको निर्माण, संरक्षण र संवर्द्धनका लागि शाहवंशीय राजतन्त्रले निकै नै गौरवमय भूमिका निर्वाह गर्दै आएको छ। यसैले नेपालको अस्तित्वलाई र शाहवंशीय राजतन्त्रलाई अलग गरेर हेर्न मिल्दैन। त्यतिबेला पृथ्वीनारायण शाहले नेपाल एकीकरण नगरेको भए अंग्रेजहरूले आफ्नो उपनिवेश बनाउने थिए, यतिबेला नेपाल भारतको हिस्सा हुने थियो। कुनै भूभाग पश्चिम बंगालको, कुनै भूभाग बिहारको, कुनै भूभाग उत्तर प्रदेशको र कुनै भूभाग उत्तराखण्ड राज्यअन्तर्गत पर्न गई हामी नेपाली छिन्न भिन्न भइसक्ने थियौँ। हाम्रो भाषा संस्कृति मेटिइसक्ने थियो। यसरी नेपाल देश र नेपालीका रूपमा हामीलाई जोगाउने गौरवमय ऐतिहासिक विरासत बोकेको राजतन्त्र कसरी समाप्त भयो ? भन्ने विषयमा केही चर्चा गर्न आवश्यक छ।

शाहवंशीय राजाहरू पनि कोही सफल र सक्षम भए, कोही कमजोर र असफल पनि भए। पृथ्वीनारायण, त्रिभुवन, महेन्द्र, वीरेन्द्र लगायतका केही राजा सफल र सक्षम देखिए। गीर्वाणयुद्ध विक्रमदेखि पृथ्वीविक्रम शाहसम्मका राजाहरू नाम मात्रैका थिए। अन्तिम राजा ज्ञानेन्द्र शाह असफल र असक्षम प्रमाणित भए। २०५९ असोज १८ गते शाही घोषणाद्वारा सम्पूर्ण शासन सत्ता आफ्नो हातमा लिने ज्ञानेन्द्र शाहको प्रयास असफल भयो। राजा ज्ञानेन्द्रको यो प्रयासले सशस्त्र युद्धरत माओवादी र संसदीय प्रजातन्त्रभित्रै सक्रिय रहेका ७ राजनीतिक दललाई एकै ठाउँमा ल्याइदियो। उनीहरूबीच पूर्ण लोकतन्त्रका लागि १२ बुँदे दिल्ली सम्झौता भयो। यही सम्झौताको परिणामअनुसार २०६२/२०६३ सालको आन्दोलन भयो। जो जनआन्दोलन-२ को नामले चिनिन्छ।

१२ बुँदे सम्झौतामा उल्लेख भएका विषयवस्तु हेर्दा यो आन्दोलनको उद्देश्य थियो, राजतन्त्रलाई सवक सिकाएर संवैधानिक दायरामा ल्याउने। यही भनेर नै जनतालाई आन्दोलनमा उतारिएको थियो। जनता पनि राजतन्त्रलाई उन्मूलन होइन कि सवक सिकाउने भनेरै आन्दोलनमा उत्रिएका थिए। जनताको चाहनालाई आत्मासात गर्ने शाहवंशीय राजतन्त्रको परम्परालाई निरन्तरता दिँदै राजा ज्ञानेन्द्रले २०६३ वैशाख ११ मा ७ दलका नेताहरूसँग सम्झौता गरे। त्यो सम्झौतामा राजतन्त्र उन्मूलनको कुरा कहीँकतै छैन। यो सम्झौतामा राजासँग कुनै कार्यकारिणी अधिकार नहुने, राजा संसद्ले बनाएको कानुनअन्तर्गत देशको संरक्षक तथा एकताको प्रतीकका रूपमा रहने कुरा उल्लेख छ। पुनर्वहालीपछि २०६३ जेठ ४ मा बसेको प्रतिनिधिसभाको बैठकले यो सम्झौतालाई अनुमोदन गर्दै केही निर्णयहरू गरेको थियो। यी निर्णयमा राजतन्त्रका विषयमा केही घोषणा गरिएको थियो। यो घोषणालाई म्याग्नाकार्टाको संज्ञा दिँदै तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइलाले भनेका थिए, यो सम्झौताको उल्लंघन जसले गर्छ, ऊ समाप्त हुन्छ। अखिर यो सम्झौताको उल्लंघन राजा ज्ञानेन्द्रले गरे कि गिरिजाप्रसाद कोइरालाले ? भन्ने प्रश्न सदा जीवित रहनेछ। आखिर यो सम्झौताको उल्लंघन माओवादीसँग अर्को सम्झौताका क्रममा गर्दा तत्कालीन मन्त्रिपरिषद्ले गरेको हो। जसका कारण मुलक संकटमा छ। हिन्दु अधिराज्य पुनर्वहाली नभए देश समाप्त हुने आमविश्लेषण सत्यताको नजिक पुग्दै गएको छ।

जतिबेला सम्झौतामार्फत् जब प्रतिनिधिसभा पुनर्वहाली भयो त्यसपछि विदेशी शक्तिकेन्द्रको थप चलखेल सुरू भएको हो। उनीहरूलाई राजतन्त्र कमजोर भएको मौकालाई आफ्नो अनुकूल प्रयोग गर्ने षड्यन्त्र सुरू भयो। तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला जानेर वा नजानेर यो षड्यन्त्रका गोटी बने। नेपालीलाई एक सूत्रमा बाँधेर नेपाल जोगाएका कारण शाहवंशीय राजतन्त्र उन्मूलन नगरी नेपाललाई निल्न नसकिने दक्षिणका शासकहरूको बुझाइ र राजतन्त्र रहेसम्म नेपाललाई इशाइकरण गर्न नसकिने पश्चिमा राष्ट्रहरूको स्वार्थ मिल्यो। किनकि राजनीतिक अस्थिरता सिर्जना गरेर नेपाललाई कमजोर बनाउने दक्षिणी छिमेकीको डिजाइन अंग्रेजका पालादेखिकै निरन्तरता हो। यसैगरी नेपाललाई इसाइकरण गर्ने अभियान राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले त्यतिबेलादेखि नै निस्तेज पादै आएका हुन्। जब उनी कान्तिपुर राज्यको गद्दीमा बसे तब उनले तत्कालै विदेशी इसाइ पादरीहरूलाई देश निकाला गर्ने निर्णय लिए। पृथ्वीनारायण शाहको यो कदमलाई शाहवंशीय राजाहरूले युगअनुसार निरन्तरता दिँदै आएको पश्चिमा राष्ट्रहरूलाई निश्चय पनि मन परेको थिएन। त्यसको बदला लिने दाउमा उनीहरू निरन्तर लागिपरेका थिए। त्यसैले दक्षिणका शासक तथा पश्चिमा शक्ति केन्द्रहरूले संसद्वादी दलहरूलाई आफ्नो प्रभावमा पारेर हिन्दु अधिराज्य समाप्त भएको घोषणा गर्न लगाए। यो कुरा अब कसैबाट छिपेको छैन। नेपालको राष्ट्रिय राजनीतिमा ३ वटा शक्ति छन्, जसमध्ये कुनै पनि शक्तिलाई निषेध गरेर मुलुक अघि बढ्न सक्दैन भन्ने कुरा २००७ साल यताको अभ्यासले सिद्ध गरिसकेको छ। यी तीनमध्ये एउटा शक्तिलाई निषेध गर्नु भनेको द्वन्द्व चर्काउनु हो। राजतन्त्र नेपालको राजनीतिक सहमति र संस्कृतिक जीवनको अभिन्न अंग बनेको छ। राजतन्त्रलाई निषेध गरेर नेपाल अघि बढ्न सक्दैन भन्ने कुरा प्रमाणित भइसकेको छ।

राजतन्त्र समाप्त भएसँगै नेपाल विदेशी शक्तिको क्रिडास्थल बनेको छ। बढ्दो बाह्य घुसपैठ र चलखेलले मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनता नै खतरामा पर्दै आएको छ। केही समययता दक्षिण एसियामा विश्व शक्तिराष्ट्र र क्षेत्रीय शक्तिराष्ट्रबीचको द्वन्द्व बढेको छ। यो द्वन्द्वमा छिमेकी मुलुकहरूलाई आस्वस्त पार्दै सन्तुलित भूमिका निभाउने, सम्पूर्ण नेपालीलाई एक सूत्रमा बाँध्न सक्ने संस्थाको आवश्यकता र भूमिका देशमा खड्किएको छ। त्यो भनेको राजतन्त्र नै हो। यतिबेला बुद्धि पुऱ्याउन सकिएन भने देशको अस्तित्व नै संकटमा पर्नसक्छ। नेपालमा परापूर्वकालदेखि नै राजतन्त्र रहँदै आएको छ। २००७ सालको परिवर्तनपछि पनि देशले संवैधानिक राजतन्त्र र संसदीय व्यवस्थालाई अवलम्वन गर्दै आएको छ। जसअन्तर्गत राजाको भूमिका शासन सत्ता सञ्चालनमा गौण हुने, कार्यकारिणी अधिकार संसद्बाट निर्वाचित प्रधानमन्त्रीलाई हुने प्रणालीलाई नेपालले अवलम्वन गर्दै आएको छ। २०१५ र २०४७ सालका संविधान यसका उदाहरण हुन्। बेलायतको जस्तो संवैधानिक राजतन्त्र र संसदीय प्रजातान्त्रिक व्यवस्था नै नेपालका लागि उपयुक्त हुने, देशभित्रका मुख्य शक्तिहरूको सन्तुलन हुने धेरैको बुझाइ छ। तर यस सन्दर्भमा अहिले कठिन प्रश्न उत्पन्न भएको छ। देशका मुख्य ३ शक्ति कांग्रेस, कम्युनिस्ट र राजतन्त्रमध्ये एउटालाई निषेध गरिएका कारण देश संकटको भूमरीमा फस्न गई मुलुकको स्थायित्वमाथि नै प्रश्न उठेको अवस्था छ। अब यसको निकास कसरी दिने भन्ने प्रश्न झन् जटिल बनेको छ। हिन्दू अधिराज्यको पुनर्वहाली मुलुकको अपरिहार्य आवश्यकता बननिसकेको छ। तर पुनर्वहालीका लागि जनआन्दोलन, जनमत संग्रह र राष्ट्रिय सहमतिमध्ये कुनबाटो उपयुक्त भन्ने सन्दर्भको बहस मुलकभित्र उठेको छ। पुनर्वहालीका लागि आन्दोलनमा उत्रेका शक्तिमध्ये दुर्गा प्रसाईंसँग हालै जनमत संग्रहका सन्दर्भमा भएको सहमति अहिले चर्चामा छ। प्रसाईं समूहले आन्दोलनको विकल्पमा जनमत संग्रह रोज्नु मुलुकका लागि सकारात्मक हो। किनकि एउटा आन्दोलनद्वारा स्थापित गरिएको संस्थालाई अर्को आन्दोलनले फाल्न सक्छ। अर्को कुरा जनआन्दोलनद्वारा पुनर्स्थापित भएको राजतन्त्र संवैधानिक दायराभित्र रहने सम्भावना कम हुन्छ, यसले सक्रिय शासन खोज्छ। त्यसैले आन्दोलनको तुलनमा जनमत संग्रह उत्तम विकल्प हो, तर जनमत विभाजन गरेर पुनर्वहाली हुने राजतन्त्रभन्दा राष्ट्रिय सहमतिको माध्यमबाट पुनर्वहाली हुने राजतन्त्र चीरस्थायी हुन्छ।

२०१७ सालमा राजा महेन्द्र शाहद्वारा भएको गल्ती दलहरूसँग सहमति गरी २०४६ सालमा राजा वीरेन्द्रद्वारा सच्याउने काम भएको थियो। अब पनि यस विषयमा जनमतसंग्रहभन्दा राजनीतिक सहमति गर्नु उपयुक्त हुन्छ। यस विषयमा जनमतसंग्रहमा जाँदा देशका लागि सुखद् हुँदैन। किनकि जनमतसंग्रहमा अल्पमतमा परेको पक्षले आफ्नो मुद्दा छाड्दैन, जहिले पनि बहुमतमा पुग्ने प्रयास जारी रहन्छ। उदाहरणका लागि २०३७ सालको जनमत संग्रहले बहुदलीय व्यवस्था कि सुधारिएको पञ्चायत भन्ने विषयको छिनोफानो गरेको थियो। तर पराजित बहुदल पक्ष चुप लागेर बसेन, निरन्तर आन्दोलन गरिरह्यो। जसका कारण २०४६ सालमा आन्दोलनद्वारा पञ्चायत फालियो।

यतिबेलासम्म हिन्दु अधिराज्य पुनर्स्थापनाको प्रश्न आगोको सानो झिल्काका रूपमा छ। यसलाई समयमै निभाउन सकिएन भने यसले भोलि ठुलो डढेलोको रूप लिन सक्छ। जुन देशका लागि दुर्भाग्यपूर्ण हुनसक्छ। २०६२-२०६३ सालमा भएको गल्ती सच्याउन अब दलहरूले नै पहलकदमी लिनुपर्छ।

# तिब्बतका हाङ्छा दाईसँगको सम्वाद



राममणि पोखरेल

विकासमा तिब्बत अघि बढेको छ। हामी अध्यारोमा अगुल्टो हल्लाएर हिड्दै गर्दा चीनमा क्रान्ति पुरा भयो, गरियो। क्रान्तिकारी नेताहरुले हामीलाई सर्वप्रथम बाटो सडक निर्माण गर्न प्रोत्साहित गरे। हाम्रा युवाहरु सडक खन्न मिहनेत गर्न लागे। सडक बन्दै गए। त्यसपछि विजुली वत्तीको व्यवस्था भयो।

पुस महिनाको अन्तिम सप्ताहका दिन वित्दै थिए। राजधानी आएको तेस्रो दिन थियो। उपत्यका जाडाले कक्रिएको थियो। वाध्यताले यो ठण्डीमा यहाँ पाइला राख्न आएको थिएँ। एक जना नातादार मान्छेले सास फेर्न विर्सेका थिए। आज सातौ दिन थियो। पशुपतिको आसपास नै चोखिने काम हुदै थियो।

हिजो आज हिन्दु धर्मवालम्वीहरुले आफ्नो संस्कार विधि घरमा नगरेर पशुपतिनाथामा गर्दथे। धेरै तरिकाले यो काम सजिलो पनि हुने गर्दथ्यो। सातौ दिनको दैनिकी सकेर चावहिल चौक, स्तुपा तर्फ पाइला राखेको थिएँ। पुस महिना भए पनि आज सूर्यले चहकिलो प्रकाश दिएर धर्ती तताउने र धर्तीमा वस्ने मानव जाति र पशुपंक्षीलाई तातो दिएका थिए। घाम लागे पछिका दिन स्वतः रमाइला नै हुन्छन्। उपत्यकाको अनुहार खुलेको थियो। मानिसहरु रमाएर या वाध्यताले सडक नाप्दै थिए। गाडीहरु भने सडकमा पातला नै गुडकिएको देखिन्थ्यो।

पशुपतिथानको किरिया पुत्री घरबाट पैदल नै, स्तुपमा पुगेको थिएँ। ढोकाबाट छिर्दा भित्र आँगनमा परेवा बाक्लै चर्दै थिए। पेटीमा चाक अड्याएर पातलो मानिसहरु बसेका थिए। एक्कासी मेरा आँखा एक जना शेर्पा अनुहारका बुढा मान्छेमा ठोकियो। उनका गाला त्यति चाउरिएका त थिएनन्। तर ती व्यक्तिको अनुहार भने शोक माग्न जस्तो देखिन्थ्यो। भनौ उनी चिन्तित थिए। मुखका दाँत पातलिए जस्ता थिए। मुझा पर्न लागेका गाला, हातमा मुगा मालाका दाना गन्दै थिए। अन्यत्र नहेरीकन म तिनै शेर्पाको जस्तो अनुहार भएका आफ्नै दौतेर जस्तो लाग्ने बुढो नजिकै गएर थचक्क बसे र उनको अनुहार र हातको माला हेरेर नमस्कार गरे, दुवै हात जोडेर।

ठूला आँखा, ठूलै कान, फराकिलो निधार, उनको परिचयको मुहान थियो। माला गन्दै उनले म तीर आँखा फर्काए। म मौन भएर उनलाई हेर्दै रहे। 'तँ को होस्' उनले रवाफिलो पाराले मलाई सोधे। मैले जवाफ फर्काए नम्रतापूर्वक 'म पूर्वी नेपालको एउटा गाउँमा वस्ने व्यक्ति हुँ' उनी माला जप्दै थिए। मलाई नियालेर हेर्दै भने - 'यहाँ किन आइस् तँ ? 'यसो शहरको रमाइलो हेर्न, घुम्न आएको, तपाई बुढो मान्छे, माला जपेको देखेर भेट्न, बोल्न नजिक आएको' भनेर फेरि नमस्कारले स्वागत गरे। मान्छेहरु स्तुपाको वरिपरि घुम्दै थिए। बुढाले अर्कातिर आँखा फर्काएर हेरे। माला जप्न भने छाडेका थिएनन्। म घोरिएर मौनता धारणा गर्दै बसीरहेँ।

उनले शरीरको कुनै भाग पनि नदेखिने गरेर वाक्लो कपडा लगाएका थिए। हातमा पंजा पनि थिए। अन्दाजा लगाएँ, यी बुढा हाम्रै सोलुखुम्बु जिल्लाको कुनै गाउँ सल्लेरी या नाम्चेतिरका होलान्। सोलु जिल्लाका मान्छेलाई त काठमाण्डौ उपत्याका पानी पँधेरो जस्तै हुन्छ, आउनु जानु। सोलुका बासिन्दा शेर्पा जातिको नातागोता त भारतको दिल्ली, अमेरिका तथा युरोपका विभिन्न देशका नागरिकसँग छ। उनीहरु छरिएर वसेका छन्। आयस्रोत राम्रै छ, कतिपय व्यक्तिको त वौद्ध आसपास घर नै छ भन्ने तर्कना गरे। ती शेर्पा बुढाबाट केही कुरा धुतौं भन्ने पनि लाग्यो। सोचैं, तराई तिरका मधेशी कुनै बुढा व्यक्तिलाई भेटेर, यसरी नजिकै बसेर बातचित गर्न थालेको भए, उनीहरुले आफ्नो जीवन कहानी र गाउँको वेलिविस्तार लगाउन प्रारम्भ गर्दथे। तर यी शेर्पा खाले मान्छेहरु भने गरौं हुँदा रहेछन् क्यार भन्ने सोचे।

मनको एक कोठामा अर्को कुरा उब्जियो, कँही यी बुढा तिब्बतियन त होइनन्? आफ्नो थातथलो छाडेर धर्म गुरु दलाई लामासँग दिल्ली भेट्न गएर, भारतमा अलपत्र परेर नेपाल आएर कुनै व्यवसायमा लागेर जीवन घिसार्दै गरेका आफ्नो मातृभूमि पृथ्वीको एक स्वर्ग तिब्बत, ल्हाशा फर्कन चाहेर पनि अनुकुल नपरेर नेपालमा वस्नु वाध्यत होइनन् ? यो मेरो शंका उपशंका मात्र थियो भनौ अमुर्त कल्पना। त्यसबेलासम्म घामका किरण ताता थिए। सूर्यको गति क्रमिक रुपमा पश्चिमतिर ढल्कदै थियो। पूर्वतिरको सडकमा हर्न बज्दै थियो। स्तुपामा बाहिरने र भित्रिने क्रम मानिसको चल्दै थियो।

म नबोली ती बुढा नजिकै धेरै समय बसेपछि उनको दिमागमा के कुरा फुरो पत्तो पाइन। उनले मतिर आफ्नो अनुहार फर्काए र सोधे, तँ यहाँ किन बसेको मसँग के बुझ्न चाहन्छस्। म त तेरो देशको नागरिक होइन, म त तिब्वतियन नागरिक हुँ। म केही दिन बाध्यताले तेरो देशमा बास वसेको भए पनि मलाई मेरै देश मायालु छ। म त भारतको दिल्लीमा, तिब्बतका धर्मगुरु दलाई लामालाई भेटेर आएको। तेरो देश आएको पनि दश वर्ष भयो। म अब छिट्टै आफ्नै देश जान्छु, बुझिस्।

म झसङ्ग भए। तत्कालै उठेर हिँड्यौ जस्तो लाग्यो। यी तिब्वतियन मान्छेसँग के कुरा गर्नु जस्तो भयो। तिब्बतको भूगोल सम्झैँ, विगतमा क्याम्पस पढ्दाको सम्झना आयो दिमागमा। ल्हासा राजधानी तिब्बतको भनेर पढिएको थियो। कुनै जमनामा ल्हासाको यात्रा गर्न कठिन काम मानिन्थ्यो। नेपालका महाकवि लक्ष्मी प्रसाद देवकोटाको मुनामदन खण्ड काव्य सम्झे -

हातका मैला सुनका थैला के गर्नु धनले
साग र सिस्नु खाएर बस्नु आनन्दी मनले ॥

जमानामा यो गीत चर्चित थियो। तर अव त्यो चर्चा ओझेल परेको अहिलेको मान्छेको मनोविज्ञान कमाउनेमा नै छ। समय समयको कुरा हो।

मैले ती बुढा तिब्बतियनसँग वात मार्ने कुरा खोतल्ने एउटा ढोका खुलेको महशुस गरे। हसिलो अनुहार पार्दै मैले उनलाई सोधे -'तपाई आफ्नो देश छाडेर तीर्थ गर्न या नियात्रामा नेपाल भारत निस्कनु भएको रहेछ, तिब्बत बाहिर त धेरै वर्ष बिताउनु भएछ नि। आफ्नो देशको मायाले छटपट भएन ? हाम्रो देशका हिमाली खण्डमा बसोवास गर्ने शेर्पाहरुले बोले सरह नेपाली भाषा बोल्दथे ती तिब्बती दाइ।

उनले गम्भीर भएर मलाई हेरेर भने तँ पत्रकार होस्, मलाई प्रश्न सोध्ने, मातृभूमिको मायाले छटपट भएन भनेर सोध्न तँलाई कसले सिकायो। मेरो मनकै कुरा जाने झै गरेर बोलिस् नि त ? हो नि दाजु, तपाईको तिब्बत र नेपालको सिमा जोडिएको छ। उताका मान्छे यता आउँछन् यताका मान्छे उता जान्छन्। हाम्रो पुर्खाहरुले पुरानो जमानामा तिब्बतसँग व्यापार गर्दथे। ल्हासामा सुन छ, कान मेरो बुच्चै भनेर गीत गाउँथे। तपाईको नाम के हो नि दाजु मलाई भनी दिनोस् त ? बुढा मौन थिए।

मैले नाम सोधे पछि उनी केही गम्भीर जस्ता भए। पहिला भन्दा अलि नरम जवाफ दिए - 'तँ मेरो नाम जानेर के गर्छस् र के पाउँछस र तलाई नाम बताउनु ? मैले भने, 'म नेपालको एक नागरिक हुँ। मानव सरोकारका विषयमा चासो राख्छु। तपाई विश्वको भू स्वर्ग मानिएको ल्हाशाको वासिन्दा हुनु भयो। चीन देश हाम्रो देशको असल मित्र मानिन्छ। हामी चीनका जनताको आदर गर्दछौ। चीनका जनताले नेपाली जनताको आदर गर्छन्। आज तपाई जस्तो एक असल तिब्बती व्यक्तिलाई भेटेर म खुशी भएको छु।'

उनले प्रफुल्ल मुद्रामा आफ्नो नाम बताए - मेरो नाम हाङ्छन् हो। आफ्नो नाम बताए पछि उनले आफ्ना कोमल हातले मेरो ढाड सुमसुम्याए, मलाई आनन्दको अनुभूति भयो। ती हाङ्छानसँग विताएको लगभग दुइ घण्टाको समय हुँदै थियो। म यस अर्थमा खुशी भएको थिए कि विश्वको एक शक्तिशाली मुलुक चीनको एक प्रान्त तिब्बतका एक असल नागरिकसँगको तीन घण्टाको अन्तरंगमा उनले मायाले मेरो ढाड छामे सुम्सुम्याए। मित्रता बढ्दै गयो। उनीसँग आज छुटे पनि पुन भेट होला भन्ने आशा लाग्यो।

मैले उनलाई सोधे- 'अब आफ्नो मातृभूमि कहिले फर्कनु हुन्छ त ? तपाईले छाडेको भन्दा अहिले तिब्बत वेग्लै भयो होला। तपाईको तिब्बातमा को छ, दाजुभाइ अन्य इष्टमित्र आदि। तपाईलाई उनीहरुले बिर्सन लागे होलान्, दुरभाव यन्त्रबाट सम्पर्क हुँदै होला होइन त ?

मेरा यी प्रश्न सुने पछि उनी भावुक जस्ता भए। उनका आँखा रसिला भए। उनले एक नजर टाढा हेरे। मलाई पश्चताप पनि भयो बढी प्रश्न सोधेकोमा। ती हाङ्छा दाइले भावुक भएर मलाई तिब्बतको विकास बारे केही तथ्यगत विवरण सुनए। हेर भाइ तँ सँग भेट हुनु मेरा लागि महत्वपूर्ण क्षण भयो। विकासमा तिब्बत अघि बढेको छ। हामी अध्यारोमा अगुल्टो हल्लाएर हिड्दै गर्दा चीनमा क्रान्ति पुरा भयो, गरियो। क्रान्तिकारी नेताहरुले हामीलाई सर्वप्रथम बाटो सडक निर्माण गर्न प्रोत्साहित गरे। हाम्रा युवाहरु सडक खन्न मिहनेत गर्न लागे। सडक बन्दै गए। त्यसपछि विजुली वत्तीको व्यवस्था भयो।

हाम्रो विब्बतमा जुत्ता कागज, टोपी, सिमेण्ट जस्ता उद्योग खुलेका छन् हाम्रो कृषि औजार कारखाना पनि छ। यो उमेरमा मेरो प्यारो मातृभूमि कति छिटो पुगौं जस्तो भएको छ। तिब्बतमा मेरा दुई भाई छोरा र एक छोरी, जुवाई र बुहारीहरु छन्। नाति नातिना छन्। हाम्रो धागो बुन्ने कारखाना छ। हाम्रो परिवार शिक्षित र देशभक्त छ। हाम्रो वौद्ध दर्शन अनुसार धर्मगुरु भनेर दलाई लामालाई भेट्न गइयो। दुःख लागेको छ आफ्नो जन्मथलो टेक्न जान ढिला भयो। फटाहाहरुले नेपाली भुमिबाट तिब्बत पुग्ने बाटोमा बाधा गरेका छन्। अब म छिट्टै तिब्बत आफ्नो मुलुक जन्मथलो पुग्छु।

## पुस २७ गतेको राशिफल

| | | | | | |
|---|---|---|---|---|---|
| मेष कार्य सुख। | मिथुन अशान्ति। | सिंह लाभ। | तुला सुख। | धनु आयवृद्धि। | कुम्भ हानि। |
| वृष आनन्द। | कर्कट भय। | कन्या असंतोष। | वृश्चिक व्यय। | मकर सुख। | मीन विपद। |

ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७९८९७,
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhyaya





# विशेष महाधिवेशनले पार्टी फुट्ने भए विधानमा किन राखियो त ?

*नेपाली कांग्रेसका २ महामन्त्रीको अगुवाइमा ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको मागबमोजिम पार्टीको विशेष महाधिवेशन आजबाट सुरु हुँदै छ । नियमित कि विशेष महाधिवेशन भन्नेमा महिनौँसम्म निर्क्योल ननिस्केपछि अहिलेको अवस्था आएको हो । २१ फागुनको पूर्वघोषित आमनिर्वाचन नजिकिँदै गर्दा भएको यो महाधिवेशनले मुलुकको सबैभन्दा ठुलो र पुरानो दल नेपाली कांग्रेसको अवस्थामा के फरक ल्याउला ? कतिपयले भनेजस्तो कांग्रेस पार्टी नै विभाजनमा जाने अवस्था त बन्दैन । कांग्रेस प्रखर युवा नेता प्रदीप पौडेल अहिले चुनावमा जाँदा नीतिगत पक्षमा प्रष्ट बन्न, पार्टीलाई चलायमान र गतिशीलता बढाउन र नेतृत्वले पनि समय अनुकूल म्यान्डेट लिन जरूरी भएकैले विशेष महाधिवेशन आयोजना गर्नुपरेको बताउँछन् । उनको तर्कमा यो आयोजनबाट पार्टी पुस्तान्तरण र रूपान्तरणसहित थप सशक्त भएर चुनावमा जानसक्छ । यसै सन्दर्भमा कांग्रेसको आन्तरिक राजनीति र विशेष महाधिवेशन केन्द्रित रही नेता पौडेलसँग सौर्य दैनिकका लागि चमिना भट्टराईले गरेको संवादको मुख्य अंश:*

■ **प्रदीप पौडेल, नेता,** नेपाली कांग्रेस

■ **चुनावको प्रचारमा जानुपर्ने बेलामा विशेष महाधिवेशनको आयोजना बेमौसमी बाजाजस्तो भएन र ?**

-यो कुरा हामीले पहिले ख्याल गर्नुपर्ने विषय थियो । चुनाव २१ फागुनमा छ भनेर पछि हामीले आफ्नो आन्तरिक व्यवस्थापनको विषय, अधिवेशनको विषय पहिला नै सेटल गरिसक्नुपर्ने थियो । खासगरी आजभन्दा ३ महिनाअगाडि नै विशेष महाधिवेशनको प्रस्ताव पार्टीको केन्द्रीय कार्यालयमा दर्ता भएको थियो । त्यसबारेमा केन्द्रीय पदाधिकारी, केन्द्रीय समिति सबै जानकार भएको अवस्था हो । विधानले व्यवस्था गरेअनुसार सुरु भएको प्रक्रिया न टुंग्याइकन चुनाव आयो त्यसलाई छोडौं अन्यत्र लागौं भन्ने कुरा हुँदैन । किनभने, यो विशेष महाधिवेशन कसैको व्यक्तिगत लहडको कुरा थिएन । विधानले नै व्यवस्था गरेको विषय हो । कांग्रेस पार्टीको महाधिवेशन प्रतिनिधि पार्टीको नेता हुनुहुन्छ । उहाँहरूको योगदान ठुला पदमा पुगेका मान्छेको भन्दा कम छैन । त्यसैले त्यस्ता ५४ प्रतिशत मान्छेको हस्ताक्षर गरेर माग भएको छ । त्यसलाई बेवास्ता गर्ने अवस्था बन्नु हुँदैन । त्यस आधारमा यो विशेष महाधिवेशन अनिवार्यजस्तो भयो । यसका लागि विधान अनुसारका सबै प्रक्रिया पूरा भएको छ । यो अहिले बैमौसमी बाजा भनेर उम्कने होइन । विधानअनुसार गरेर जानुपर्छ । यो कसैको रहर वा चाहनाले होइन, आवश्यकता र बध्यताले हुँदै छ ।

■ **अहिले नै विशेष महाधिवेशन गनुपर्ने औचित्य र पृष्ठभूमि के हो ?**

- यसबारेमा प्रस्तावकहरूले प्रस्ताव गर्नुभएको छ । यो भनेको पार्टीको नीति तथा नेतृत्व परिवर्तन र अध्यावधिक गर्नुपर्ने धेरै विषय छन् । हाम्रा काम र विषयहरूलाई अध्यावधिक गर्ने संस्थागत आधारहरू भनेका महाधिवेशन, विशेष महाधिवेशन वा महासमितिको बैठक हो । त्यसैले अहिल चुनावमा जाँदा हामीले धेरै कुरा प्रष्ट्याएर जानुपर्ने अवस्था छ । त्यस आधारमा नीतिगत पक्षमा प्रष्ट बन्न, पार्टीलाई चलायमान र गतिशीलता बढाउन र नेतृत्वले पनि समय अनुकूल पुस्तान्तरणको म्यान्डेट लिन जरूरी छ भनेर महाधिवेशन प्रतिनिधिहरूले प्रक्रियागत ढंगबाट प्रस्ताव गरेर माग गर्नुभएको विषय हो । यो सबै हिसाबले विधानसम्मत छ । अर्को कुरा अहिले यो महाधिवेशन नीति र नेतृत्व परिवर्तनका लागि पनि औचित्य सावित हुन्छ भन्नेमा हामी विश्वस्त छौँ ।

■ **यसको (विशेष महाधिवेशनको) पृष्ठभूमिमा गत भदौ २२ र २३ गतेको जेनजी आन्दोलनले उठाएका मागको सम्बोधन पनि हो ?**

-यसमा हामीले के कुरा स्वीकार गर्नुपर्छ भने, नेपाली कांग्रेस पार्टीले नेपालका हरेक परिवर्तनकारी आनदोलनको सधैँभरी नेतृत्व गर्दै आएको छ । तर, भदौ २३ र २४ को जेनजी विद्रोहमा नेपाली कांग्रेसलाई पनि खबरदारी गरिएको कुरालाई हामीले बुझ्नुपर्छ, 'तिमी पनि सच्चिउ, तिम्रो आन्तरिक लोकतन्त्रलाई सुदृढ गर, तिम्रा प्राथमिकताहरू परिवर्तन गर, आमनागरिकका एजेन्डा मुद्दाहरूलाई समातेर अगाडी बढ' भनेर हामीलाई पनि भनेको अवस्था हो । त्यस आधारमा हामीले आफूलाई रूपान्तरण गर्न अनिवार्य छ । जेनजी आन्दोलनको प्रभाव विशेष महाधिवेशन वा नियमित महाधिवेशन निर्वाचनभन्दा अगाडि गर्ने भन्ने कुरासँग स्वभाविक रूपमा जोडिएको छ । त्यसैले विधि र प्रक्रियाले नीति निर्धारण गर्ने अवस्था हुनपर्छ । अर्को कुरा २१ फागुनमा चुनाव भएका कारणले हामीले चुनाव अगाडि नियमित महाधिवेशन गरौँ भन्यौँ । सबै जना नियमित महाधिवेशन सम्पन्न गर्न लागेको भए विशेष महाधिवेशनका लागि यो ढंगले दबाब पर्दैनथ्यो । विशेष महाधिवेशनको दबाब अथवा माग हुँदाहुँदै हामीले नियमित महाधिवेशनलाई बेवास्ता गर्‍यौँ । त्यसको कारण भनेको विशेष महाधिवेशनलाई त्यत्तिकै टार्न सकिन्छ भनेर गरिएको बेवास्ता भयो, त्यो नै समस्या हो ।

■ **विशेष महाधिवेशन नेतृत्व परिवर्तनका लागि हो ?**

-विशेष महाधिवेशन भनेकै नीति तथा नेतृत्व परिवर्तनकै लागि हो । यसका साथै अन्य दस्तावेज निर्माण गर्ने, नेपाली कांग्रेसको सबै पक्षमा प्रष्टता नवीकरण गर्ने काम विशेष महाधिवेशनले गर्छ । यसको कार्यविधि के हुने भन्ने सन्दर्भमा विशेष महाधिवेशन आफैँले कार्यविधि बनाउन सक्छ । किनभने यसैले नै केन्द्रीय कार्यसमिति निर्वाचित गरेको हो । केन्द्रीय समिति निर्वाचित गरेको संरचनाले आफ्नो कार्यविधि बनाउन सक्दैन भन्न नमिल्ला ! अर्थात् यो महाधिवेशनले कार्यविधि बनाएर त्यसअनुसार प्रस्ताव र निर्णय गर्नसक्छ ।

■ **नियमित र विशेषको कचिंगलले आउने चुनावमा असर पर्ला भन्ने लाग्दैन ?**

-हामीले सिंगै पार्टीमा एकता हुनपर्छ भन्ने गरेका छौँ । तर विधि नअपनाइकन गरिने एकताको कुनै अर्थ हुँदैन । एकता भनेर मात्रै भएन । एकता भनेको कस्तो हो ? के कुराको एकता । हेर्दा एकता छ, तर, एकले अर्कोको भावनाको कदर हुँदैन भने कस्तो एकता ? अर्को कुरा हरेक समस्याहरू प्रक्रियागत ढंगबाट सामाधान नहुँदा झन् नकारात्मक वातावरण बढेर जान्छ । जस्तो पार्टीले विभिन्न ठाउँमा टिकट वितरण भएका छन्, विभिन्न प्रकारका अवसरहरू वितरण हुने गरेका छन् । यो हिजो पनि भएका छन् र आउने दिनमा पनि हुन्छ । त्यसमा विधि अपनाइएन, मनोमानी गरियो भन्ने गुनासाहरू हुने गरेका छन् । त्यस प्रकारका कुराले चुनावलाई फाइदा त पुर्‍याउँदैन । यद्यपि पार्टीभित्र विधि व्यवस्था कार्यन्वयन गर्ने कुराले चुनावलाई सहयोग नै पुग्छ । यो कांग्रेस पार्टीले दिने सन्देश पनि हो यो ।

■ **भनेको अवसरको बाँडफाँटमा हक जमाउन विशेष महाधिवेशन हो ?**

-होइन । पार्टी त विधिले चलाउने हो । विधानअनुसार चल्ने हो । पार्टीको नाममा आउने अवसरमा सबैको उत्तिकै अधिकार हुन्छ । एकपक्षीय रूपमा पार्टी चलाउन थालियो भने समस्या हुन्छ । कार्यकर्ताले नेतालाई हेर्ने दृष्टिकोण सकारात्मक हुने वातावरण बनाउनुपर्छ भनेको हो हामीले । अब चुनावमा असर पुग्ला भनेर टालटुल गरेर बस्ने होइन । पार्टीलाई अझ बलियो बनाउने भन्न खोजेको । पार्टीले सबै कुरा समयको मागअनुसार अध्यावधिक गरेको छ । विशेष महाधिवेशन आयोजना गरेको छ । नीतिमा प्रष्ट भएर आएको छ । आफैँभित्र ताजा जनादेश सहितको नेतृत्व चयन गरेको छ भन्ने सन्देशले चुनावमा फाइदा नै पुर्‍याउँछ । त्यसैले आन्तरिक प्रतिस्पर्धामा जाँदा एकता टुट्छ भनेर भनिँदै छ । त्यो होइन, हामीले त आन्तरिक प्रतिस्पर्धाको विधि अपनाउन लागेका हौँ । यसले पार्टीको एकता बलियो बनाउँछ । पार्टीमा कस्तो नेतृत्व बनाउने कसरी बनाउने भन्नै वैधानिक व्यवस्था छ । त्यसैअनुसार चल्ने हो ।

■ **संस्थापन पक्षले त केन्द्रीय समितिको असहमतिका बाबजुद विशेष महाधिवेशनको आह्वान हुनु भनेको पार्टी विभाजनतिर जानु हो भनिरहेको छ नि ?**

-पहिलो कुरा कांग्रेस पार्टीको विधानमा प्रष्ट छ । विशेष अवस्थामा आवश्यकता परेको खण्डमा केन्द्रीय कार्यसमितिले विशेष महाधिवेशन आव्हान गर्न सक्ने छ वा महाधिवेशन प्रतिनिधिमध्ये ४० प्रतिशतले हस्ताक्षर गरेर माग गरेको अवस्थामा विशेष महाधिवेशन आयोजना गर्नुपर्ने छ भनेको छ । यसलाई प्रष्टसँग बुझ्नुपर्छ । यदि केन्द्रीय समितिले आयोजना गरेन भने, ४० प्रतिशतले गर्न सक्नेछ भनेको हो । यो विधानमा प्रष्टसँग भएको व्यवस्था हो । यो पार्टीको सबै नेता सदस्यलाई थाहा छ । अहिले केन्द्रीय समितिले आयोजना नगरेकाले माग गर्नेहरूबाट हुँदै छ । जब पार्टीको विधानमा उल्लेख भएको व्यवस्थाअनुसार काम हुँदै छ भने यसलाई गलत ढंगले बुझ्ने वा व्याख्या गर्ने काम गर्नु हुन्न । जहाँसम्म पार्टी विभाजनतिर जान्छ भन्ने कुरा छ । यो सत्य होइन, पार्टी विभाजन हुन्छ भने, किन विधानमा व्यवस्था गरिएको त ? यस्तो तर्क गर्नुहुन्न । जसरी विभाजनको कुरा गरिँदै छ यो गलत हो । यो पार्टी बलियो, जनताको विश्वासिलो र सबैको भरपर्दो बनाउनु पर्छ भन्नेमा हाम्रो चिन्ता हो । यो कांग्रेसका सबै सदस्यको चिन्ता हो ।


विधानले व्यवस्था गरेअनुसार सुरु भएको प्रक्रिया न टुंग्याइकन चुनाव आयो त्यसलाई छोडौं अन्यत्र लागौं भन्ने कुरा हुँदैन । किनभने, यो विशेष महाधिवेशन कसैको व्यक्तिगत लहडको कुरा थिएन । विधानले नै व्यवस्था गरेको विषय हो ।

अहिले चुनावमा जाँदा हामीले धेरै कुरा प्रष्ट्याएर जानुपर्ने अवस्था छ । त्यस आधारमा नीतिगत पक्षमा प्रष्ट बन्न, पार्टीलाई चलायमान र गतिशीलता बढाउन र नेतृत्वले पनि समय अनुकूल म्यान्डेट लिन जरूरी छ भनेर महाधिवेशन प्रतिनिधिहरूले प्रक्रियागत ढंगबाट प्रस्ताव गरेर माग गर्नुभएको विषय हो ।

भदौ २३ र २४ को जेनजी विद्रोहमा नेपाली कांग्रेसलाई पनि खबरदारी गरिएको कुरालाई हामीले बुझ्नुपर्छ । तिमी पनि सच्चिउ, तिम्रो आन्तरिक लोकतन्त्रलाई सुदृढ गर, तिम्रा प्राथमिकताहरू परिवर्तन गर, आमनागरिकका एजेन्डा मुद्दाहरूलाई समातेर अगाडि बढ भनेर हामीलाई पनि भनेको अवस्था हो । त्यस आधारमा हामीले आफूलाई रूपान्तरण गर्न अनिवार्य छ ।

विशेष महाधिवेशन आफैँले कार्यविधि बनाउन सक्छ । किनभने यसैले नै केन्द्रीय कार्यसमिति निर्वाचित गरेको हो । केन्द्रीय समिति निर्वाचित गरेको संरचनाले आफ्नो कार्यविधि बनाउन सक्दैन भन्न नमिल्ला !

विधि नअपनाइकन गरिने एकताको कुनै अर्थ हुँदैन । एकता भनेर मात्रै भएन । एकता भनेको कस्तो हो ? के कुराको एकता । हेर्दा एकता छ, तर, एकले अर्कोको भावनाको कदर हुँदैन भने कस्तो एकता ? अर्को कुरा हरेक समस्याहरू प्रक्रियागत ढंगबाट सामाधान नहुँदा झन् नकारात्मक वातावरण बढेर जान्छ ।

हामीले त आन्तरिक प्रतिस्पर्धाको विधि अपनाउन लागेका हौँ । यसले पार्टीको एकता बलियो बनाउँछ । पार्टीमा कस्तो नेतृत्व बनाउने कसरी बनाउने भन्नै वैधानिक व्यवस्था छ । त्यसै अनुसार चल्ने हो ।

जब पार्टीको विधानमा उल्लेख भएको व्यवस्थाअनुसार काम हुँदै छ भने यसलाई गलत ढंगले बुझ्ने वा व्याख्या गर्ने काम गर्नु हुन्न । जहाँसम्म पार्टी विभाजनतिर जान्छ भन्ने कुरा छ । यो सत्य होइन, पार्टी विभाजन हुन्छ भने, किन विधानमा व्यवस्था गरिएको त ?


■ **त्यसो भए विशेष महाधिवेशनले पार्टी बलियो बनाउँछ ?**

–राजनीतिक पार्टीले गर्ने निर्णय, राजनीतिक पार्टीले आत्मसातगर्ने विषय, एजेन्डा प्रष्ट हुनपर्छ । हामीले विशेष महाधिवेशनमा जाँदा हाम्रो राजनीतिक, आर्थिक प्रस्ताव, विधानका विषयदेखि मुलुकमा रहेका बहसका राजनीतिक विषयका अवधारणादेखि नेतृत्वलाई अध्यावधिक गर्ने काम गर्दा त पार्टी बलियो बन्छ । यसका साथै आउने चुनावमा पनि पार्टीलाई लाभ पुग्छ भन्ने लाग्छ । कांग्रेस नयाँ सोच, नयाँ नेतृत्वका साथ चुनावमा अझ ठुलो पार्टी बनाउने गरी जान्छ । त्यसरी जान सक्ने सबै पुस्ताले विश्वास गर्ने, सबैको भरोसा भएको पार्टी बनाउनुपर्छ भन्नेमा हामी सचेत छौँ । त्यसैले यो विशेष महाधिवेशनले पार्टीलाई अझ बलियो बनाएर लैजाने छ । जनताले खोजेको जस्तो समयको मागलाई सम्बोधन गर्ने गरी हामी जाने छौँ । पार्टी फुट्ने वा कमजोर बनाउने कुराको हामी कल्पना गर्न सक्दैनौँ ।

■ **यो बीचमा तपाईंहरूसँगै रहनुभएका डा.शेखर कोइरालाले केन्द्रीय समितिले बोलाए मात्र विशेष महाधिवेशनमा सहभागी हुने बताइरहनुभएको छ । यस्तो अवस्थामा कति प्रतिनिधि आउलान् ? र सन्देश के होला ?**

-यसमा उहाँले आफ्नो विषय राख्नुभएको छ । केन्द्रीय कार्यसमितिले आयोजना नगरीदिएपछि विधानको भएको विकल्पलाई आत्मसात गर्ने हो । केन्द्रीय समितिले आयोजना गरिदिएको भए सबैभन्दा राम्रो हुन्थ्यो । यसमा पहिला हामीले भनेको नियमित महाधिवेशनका बारेमा छलफल गर्दैगर्दा विशेष महाधिवेशनको प्रस्ताव दर्ता छ भन्ने सबैलाई थाहा थियो । यो अवस्था नआउनका लागि, विशेषमा नजानका लागि नियमित गर्न सकेको भए हुन्थ्यो । तर, त्यो हुन सकेन र अहिले जे हुँदै छ त्यो विधानमा रहेको विकल्पको बाटो हो । यसको समयभित्रै हामीले गर्न लागेका छौँ । जहाँसम्म शेखर कोइराला वा अरू कसैको कुरा छ । पार्टीमा लागेको विवेकशील मान्छेले प्रकृयाबाट आएको यो विशेष महाधिवेशनलाई नकार्न मिल्दैन । किनकि पार्टी विधानबाट चल्छ । विधानले नै केन्द्रीय समितिलाई निर्देशन गर्ने हो । विधानको निर्देशन अनुसार पार्टी चल्नुपर्छ भन्ने सबैको साझा भावना छ । त्यसैले उहाँको सहभागिता रहन्छ र यसको सन्देश सकारात्मक जान्छ ।

■ **यसमा डा. शेखर कोइरालाको भूमिका कस्तो छ ?**

-उहाँले पटकपटक पार्टीलाई नयाँ ढंगले अगाडि बढाउनुपर्छ भन्नुभएको छ । उहाँको चाहना नियमित महाधिवेशन वा विशेष महाधिवेशन केन्द्रीय कार्य समितिले नै बोलाउनुपर्छ भन्ने थियो । अहिले पनि उहाँले यसलाई सबैको साझा बनाउन र एकताको भावनाअनुसार चलाउन सभापतिलाई भनी रहनुभएको छ । उहाँको चाहना के हो सबैलाई थाहा छ । यो विशेष महाधिवेशनमा उहाँको भूमिका सकारात्मक रहनेका हामी विश्वस्त छौँ ।

■ **२०५९ असारमा देउवा पक्षले आयोजना गरेको विशेष महाधिवेशन र अहिले गगन थापा पक्षधरहरूले आयोजना गरेको विशेष महाधिवेशनमा के के अन्तर देख्नुहुन्छ ?**

-पहिलो कुरा यो विशेष महाधिवेशन ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको माग बमोजिम हुँदै छ । यसमा सबै जना प्रष्ट हुनुपर्छ । यो महाधिवेशनमा सबै हिसाबले विधानअनुसार पक्रिया पुगेको छ । पहिला भएको विशेष महाधिवेशनमा प्रक्रिया पुगेको थिएन । त्यसैले पार्टीको विधानमा प्रष्ट भएको विषयलाई कार्यान्वयन गर्नुपर्छ भन्ने कुरामा पार्टीको सबै नेता सदस्यको एकमत हुनुपर्छ ।



# भेनेजुएलाद्वारा अमेरिकासँग वार्ता गर्ने घोषणा

**एजेन्सी**

काराकस । भेनेजुएलाले शुक्रबार अमेरिकासँग कूटनीतिक सम्बन्ध पुनः स्थापनाका लागि वार्ता सुरु गरेको जनाएको छ। भेनेजुएलामा अमेरिकी आक्रमणपछि वामपन्थी नेता निकोलस मादुरोलाई पक्राउ गरी अमेरिकी कानुन प्रवर्तकहरूले उनीविरूद्ध लगाएका मुद्दामाथि सुनुवाई भइरहेका समय अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दक्षिण अमेरिकी देशको काम प्रभावकारी भएको दाबी गरेपछि यो सहकार्यको पछिल्लो संकेत हो।

अधिकारीहरूका अनुसार अमेरिकी कूटनीतिज्ञहरू देशको दूतावास पुनः खोल्ने बारेमा छलफल गर्न काराकासमा पुगेका छन् भने वाशिङ्गटनमा राष्ट्रपति ट्रम्पले भेनेजुएलाको विशाल कच्चा भण्डारमा पहुँच प्राप्त गर्ने योजनालाई लिएर तेल कम्पनीहरूसँग भेट गरेका छन्। 'अन्तरिम राष्ट्रपति डेल्सी रोड्रिगेजको सरकारले अमेरिकाको सरकारसँग १ अन्वेषणात्मक कूटनीतिक प्रक्रिया सुरु गर्ने निर्णय गरेको छ, जसको उद्देश्य दुवै देशमा कूटनीतिक नियोग पुनः स्थापना गर्नु हो,' विदेश मन्त्री यभान गिलले एक विज्ञप्तिमा भनेका छन्। 'छिमेकी मुलुक कोलम्बियाका लागि शीर्ष अमेरिकी कूटनीतिज्ञ जोन म्याकनामारा र अन्य कर्मचारीहरू 'सम्भावित चरणबद्ध वार्ता सञ्चालनका लागि प्रारम्भिक मूल्यांकन गर्न काराकास गएका थिए,' नाम उल्लेख नगर्ने सर्तमा एक अमेरिकी अधिकारीले बताए। भेनेजुएलाले पनि वासिङ्टनमा एक प्रतिनिधिमण्डल पठाएर त्यसको जवाफ दिने बताएको छ। रोड्रिगेजले १ वक्तव्यमा अमेरिकाको गम्भीर, आपराधिक, अवैध र गैरकानुनी हमलाको निन्दा गर्दै भने, 'भेनेजुएलाले कूटनीतिक मार्गबाट यस आक्रमणबारे समीक्षा जारी राख्नेछ।'

### ट्रम्पको प्रतिबद्धता

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भेनेजुएलामा कैदीहरुको रिहाइका कारण दोस्रो चरणको आक्रमण फिर्ता लिएको बताएका छन्। शुक्रबार ह्वाइट हाउसको बैठकमा राष्ट्रपति ट्रम्पले शीर्ष तेल कार्यकारीहरूलाई भेनेजुएलाको भण्डारमा लगानी गर्न दबाब दिएका छन्।

### धानखेत मासेर...

मधेस सरकारले हरेक आर्थिक वर्षका नीति-कार्यक्रम र बजेटमा पनि सौर्य ऊर्जाको विषय राख्दै आए पनि काम भने सुस्त गतिमा भइरहेको छ। प्रदेश सरकार गठन भएपछि संघीय सरकारले सौर्य ऊर्जाका लागि १ करोड रुपैयाँ पठाएकामा सो रकमसमेत खर्च हुन सकेन। त्यसपछि आव २०७८/७९ र २०७९/८० मा संघले नै ३/३ करोड रुपैयाँ विनियोजन गरेको थियो। सो रकम पनि खर्च हुन नसकेपछि त्यसपछि विनियोजन गर्न छोडिएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ।

मधेसको आवधिक योजना (२०७६/७७ - २०८०/८१) मा व्यावसायिक रूपमा उपयोगमा नआउने खाली जग्गामा सौर्य ऊर्जा उपकरण जडान गरी करिब २२४ मेगावाट बिजुली उत्पादन गर्न सकिने र १५० मेगावाट क्षमताको प्लान्ट निर्माणका लागि निजी क्षेत्रसँग लगानी सम्झौता गर्ने उल्लेख छ। आयोगले २०८१/८२-२०८५/८६ सम्मका लागि दोस्रो योजनासमेत ल्याइसकेको छ। तर, मधेसमा सोलार बत्ती बाल्नेको संख्या ०.८ प्रतिशत मात्रै छ।

मधेसका पूर्वमुख्यमन्त्री लालबाबु राउत संघीय सरकारको गलत नीतिका कारण मधेसमा सौर्य ऊर्जा विकास गर्न नसकिएको दाबी गर्छन्। लगानी सम्मेलनमा क्यानडाको कम्पनीका प्रतिनिधि निर्वाण चौधरीसँग २०० मेगावाटको परियोजनाका लागि सम्झौता भएको बताउँदै उनले बर्दिवासमा जग्गासमेत खरिद गरेको बताए। तर नेपाल विद्युत् प्राधिकरणले विद्युत् खरिद सम्झौता नगरिदिएपछि काम अघि बढ्न नसकेको राउतको दाबी छ।

### किसानको समस्यामा...

यसअघि जग्गा विवादकै कारण धनुषाको बटेश्वर गाउँपालिका-१ मा सोलार प्लान्ट जडान योजना विवादित बनेको थियो। आँप बगैँचा मासेर सोलार प्लान्ट राख्न लागिएको भन्दै स्थानीयले विरोध जनाएपछि काम नै स्थगित भयो। अपी पावर लिमिटेडले बाराको सिमरा, धनुषाको ढल्केबर र रौतहटको चन्द्रनिगाहपुरमा गरी १ देखि ४ मेगावाटसम्मका ३ वटा सौर्य विद्युत् परियोजना सञ्चालन गरिसकेको छ। बारा परवानीपुरको भुलहीमा ८ मेगावाटको आयोजना निर्माणाधीन छ। कम्पनीका अनुसार यी परियोजनामा मात्र ५० एकडभन्दा बढी जग्गा प्रयोग भइसकेको छ। कम्पनीले उक्त जग्गा बाँझो र खेती नलाग्ने दाबी गरे पनि सबै जग्गा खेतीयोग्य र सिँचाइ सुविधा भएका हुन्।

### सौर्य ऊर्जा कति...

आव २०८२/८३ मा सिञ्चित नभएका क्षेत्रलाई समेटेर नयाँ सिँचाइ प्रणालीको सम्भाव्यता अध्ययन गर्ने लक्ष्य राखिएको छ। सौर्य ऊर्जाविद्हरूका अनुसार वायु प्रदूषण र ध्वनि प्रदूषणसमेत नहुने भएकाले मधेसमा वातावरणीय हिसाबले पनि सौर्य ऊर्जा महत्त्वपूर्ण रहेको बताउँछन्। वातावरणविद्हरू पनि यसले जलवायु परिवर्तनको असर कम गर्न सहयोग गर्ने बताउँछन्।सन् २०२२ मा 'नेपालमा प्रादेशिक स्तरमा सौर्य र वायु ऊर्जा सम्भाव्यता मूल्यांकन : भूस्थानिक र आर्थिक विश्लेषण' शीर्षकमा दीपेन्द्र न्यौपाने, सागर काफ्ले, काजीराम कार्की, देई ह्युन किम र प्रजाल प्रधानले अनुसन्धानपत्र तयार पारेका छन्। जसमा समग्र नेपालको बाँझो र नदीउकास जग्गाका आधारमा सौर्य ऊर्जा उत्पादन क्षमता वार्षिक ५७ हजार ५१९ गिगावाट प्रतिघन्टा छ, जसको कुल स्थापित क्षमता ४७ हजार ६२८ मेगावाट हुने उल्लेख छ। कर्णाली र गण्डकी प्रदेशमा सबैभन्दा बढी गुणस्तरीय सौर्य र वायु ऊर्जा निकाल्न सकिने र मधेस प्रदेश तेस्रो-उच्चतम सौर्य ऊर्जा उत्पादन र स्थापित क्षमता भएको अनुसन्धानको निष्कर्ष छ।

जापान सरकार, एडिपिसी र युएनडिपीको सहयोगमा सर्लाही र सिरहा जिल्लामा १५७ किलोवाट क्षमताका ७ वटा सौर्य पम्प र लालबन्दीको तिनजुरेमा एग्रिभोल्ट्याक्स जडानले अहिले चुरे क्षेत्रका स्थानीयमा उत्साह छाएको छ। स्थानीय बुद्धिमान तामाङ सोलारबाट पानी तान्ने आयोजनाका कारण चुरे क्षेत्रको हरिवनवासीको जीविकोपार्जनको तौरतरिका नै फेरिएको बताउँछन्। ५ करोड ८२ लाख ५६ हजार ८६० रुपैयाँको लागतमा यी परियोजना सञ्चालित छन्।

### उत्पादन बढ्दा पनि...

२०७०/७१ मा ५० लाख ४७ हजार मेट्रिक टन धान उत्पादन भएकामा २०८१/८२ मा ५९ लाख ५४ हजार मेट्रिक टन पुगेको छ। यो अवधिमा धानको उत्पादकत्व प्रतिहेक्टर ३.४ बाट बढेर ४.२ पुगेको छ। राष्ट्र बैंकका अनुसार आव २०७१/७२ मा १४ लाख २६ हजार हेक्टरमा धान खेती गरिएकामा ४७ लाख ८९ हजार मेट्रिक टन धान उत्पादन भएको थियो।

यस्तै, आव २०७२/७३ मा १३ लाख ६३ हजार हेक्टरमा ४२ लाख ९९ हजार मेट्रिक टन, २०७३/७४ मा १५ लाख ५२ हजार हेक्टरमा ५२ लाख ३० हजार मेट्रिक टन, २०७४/७५ मा १४ लाख ६९ हजार हेक्टरमा ५१ लाख ५२ हजार मेट्रिक टन, २०७५/७६ मा १४ लाख ९२ हजार हेक्टरमा ५६ लाख १० हजार मेट्रिक टन र २०७६/७७ मा १४ लाख ५९ हजार हेक्टरमा ५५ लाख ५१ हजार मेट्रिक टन उत्पादन भएको तथ्यांक छ। २०७७/७८ मा १५ लाख ७ हजार हेक्टरमा ५६ लाख ९६ हजार मेट्रिक टन, २०७८/७९ मा १४ लाख ७७ हजार हेक्टरमा ५१ लाख ३२ हजार मेट्रिक टन, २०७९/८० मा १४ लाख ४७ हजार हेक्टरमा ५४ लाख ८६ हजार मेट्रिक टन र २०८०/८१ मा १४ लाख ३८ हजार हेक्टरमा ५७ लाख २४ हजार मेट्रिक टन धान उत्पादन भएको सरकारी तथ्यांक छ।

चालु आव २०८२/८३ मा भने वर्षाका कारण कृषि क्षेत्रमा भएको क्षतिले धानको उत्पादनमा ३ प्रतिशतले कमी आउने प्रक्षेपण गरिएको छ। वर्षाका कारण देशभर कृषि तथा पशुपन्छी क्षेत्रमा ३ अर्ब ५५ करोडको क्षति भएको तथ्यांकका आधारमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले धान उत्पादन घट्ने प्रक्षेपण गरेको हो। यस वर्ष ६० लाख मेट्रिक टनभन्दा बढी धान उत्पादन हुने प्रारम्भिक अनुमान गरिएको थियो। दुई तिहाइभन्दा बढी किसानको जीविका र आम्दानीको प्राथमिक स्रोत मानिने धानले कृषि कुल गार्हस्थ्य उत्पादनमा २० प्रतिशत र कुल गार्हस्थ्य उत्पादनमा ७ प्रतिशतभन्दा बढी योगदान गरिरहेको छ।

### कुन प्रदेशमा कति उत्पादन ?

प्रदेशगत हिसाबले आव २०८१/८२ मा सबैभन्दा धेरै धान मधेस प्रदेशमा उत्पादन भएको छ भने सबैभन्दा कम कर्णालीमा छ। मधेसमा १४ लाख ८० हजार ८२९ मेट्रिक टन उत्पादन हुँदा कोसीमा १४ लाख ६६ हजार ५१९, कर्णालीमा १ लाख ३० हजार ११९, लुम्बिनीमा १३ लाख ६२ हजार ६६९, बाग्मतीमा ४ लाख ९८ हजार ६६१, गण्डकीमा ३ लाख ७९ हजार ३२ र सुदूरपश्चिम प्रदेशमा ६ लाख ३६ हजार २११ मेट्रिक टन धान उत्पादन भएको छ।

### उत्पादन बढे पनि अर्बौंको धान–चामल आयात

धान उत्पादन वृद्धि हुँदै गए पनि भारतसहित तेस्रो मुलुकबाट वार्षिक अर्बौं रुपैयाँको धान र चामल आयात हुने गरेको छ। नेपालमा वार्षिक झन्डै ७ लाख मेट्रिक टन धानको माग रहेको बताइन्छ। नेपाली उत्पादनले माग धान्ने अवस्था नरहेको र नेपालमा भित्रिने विप्रेषणले सहरिया जीवनशैली बाँच्न चाहनेको संख्या बढ्दा धान र चामलको आयात निरन्तर बढ्दै गएको हो। नेपालले आव २०३५/३६ मा २४ करोड ३८ लाख ६३ हजार रुपैयाँको चामल निर्यात गरेको तथ्यांक छ। त्यसबेला जनसंख्या र उपभोग दर न्यून भएकाले निर्यात भएको सरकारी दाबी छ। उपभोक्ताले पनि मिठोमसिनो र बास्नादार चामल प्रयोगमा बढी ध्यान दिन थालेपछि नेपाली किसानको धान बिक्री नहुने, तर विदेशबाट महँगो धान र चामल आयात गर्नुपरिरहेको बताइन्छ।

सरकारी तथ्यांकअनुसार आव २०७६/७७ मा २२ अर्ब २४ करोड रुपैयाँको चामल र १० अर्ब ४८ करोडको धान आयात भएको देखिन्छ। २०७७/७८ मा २७ अर्ब ६३ करोडको चामल र २० अर्ब ५५ करोडको धान, २०७८/७९ मा २९ अर्ब ५ करोडको चामल आयात भएको देखिन्छ। २०७९/८० मा १५ अर्ब ६३ करोडको चामल र २० अर्ब ७५ करोडको धान, २०८०/८१ मा ९ अर्ब २९ करोडको चामल र १२ अर्ब ९४ करोडको धान आयात भएको सरकारी तथ्यांक छ भने गत आव २०८१/८२ मा ३९ अर्ब ८८ करोड ३५ लाख ८७ हजार रुपैयाँको धान र चामल आयात भएको छ।


## Yangwarak Rural Municipality

### Office of Rural Municipal Executive

Tharpu, Panchthar

## Invitation for Online Bids

**Date of publication:- 2082/09/27**

Yangwarak Rural Municipality, Tharpu, Panchthar, invites electronic bids from eligible Nepalese bidders under National Competitive Bidding procedures.

| S. N. | Description Of Works | Contract Identification No. | Estimate Amount NRs (With VAT& PS) | Bid Security Amount (Nrs.) | Bid Document Fee (NRs) | Bid Submission Date | Bid Opening Date | Bid Validity Period |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction of Sarkidanda Hilihang Motarbato Starunnati | YRM/NCB/Works/ No-03-2082/83 | 24,99,728.90 | 70,000 | 3,000 | 2082/10/27 on or before 12:00 Noon | 2082/10/27, At 1:00 PM | 90 Days |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Yangwarak Rural Municipality, Tharpu, Panchthar, or may visit the PPMO website www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**



Government Of Nepal
Ministry Of Agriculture and Livestock Development
Department of Livestock Services
National Livestock Resource Management and Promotion Office

## Sheep Genetic Resource Center

Pansayakhola, Nuwakot

## Second Notice For Sealed Quotation

Date of Publication: 2026/01/11

Sheep Genetic Resource Center, Pansayakhola, Nuwakot, invites electronic Sealed Quotation from Eligible Bidders for the following works. Eligible bidders may obtain further more information and inspect the Sealed Quotation forms through PPMO e-GP system www.bolpatra.gov.np.

| Contract No. | Description | Estimate Amount With VAT and PS | Bid Security Amount | Price of Bid Documents | Last Date of Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| SGRC/SQ/WORKS/04/ 2082/083 | श्रोतकेन्द्र परिसर भित्रको पहिरो ग्रस्त क्षेत्रमा वाल निर्माण | NRS: 1209269.97 | 33000 | 1000 | 26-01-2026 12:00 PM | 26-01-2026 12:10 PM |

Senior Livestock Development Officer



## Gramthan Rural Municipality

### Office of the Rural Municipal Executive

**Tetariya, Morang**
**Koshi Pradesh, Nepal**

## Invitationfor Bids (e-bid only)

**Date of Second Publication: 2082/09/27**

1. Gramthan Rural Municipality, Office of the Rural municipal Executive, Tetariya, Morang invites electronic bids from Nepalese eligible bidders for the construction of work as stated in table below.

| Contract ID/ IFB No. | Description | Estimated Amount (exclusive VAT) | Bid Document Fee | Bid Security | Remarks |
|---|---|---|---|---|---|
| G.R/SQ/GOODS/ 9-082-083 | Supply and Delivery of Medicine to Gramthan Rural Municipality, Tetariya | 1368738.6 | 1000 | 39000 | |



## बुढानीलकण्ठ हेरिटेज लिमिटेड

**बुढानीलकण्ठ नगरपालिका वडा नं. ०१, तौलुङ, काठमाण्डौं**
**फोन नं.: ९८५१०-६१५१०, ई-मेल: bhpl2020gmail.com**

### शिलबन्दी बोलपत्रद्वारा शेयर बिक्री गर्ने बारे सूचना

*दोस्रो पटक प्रकाशित मिति : २०८२/०९/२७*

बुढानीलकण्ठ हेरिटेज लिमिटेडले मिति २०८२।०७।२५ देखि २०८२।०९।२३ गतेसम्म बिक्री खुल्ला गरिएको हकप्रद शेयर मध्ये ८,५४,२८१ कित्ता शेयरको लागि आवेदन नपरेको हुँदा सञ्चालक समितिको निर्णय बमोजिम उक्त शेयर कम्तिमा रु.१५० (एक सय पचास) प्रति कित्ताका दरले गोप्य शिलबन्दी बोलकबोल बढाबढमा संस्थापक शेयरधनीहरुले कम्तिमा १,००० कित्ता र बाह्यि व्यक्ति तथा संस्थाले कम्तिमा २०,००० कित्ता नघटाई मिति २०८२।०९।२६ देखी २०८२।०९।२८ बैकिङ समय सम्म बुढानीलकण्ठ हेरिटेज लिमिटेडको नेपाल एस.बि.आई.बैंक लिमिटेडको कमर्सियल शाखा लैनचौरमा रहेको खाता नं. २२५२५२४०२००३११ मा जम्मा गरी सोको सक्कल भौचर र आबेदन फारम कम्पनीको रजिष्टर्ड कार्यालय होटल लेमन ट्री प्रिमियर बुढानीलकण्ठमा बुझाउनु हुन हार्दिक अनुरोध गर्दछौं।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**



## Nepal Electricity Authority

## Invitation for Electronic Bids

**(Date of publication 11th January, 2026 (27/09/2082)**

| Name of Office | Tender No./ Types of Bidding | Description of Works/Jobs |
|---|---|---|
| General Service Department (Tel No :01-4153099) | NEA/GSD/SQ/ G/2082/83-02 | प्रशोधित पिउने पानी (मिनरल वाटर) आपूर्ति गर्ने । |
| Dadeldhura Distribution Centre (Tel No.096-420263) | NEA/DDC/2082-083/SQ-02 | Supply and Delivery of Electricals goods |

Please visit official website of PPMO **(www.bolpatra.gov.np/egp)** for more details



## कल्पवृक्ष वचत तथा ऋण सहकारी संस्था लि.

**मध्यपुर ठिमी न.पा. वडा नं राधे, राधे भक्तपुर**

### धितो शेयर लिलाम सम्बन्धी ३५ दिने सूचना

यस सहकारी संस्था लिमिटेडका तपसिलका ऋणी सदस्यले व्यापार व्यवसाय गर्न भनी उपभोग गरेको ऋण कर्जाको साँवा व्याज र हर्जना समेत लिखत शर्त बमोजिम बुझाउनु पर्नेमा संस्थाले पटक पटक लिखित एवं मौखिक सूचना जारी गरी ताकेता गर्दा समेत हालसम्म नबुझाई शर्त उलंघन गर्नुको साथै संस्थाको कर्जा भुक्तानी गर्ने तर्फ कुनै चाँसो नदेखाई वेवास्ता गर्नु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र ऋणको सावा व्याज हर्जना समेत चुक्ता गरी आफ्नो हर हिसाव फर्छौट गरी आफूले संस्थामा राखेको धितो शेयर संरक्षण गर्नुहोला अन्यथा सहकारी ऐन, २०७४ एवं नियमावली २०७५, संस्थाको विनियम र प्रचलित कानून बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन तपसिलमा उल्लेखित मिति समय र स्थानमा धितो सुरक्षणमा रहेका तपसिल बमोजिमका धितो शेयरको डाँक बढाबढ गरी लिलाम विक्री गरी संस्थाले आफ्नो लेना रकम असुल उपर गरी लिने हुँदा शेयर लिलाम सकार गरी लिन चाहानु हुने व्यक्ति कम्पनी फर्म संघ संस्थाहरु समेतको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि.नं. | ऋणीको नाम, ठेगाना र तिनपुस्ते | धितोको विवरण |
|---|---|---|
| १ | श्री राम कुमार राई, सदस्यता नं. ११५<br>जिल्ला खोटाङ्ग बुइपा ४ घर भई हाल का.म.न.पा. वडा नं. ३४ काठमाण्डौं। | GUFLPO ३७२०<br>PRVUPO २५००१ |

**पुनश्चः**

१. यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिनमा, सो दिन विदा परेमा त्यसको भोलिपल्ट संस्थाको कार्यलयमा दिउँसो १ बजे डाँक बढाबढ मार्फत शेयर धितो लिलाम गरिनेछ।
२. धितोमा रहेको शेयरको पंचकीर्ते मूल्य कायम गरी सो मूल्यबाट डाँक बढाबढ सुरु हुनेछ। जस्ले बढी डाँक बोल्छ। त्यसको नाममा लिलाम स्वीकृति गरिनेछ।
३. कुनै पनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा नेगोसिएसन गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित हुनेछ।
४. लिलाम विक्रीको कार्य सकिनासाथ लिलाम सकार गर्ने व्यक्तिबाट सकार गरेको मूल्यको १०% धरौटीको रुपमा बुझाउनु पर्नेछ। बाँकी लिलाम सकार गरेको मितिले ७ दिन भित्र संस्थामा बुझाई सक्नु पर्नेछ।
५. लिलाम सकार गरेको धितो वापतको शेयरे स्वामित्व हस्तान्तरण गर्दा लाग्ने दस्तुर राजस्व लिलाम सकार गर्ने व्यक्तिले आफैले वा संस्थाले व्यहोर्नुपर्नेछ।
६. धितो लिलाम बारेमा अन्य आवश्यक कुराहरु बुझ्नु परेमा कार्यलय समयमा संस्थामा सम्पर्क गरी बुझ्न सकिनेछ।

**कर्जा समिति**
**कल्पवृक्ष वचत तथा ऋण सहकारी संस्था लि.**

### मनी लाउन्डरिङ नियन्त्रणको प्रयास

# नगद कारोबार ५ लाखमा सीमित

■ सौर्य समाचार

काठमाडौँ । मनी लाउन्डरिङ नियन्त्रणको प्रयास स्वरुप सरकारले नगद कारोबारको सीमा घटाएको छ । नगद कारोबारको नयाँ सीमा र सर्तहरू सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ को अधिकार प्रयोग गर्दै नेपाल सरकार मन्त्रपरिषद बैठकले १५ मंसिरमा नगद कारोबारको सीमा तोकेको थियो । सरकारको निर्णयलाई नेपाल राष्ट्र बैंकले कार्यान्वयनमा ल्याउन बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको छ । अर्थ मन्त्रालयले बिहीबार सोसम्बन्धी व्यवस्थाको सूचना राजपत्रमा प्रकाशित गरेको थियो । यो व्यवस्था लागु भएपछि २०७३ चैत १० गते प्रकाशित पुरानो सूचना खारेज हुने उल्लेख छ ।

आगामी माघ १ गतेदेखि नगद कारोबारको सीमा ५ लाख बराबरको हुने भएको हो । केन्द्रीय बैंकले यसभन्दा अघिको १० लाखसम्मको नगद कारोबार घटाइ ५ लाखमा झारेको हो । साथै, ५ लाखभन्दा धेरै रकम सम्बन्धित व्यक्तिको खातामा मात्रै जम्मा हुन सक्ने व्यवस्था गरेको छ ।



सरकारले सम्पत्ति शुद्धीकरण न्यूनीकरण गर्न नगद कारोबारलाई १० लाखबाट ५ लाखमा घटाएको थियो । नयाँ व्यवस्थाअनुसार अब कुनै पनि व्यक्ति, फर्म, कम्पनी वा संस्थाले एक पटकमा ५ लाख रुपैयाँ वा सोभन्दा बढी मूल्यको सेवा, वस्तु वा अन्य कुनै पनि कारोबार गर्दा अनिवार्य रूपमा बैंक वा वित्तीय संस्थामार्फत वा बैंकिङ उपकरण (चेक, ड्राफ्ट आदि) प्रयोग गर्नुपर्नेछ ।

त्यस्तै लघुवित्त वित्तीय संस्थाले पनि सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन २०६४ को उद्देश्यमा समेत सहयोग पुऱ्याउन ५ लाख वा त्यसभन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्य एकाउन्ट पेयी चेकमार्फत गर्नुपर्ने व्यवस्था केन्द्रीय बैंकले गरेको छ । प्राथमिकता प्राप्त पूर्वाधार आयोजनाहरु, जलविद्युत्, सडक, सञ्चार जस्ता क्षेत्रका कर्मचारी, श्रमिकको पारिश्रमिक ज्याला भुक्तानी गर्न भने समस्या नपर्ने केन्द्रीय बैंकले प्रष्ट पारेको छ ।

यस्तै, केही विशेष अवस्थाहरूमा भने यो सीमा लागु हुने छैन । जसअन्तर्गत बैंक तथा वित्तीय संस्थामा निक्षेप संकलन, बचत वा विदेशी मुद्रा सटही गर्दा, बैंकबाट लिएको कर्जाको सावाँ तथा ब्याज भुक्तानी गर्दा र वित्तीय संस्थाहरूबीच हुने नगद कारोबारमा भने बैंकिङ प्रणाली अनिवार्य छैन । यस्तै, विभिन्न आयोजनामा आवश्यक मालसामानको आपूर्ति गर्न, सरकारलाई बुझाउनुपर्ने राजश्व भुक्तानी गर्न, बिगो धरौटी जमानत रकम जम्मा गर्न, पेन्सन क्याम्प मार्फत पेन्सन वितरण गर्न कुनै समस्या हुने छैन ।

सरकारले वितरण गर्ने राहत अनुदान सहायता वितरण गर्न, विप्रेषण कम्पनी, एजेन्टले विप्रेषण प्राप्त गर्ने व्यक्तिलाई रकम भुक्तानी गर्न पनि केन्द्रीय बैंकको पछिल्लो व्यवस्थाले कुनै वाधा गर्ने छैन । बचत तथा ऋण सहकारी संस्थालाई आफ्ना सदस्यसँगको दैनिक कारोबारको भुक्तानी नगदमा गर्न सकिनेछ ।

# एउटै वडाबाट १० करोडको सुन्तला बिक्री भए

■ सौर्य समाचार



स्याङ्जा । स्याङ्जाको भीरकोट-७ बाट यस वर्षमात्रै १० करोडभन्दा बढीको सुन्तला बिक्री भएको छ । वडाका विभिन्न टोलमा रहेका सुन्तला बगैँचाबाट गाउँमा १० करोड रुपैयाँभन्दा बढी भित्रिएको हो । वडाभित्रका सुन्तला उत्पादक कृषकहरूसँग लिइएको तथ्यांकका आधारमा यस वर्षमात्रै ७ नं वडाबाट रु दश करोडभन्दा बढीको सुन्तला बिक्री भएको वडाध्यक्ष तारा अर्यालले जानकारी दिए ।

वडाका जिमिरे, लोलुंगा, बलमाटा, तिलाहार, पाङसाङ, पासिन्डाँडा, कोलडाँडा, धोवादीलगायत टोलका स्थानीय सुन्तला व्यावसायी कृषकहरूले न्यूनतम एक लाखदेखि अधिकतम ३५ लाख रुपैयाँसम्म आम्दानी गर्न सफल भएका उनले बताए । सुन्तला उत्पादक कृषकले ठेक्का तथा प्रतिकेजी किलोको ७० रुपैयाँका दरले बोटबाटै बिक्री गरेका हुन् ।

'सुन्तला उत्पादक कृषकहरूले बिक्री गरेको परिमाण, मूल्यका आधारमा जानकारी लिँदा सुन्तला बिक्रीबाट दश करोडभन्दा बढी आम्दानी भएको पाइयो', उनले भने, 'वडामा सुन्तलाको बगैँचा विस्तार गर्ने क्रम जारी रहेकाले आगामी वर्षहरूमा उत्पादन वृद्धि हुँदै जाँदा आम्दानी पनि स्वतः वृद्धि हुनेछ ।' सुन्तलाबाट राम्रो आम्दानी हुन थालेपछि कोदो, मकै हुने बारीहरूमा सुन्तला बगैँचा विस्तार गर्ने क्रम बढ्दै गएको छ । सुन्तलाको पकेट क्षेत्रको रूपमा रहेको भीरकोट-७ मा तीन वर्षअघि बगैँचा विस्तार गरिएको थियो ।

आम्दानीसित जोड्नका लागि थप ५०० रोपनी क्षेत्रफलमा १५ हजार ५०० बिरुवा रोपिएको थियो । यहाँका कृषकहरूलाई सुन्तलाखेतीप्रति थप आकर्षित गर्नका लागि सुन्तला बगैँचा व्यवस्थापन शिविर, उपकरण हस्तान्तरण, रोग कीरा नियन्त्रणसम्बन्धी सहजीकरण तथा परामर्श दिइएको उनले बताए । 'यहाँ उत्पादन भएको सुन्तला काठमाडौँ, पोखरा, बुटवल, नारायणगढसहित स्थानीय बजारमा खपत हुने गरेको छ', उनले भने, 'ज्याला, ढुवानीसहित हाल प्रतिकेजी ७० रुपैयाँका दरले बोटबाटै व्यापारीले लैजाने भएकाले बजारको कुनै समस्या छैन ।'

भीरकोट-७ जिमिरेका सुन्तला कृषक देवीलाल अर्यालले यस वर्ष १५ लाखभन्दा बढीको सुन्तला बिक्री गरेका छन् । उनले अहिले प्रतिकेजी ७० रुपैयाँका दरले सुन्तला बगैँचाबाटै बिक्री गरिरहेका छन् । सोही वडाको लोलुंगाका ७१ वर्षीय लालप्रसाद कोइरालाले पनि यस वर्ष १५ लाखभन्दा बढीको सुन्तला बिक्री गरेका छन् । यहाँका विभिन्न टोलमा रहेका सुन्तला बगैँचाबाट धेरैजसो सुन्तला बिक्री भइसकेको छ भने केही बिक्री हुनेक्रममा छन् ।

स्याङ्जाबाट यस वर्ष १ अर्ब ३२ करोड मूल्यको सुन्तला उत्पादन भएको छ । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ स्याङ्जाका सूचना अधिकारी प्रतिभा बुढाथोकी क्षेत्रीका अनुसार स्याङ्जामा यस वर्ष कूल २३ हजार २३८ मेट्रिक टन सुन्तला उत्पादन भएको हो । स्याङ्जामा गत वर्षको तुलनामा यस वर्ष २० करोड बढी मूल्यको सुन्तला उत्पादन भएको हो । गत वर्ष २० हजार ८४ मेट्रिक टन सुन्तला उत्पादन भएको थियो ।

### नेपालमा २०.२७ प्रतिशत जनसंख्या गरिबीको रेखामुनी

# सबैभन्दा बढी गरिब सुदूरपश्चिम र कम गण्डकीमा



■ सौर्य समाचार


काठमाडौँ । नेपालमा करिब २०.२७ प्रतिशत जनसङ्या गरिबीको रेखाभन्दा तल रहेको देखिएको छ । राष्ट्रिय तथ्यांक कार्यालयले शुक्रबार सार्वजनिक गरेको गरिबीको लघुक्षेत्र अनुमान-२०२३ प्रतिवेदनअनुसार सहरी क्षेत्रमा १८.३४ प्रतिशत र ग्रामीण क्षेत्रमा २४.६६ प्रतिशत जनसंख्या गरिबीको रेखाभन्दा तल रहेको छ ।

राष्ट्रिय तथ्यांक कार्यालयले विसं २०५२ देखि नेपाली जनताको जीवनस्तर तथा मौद्रिक गरिबी मापनका लागि विश्व बैंकद्वारा विकास गरिएको जीवनस्तर मापन अध्ययन विधिको अनुसरण गर्दै नेपाल जीवनस्तर सर्वेक्षण सञ्चालन गर्दै आएको छ। आधारभूत लागत विधिको प्रयोग गरी नेपालमा मौद्रिक गरिबी मापन गर्रिदै आएको कार्यालयले जनाएको छ ।

यसपटक गरिबी मापनका लागि प्रतिव्यक्ति वार्षिक ७२ हजार ९०८ रुपैयाँ बराबरको नयाँ गरिबीको रेखा निर्धारण गरिएको छ । यसअघि विसं २०६६/६७ मा गरिबीको रेखा १९ हजार २६१ रुपैयाँ निर्धारण गरिएको थियो । नयाँ गरिबीको रेखाअनुसार प्रतिवर्ष प्रतिव्यक्ति कुल ७२ हजार ९०८ रुपैयाँ भन्दा कम खर्च गर्ने व्यक्तिलाई गरिबको वर्गमा राखिएको छ । प्रदेशगत रूपमा हेर्दा सबैभन्दा बढी गरिबीको दर सुदूरपश्चिम प्रदेशमा ३४.१६ प्रतिशत रहेको छ, भने सबैभन्दा कम गण्डकी प्रदेशमा ११.८८ प्रतिशत छ । कोशी प्रदेशमा १७.१९, मधेश प्रदेशमा २२.५३, बागमती प्रदेशमा १२.५९, लुम्बिनी प्रदेशमा २४.३४ र कर्णाली प्रदेशमा २६.६९ प्रतिशत गरिबीको दर रहेको प्रतिवेदनले देखाएको छ । प्रतिवेदनअनुसार स्थानीय तहस्तरको विश्लेषण गर्दा ३०९ वटा स्थानीय तहको गरिबीको दर राष्ट्रिय औसत २०.२७ प्रतिशतभन्दा कम रहेको छ, भने ४४४ वटा स्थानीय तहको गरिबीको दर राष्ट्रिय औसतभन्दा बढी छ । स्थानीय तहमा गरिबीको दर न्यूनतम १.१८ प्रतिशतदेखि अधिकतम ७७.८९ प्रतिशतसम्म रहेको छ ।

पालिकास्तरमा हेर्दा सबैभन्दा बढी गरिबीको दर जाजरकोटको जुनीचाँदे गाउँपालिकामा ७७.८९ प्रतिशत रहेको छ, भने सबैभन्दा कम अर्थात् १.१८ प्रतिशत मुस्ताङको घरपझोङ गाउँपालिकामा रहेको छ । गरिबीको रेखाभन्दा तल रहेको जनसंख्या संख्यात्मक रूपमा सबैभन्दा बढी काठमाडौँ महानगरपालिकामा (५९ हजार २१८) रहेको छ । काठमाडौँ महानगरपालिकामा गरिबीको दर ६.८७ प्रतिशत रहेको छ । जिल्ला तहको विश्लेषण गर्दा सबैभन्दा बढी गरिबीको दर सुदूरपश्चिम प्रदेशको अछाम जिल्लामा ४९.५८ प्रतिशत र सबैभन्दा कम गण्डकी प्रदेशको कास्की जिल्लामा ५.६३ प्रतिशत रहेको छ । जिल्लागत रूपमा हेर्दा ३४ जिल्लाको गरिबीको दर राष्ट्रिय औसतभन्दा कम र ४३ जिल्लाको गरिबीको दर राष्ट्रिय औसतभन्दा बढी रहेको प्रतिवेदनमा उल्लेख छ ।

# आयल निगम साढे १३ अर्ब नाफामा



■ सौर्य समाचार

काठमाडौँ । नेपाल आयल निगमले साढे १३ अर्ब रुपैयाँ खुद नाफा आर्जन गरेको छ । गत आर्थिक वर्ष २०८१/८२ मा वर्षमा ३ खर्ब ६६ अर्ब रुपैयाँको कारोबार गरेको निगमले १३ अर्ब ६७ करोड रुपैयाँ खुद नाफा आर्जन गरेको हो । निगमले सरकारलाई करिब १ खर्ब २४ अर्ब रुपैयाँ राजस्व योगदान गरेको छ ।

निगमको ५६औँ वार्षिकोत्सवका अवसरमा कार्यकारी निर्देशक चण्डिकाप्रसाद भट्टले भन्सार शुल्क, सडक मर्मत शुल्क र मूल्य अभिवृद्धि करमार्फत बुझाइएको यो रकम सरकारको कुल वार्षिक राजस्व लक्ष्यको करिब १० प्रतिशत बराबर रहेको जानकारी दिए ।

उनका अनुसार निगमले वार्षिक रूपमा पेट्रोल ६३ हजार किलोलिटर, डिजेल २ लाख २२ हजार किलोलिटर, हवाई इन्धन १८ हजार किलोलिटर तथा ४६ हजार टन एलपी ग्यास आपूर्ति गर्दै आएको छ । दैनिक रूपमा औसत ७५ लाख लिटर पेट्रोलियम पदार्थ देशभर वितरण भइरहेको निगमको तथ्यांक छ ।

निगमले आन्तरिक ऋण र इन्डियन आयल कर्पोरेसनको सम्पूर्ण बक्यौता चुक्ता गरिसकेको र पछिल्ला दुई वर्षदेखि सरकारलाई १० प्रतिशतका दरले लाभांश वितरण गर्दै आएको छ । निगममा करिब ७०० स्थायी र ३०० ज्यालादारी कर्मचारी कार्यरत छन् । औसतमा १ जना कर्मचारीले करिब २० हजार उपभोक्तालाई सेवा दिइरहेको भट्टले बताए ।

२०७१ सालदेखि लागू गरिएको स्वचालित मूल्य प्रणालीले निगमलाई आर्थिक रूपमा सबल र स्थिर बनाएको भट्टको भनाइ छ । हाल मोतिहारी-अमलेखगञ्ज ७२ किलोमिटर लामो पेट्रोलियम पाइपलाइन र १७ हजार किलोलिटर क्षमताको भण्डारण गृह सञ्चालनमा छन् । पाइपलाइनमार्फत इन्धन आयात गर्दा उपभोक्ताले प्रतिलिटर करिब २ रुपैयाँ सस्तोमा पेट्रोलियम पदार्थ पाउन थालेका छन् ।

निगमले आगामी दिनमा सिलिगुडी-चारआली (५० किलोमिटर) र अमलेखगञ्ज-लोथर (६५ किलोमिटर) पाइपलाइन विस्तार गर्ने योजना अघि बढाएको छ । लोथरमा ९१ हजार ८ सय किलोलिटर क्षमताको ठूलो भण्डारण गृह निर्माण प्रक्रिया पनि सुरु भइसकेको छ । साथै पोखरा अन्तर र्ाष्ट्रिय विमानस्थलमा ३ हजार ६ सय किलोलिटर र पोखराकै गगनगौँडामा १० हजार किलोलिटर क्षमताको स्टोरेज ट्यांक निर्माण सम्पन्न भई सञ्चालनको तयारीमा छन् ।

# जेनजी आन्दोलनमा क्षतिग्रस्त १३० भवनको मात्रै बिमा

■ सौर्य समाचार

काठमाडौँ । गत भदौ २३ र २४ मा भएको जेनजी आन्दोलनका क्रममा क्षति पुगेका भवनमध्ये केवल ४.९ प्रतिशत भवन बिमा भएको पाइएको छ । अर्थ मन्त्रालयले सार्वजनिक गरेको 'क्षतिको मूल्यांकन र सार्वजनिक संरचनाको पुनर्निर्माण योजनासम्बन्धी प्रतिवेदन' अनुसार, प्रदर्शनका कारण कुल २ हजार ६७१ भवन क्षतिग्रस्त भएका छन् । तर, तीमध्ये केवल १३० भवन बिमा भएको प्रतिवेदनमा उल्लेख छ । क्षतिग्रस्त भवनको बिमांक रकम ३४ अर्ब ९५ करोड ७० लाख रुपैयाँ रहेको छ ।

बिमा भएका भवनमध्ये सरकारी भवन १९ र निजी भवन १११ रहेको छ । क्षति भएका भवनमध्ये १२१ भवनको दाबी भइसकेको छ भने ११२ भवनको दाबी प्रक्रियामा छ । ६ भवनको मूल्यांकन अझै भएको छैन भने ३ भवनको मूल्यांकन प्रक्रिया सम्पन्न भएको प्रतिवेदनमा उल्लेख छ ।

### कुल भौतिक क्षतिको मूल्य ८४ अर्ब ४५ करोड ७७ लाख

प्रतिवेदनअनुसार आन्दोलनको क्रममा ८४ अर्ब ४५ करोड ७७ लाख रुपैयताँ बराबरको भएको कुल भौतिक क्षति भएको छ । जुन देशको कुल गार्हस्थ्य उत्पादनको १.३८ प्रतिशत र चालु आर्थिक वर्षको बजेटको ४.३० प्रतिशत हो । कुल क्षति रकम मध्ये सरकारी/सार्वजनिक क्षेत्रमा ५३ प्रतिशत, निजी क्षेत्रमा ४० प्रतिशत र सामुदायिक तथा अन्य क्षेत्रमा ७ प्रतिशत अंश रहेको छ ।

आन्दोलनबाट बागमती प्रदेश सबैभन्दा धेरै प्रभावित भएको छ । आन्दोलनको क्रममा कुल २ हजार ६७१ भवन क्षतिग्रस्त भएका छन् जसमध्ये ७९.८ प्रतिशत सार्वजनिक भवन रहेका छन् । भवनमा ३९ अर्ब ३१ करोड ७५ लाख रुपैयाँ, सवारी साधनमा १२ अर्ब ९३ करोड ६१ लाख रुपैयाँ, अन्य भौतिक सम्पत्तिमा २० अर्ब ३६ करोड ४० लाख नगद तथा बहुमूल्य वस्तुमा २ अर्ब ८१ करोड ३४ लाख रुपैयाँ र बाँकी रकम ९ अर्ब २ करोड ६७ लाख अन्य अस्थायी सम्पत्ति तथा निजी सम्पत्तीमा क्षति भएको विवरण प्राप्त भएको छ ।

सार्वजनिक क्षेत्रमा कुल ४४ अर्ब ९३ करोड ७३ लाखको भौतिक क्षति भएको छ । यस मध्ये नेपाल सरकारले ६६ प्रतिशत, प्रदेश सरकारले १० प्रतिशत, स्थानीय तहले २१.८ प्रतिशत र सार्वजनिक संस्थानले २.२ प्रतिशत क्षति बेहोरेका छन् । सार्वजनिक क्षेत्रमा भएको कुल क्षति रकमको ४४.७ प्रतिशत भवनमा, २.६ प्रतिशत सवारी साधनमा २३.२ प्रतिशत अन्य भौतिक सम्पत्तिमा र २९.५ प्रतिशत अन्य अस्थायी तथा निजी सम्पत्तिमा रहेको देखिन्छ । प्रदेशगत रूपमा हेर्दा कुल भौतिक क्षति रकमको सबैभन्दा धेरै क्षति बाग्मती प्रदेशमा ६६.५ प्रतिशत रकम बराबरको रहेको छ ।

निजीक्षेत्रमा भएको कुल ३३ अर्ब ५४ करोड ८७ लाख क्षति भएको छ । निजी क्षेत्रतर्फ निजी प्रतिष्ठान र घरपरिवारमा भएको क्षति समावेश गरिएको छ । यस मध्ये निजी प्रतिष्ठानमा २७ अर्ब ४९ करोड ३ लाख, घरपरिवारमा ६ अर्ब ५ करोड ८४ लाख रकम बराबरको क्षति भएको देखिन्छ ।

# जग्गा भोगाधिकारमै अल्झिए गण्डकीका औद्योगिक क्षेत्र

■ सौर्य समाचार

कास्की । घोषणा भएको ८ वर्ष बितिसक्दा पनि गण्डकी प्रदेशका २ औद्योगिक क्षेत्र निर्माण अगाडि बढ्न सकेको छैन । कास्कीको पुँडीटार र नवलपुरको लोकाहाखोलामा बन्ने भनिएका औद्योगिक क्षेत्रका लागि प्रदेश सरकारले अझै जग्गाको भोगाधिकार पाएको छैन । दुवै प्रदेश गौरवका आयोजना हुन् । जग्गा प्राप्तिको प्रक्रिया लम्बिँदा औद्योगिक क्षेत्र निर्माणमा ढिलाइ भएको प्रदेशका उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्यालले बताए ।

'पुँडीटारमा अहिले कटान गर्नुपर्ने रुखको गणना र टाँचा लगाउने काम भइरहेको छ, लोकाहाखोलामा रुखको गणना भइसकेर प्रतिवेदन वन तथा भू-संरक्षण विभागमा पुगेको छ', उनले भने, 'संघको वन तथा वातावरण मन्त्रालयले प्रस्ताव लगेपछि बल्ल संघीय मन्त्रिपरिषद्ले प्रदेश सरकारलाई जग्गाको भोगाधिकार दिने निर्णय गर्छ ।'

प्रदेश सरकारलाई जग्गाको भोगाधिकार आएपछि औद्योगिक क्षेत्रमा संरचना निर्माणको काम अगाडि बढ्ने मन्त्री बस्यालले बताए । 'जग्गा प्राप्तिमै धेरै समय लाग्यो, संघ सरकारले जग्गाको भोगाधिकारको अनुमति जति छिटो दिन्छ, त्यहीअनुसार औद्योगिक क्षेत्र निर्माणले गति लिन्छ', मन्त्री बस्यालले भने, 'प्रदेश सरकारकातर्फबाट पनि यस विषयमा संघ सरकारसँग पटकपटक छलफल भएको छ, ध्यानाकर्षण गराइएको छ ।' उनले औद्योगिक क्षेत्र निर्माणका लागि जग्गाको यकिन र नापजाँच गर्ने काम भइसकेको बताए ।

दुवै औद्योगिक क्षेत्रको वातावरणीय प्रभाव मूल्यांकन (इआइए)पनि स्वीकृत भइसकेको मन्त्रालयले जनाएको छ । मन्त्रालयको उद्योग-वाणिज्य महाशाखाका प्रमुख महराज ढकालले दुवै जिल्लाका डिभिजन वन कार्यालयसँगको समन्वयमा औद्योगिक क्षेत्र निर्माणस्थलमा काट्नुपर्ने रुखको गणना गरिएको बताए ।

'औद्योगिक क्षेत्र निर्माण गर्दा काट्नुपर्ने रुखको गणनासहित क्षेत्रफल यकीन गरेर संघको वन तथा वातावरण मन्त्रालयमा प्रतिवेदन पठाउँदैछौँ', उनले भने, 'वन तथा वातावरण मन्त्रालयबाट प्रस्ताव स्वीकृत भएपछि सङ्घीय मन्त्रिपरिषद्बाट प्रदेश सरकारलाई जग्गा भोगाधिकार दिने निर्णय हुन्छ ।'

प्रस्तावित दुवै औद्योगिक क्षेत्रको जग्गा सामुदायिक वन क्षेत्रभित्र पर्छ । लोकाहाखोलाको जग्गा चुरे संरक्षण क्षेत्रभित्र पर्ने भएकाले 'इआइए'को प्रक्रिया पूरा गर्न धेरै समय लागेको महाशाखा प्रमुख ढकालले बताए । जग्गा प्राप्तिका लागि प्रदेश सरकारले यसअघि नै सङ्घको वन तथा वातावरण मन्त्रालयमा प्रस्ताव पठाएको थियो । वन तथा वातावरण मन्त्रालयको सहमतिपछि संघीय मन्त्रिपरिषद्ले प्रस्तावित औद्योगिक क्षेत्रका जग्गा उपलब्ध गराउने निर्णय गर्ने जनाइएको छ । प्रदेश सरकारले पुँडीटारमा ५४ करोड र लोकाहाखोलामा रु ७६ करोडको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) समेत तयार पारिसकेको छ । जग्गाको भोगाधिकार आएपछि पुँडीटारमा ४५ सय रोपनी र लोकाहाखोलामा एक सय ४१ विगाहामा औद्योगिक क्षेत्र निर्माण हुनेछ ।

पुँडीटार औद्योगिक क्षेत्रले कास्कीको पोखरा-३३ र तनहुँको शुक्लागण्डकी-९ को केही भूभागलाई समेट्छ । लोकाहाखोला औद्योगिक क्षेत्र नवलपुरको कावासोती-१ र देवचुली-१० मा स्थापना हुन लागेको हो । पुँडीटारमा केही अव्यवस्थित बसोबास रहेको ठाउँ रहे पनि बस्तीबाहेकको जग्गालाई मात्र समेटेर 'डिपिआर' बनाइएको मन्त्रालयले जनाएको छ । औद्योगिक क्षेत्र निर्माणको कामलाई प्रदेश सरकारले शीघ्र अगाडि बढाउनुपर्ने निजी क्षेत्रको माग छ ।

लेखनाथ उद्योग वाणिज्य संघले केही साताअघि प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे र उद्योग तथा पर्यटनमन्त्री बस्याललाई सो सम्बन्धमा ध्यानाकर्षण गराएको थियो । संघका अध्यक्ष जानुका पराजुली अधिकारीले जग्गाको भोगाधिकार लिन प्रदेश सरकारले ठोस पहल गर्नुपर्ने बताए ।

'निजी क्षेत्रका तर्फबाट हामी पनि संघ सरकारसँग मागपत्र बुझाउने तयारीमा छौँ, यतिका वर्षसम्म औद्योगिक क्षेत्रको निर्माण चर्चामा मात्र सीमित रहनु दुःखद् हो', उनले भने, 'औद्योगिक क्षेत्र निर्माणको घोषणाले उत्साहित बनेका उद्योगी र लगानीकर्ता पनि निराश हुनुपर्ने अवस्था सिर्जना भएको छ ।'

आफैँ जग्गा खरिद गरेर उद्योग, व्यवसाय सञ्चालन गर्न कठिन रहेको स्थितिमा औद्योगिक क्षेत्र निर्माण हुँदा लगानीकर्तालाई ठूलो लाभ मिल्ने अध्यक्ष अधिकारीको भनाइ छ । स्थानीय साधन, स्रोतको उपयोगसँगै रोजगारी सिर्जना र आर्थिक समृद्धिको लक्ष्यसहित प्रदेश सरकारले औद्योगिक क्षेत्र बनाउन लागेको हो ।

# रेशमखेती बिस्तारमा जोड




■ सौर्य समाचार

काठमाडौँ । ग्रामीण आयआर्जन तथा रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान दिन रेशमखेतीको बिस्तारमा जोड दिइएको छ । शनिबार ह्याण्डलुम फ्याब्रिक्स मेकर्स अफ नेपाल र रेशम विकास केन्द्रको संयुक्त आयोजनामा भएकोराष्ट्रिय रेशम सम्मेलनका वक्ताहरुले यस्तो जोड दिएका हुन् । कार्यक्रममा बोल्दै कृषि तथा पशुपन्छीमन्त्री डा. मदनप्रसाद परियारले रेशमखेतीले औद्योगिक विकास र विस्तार गर्दै आर्थिक समृद्धिमार्फत राष्ट्रिय अर्थतन्त्रमा योगदान पुग्न सक्ने प्रचुर सम्भावना रहेको बताए ।

उनले सीप तथा उद्यम विकासमा युवाको संलग्नता, आयत प्रतिस्थापन, निर्यात प्रवर्द्धन एवं जलवायु अनुकूलित हरित अर्थतन्त्रको प्रवर्द्धनमा पनि रेशमखेतीले योगदान दिनेमा विश्वास व्यक्त गरे । मन्त्री परियारले भने, 'रेशम उद्योगको भविष्य तीन तहकै सरकारबीच स्पष्ट भूमिका बाँडफाँड, निजी क्षेत्रसँगको विश्वसनीय साझेदारी, रेशम विकास केन्द्रलगायतका सरोकारवाला संस्थाको सवलीकरण, भरपर्दो समन्वय र सहकार्यमा निर्भर छ ।'

पूर्वमन्त्री आनन्दप्रसाद पोखेलले हावापानीका हिसाबले नेपाल कृषि संग्रहालयका रुपमा रहेको उल्लेख गर्दै यहाँका उत्पादनलाई पर्यटनसँग जोडेर लैजानु पर्ने धारणा राखे । उनले नेपालको पहिचान बोकेका स्थानीय उत्पादन तथा किम्बु र टिम्मुरजस्ता आय-आर्जनको सम्भावना बोकेका वस्तु प्रवर्द्धनमा सरकारको ध्यान जान जरुरी रहेको बताए ।

ह्याण्डलुम फ्याब्रिक्सका अध्यक्ष रोशनकुमार पोखरेलले रेशम कुनै साधारण रेशा मात्र नभइ इतिहास, संस्कृति, जीविकोपार्जन र भविष्यको सम्भावना भएको बताए । उनले भने, 'रेशमले हजारौ वर्षदेखि किसानलाई रोजगारी, सीप र सम्मान, समुदायलाई पहिचान तथा राष्ट्रलाई सौन्दर्य र व्यापार दिएको छ । यो किसानको विषय मात्र नभई सरकार, नीति निर्मातालगायत सरोकारको विषय हो ।'

कृषि विभागका उपनिर्देशक राजेन्द्र कोइरालाले २५ वर्षअघिसम्म नेपालमा रेशमखेती राम्रो अवस्था रहेको उल्लेख गर्दै त्यसपछि क्रमशः न्यून हुँदै गएको बताए । उनले यसलाई पुनर्जिवित तुल्याउन एक पटक सबैको सहयोगको अपेक्षा गरे ।

सिल्क एशोसिएन नेपालका अध्यक्ष शंकर पाण्डेयले रेशमको माग विश्वबजारमा बढिरहेकाले नेपालमा यसको उत्पादनमा सरकारलाई विशेष चासो लिन सुझाव दिए । गैरआवासीय नेपाली संघका अध्यक्ष डा बद्री केसीले रेशमले विश्वबजारको ठूलो हिस्सा ओगटेको उल्लेख गर्दै छिमेकी मुलुक भारत र चीनले यस क्षेत्रमा गरेको प्रगतिको नेपालले अनुशरण गर्न आवश्यक रहेको बताए ।

रेमश उद्योगलाई रणनीतिक, उच्च मूल्य अभिवृद्धि हुने र दिगो राष्ट्रिय उद्योगका रूपमा पुनःस्थापित गर्न सरकार, निजी क्षेत्र, बैंक तथा वित्तीय संस्था, लगानीकर्ता, गैरआवासीय नेपाली, विकास साझेदार, कृषक, सहकारी, उद्यमी तथा निर्यातकर्तालाई एकै ठाँउमा ल्याएर बहस गर्न सम्मेलन आयोजना गरिएको हो ।

सम्मेलनमा 'नेपालमा दिगो रेशमखेतीको आधार स्थापना, नेपालको मूल्य अभिवृद्धि रेशम उत्पादन पारिस्थिति प्रणालीको निर्माण र नेपाल रेशम भिजन २०२६-२०३५ को लागि सक्षम रेशम पारिस्थितिक प्रणालीको निर्माण सम्बन्धमा छलफलको कार्यक्रम छ ।

करिब २२ हजार हेक्टर क्षेत्रमा किम्बु (मुलबेरी) खेती, रेमश किरापालन, धागो उत्पादन, बुनाइ र वस्त्र निर्माणलाई एकीकृत रूपमा विकास गर्न सके वार्षिक रु पाँच खर्ब बराबरको आर्थिक मूल्य सिर्जना गर्न सकिने सम्भावना रहेको ह्याण्डलुम फ्याब्रिक्सले जनाएको छ । एकीकृत मूल्य शृंखलाको अभाव, नीतिगत प्राथमिकताको कमी, वित्तीय पहुँच र बिमाको अभाव, प्रविधि तथा सीपको कमी, बजार तथा निर्यात संयन्त्रको अभावलगायत कारण रेशम उद्योग संकटमा पर्दै गरेको आयोजनको भनाइ छ ।

सम्मेलनमा नेपालको रेशम विकासको १० वर्षे ढाँचा (२०२६-२०३५)को अवलम्बन, 'क्लस्टर'मा आधारित किम्बुखेती र रेशम किरापालन, विशेष वित्तीय, व्यापारिक तथा बिमा संयन्त्र, प्रविधि हस्तान्तरण र सीप विकास, एकीकृत 'नेपाल सिल्क ब्राण्डिङ' र बजार पहुँचलगायत विषयमा छलफल हुने छ ।

शेरबहादुर खड्का स्मृति राष्ट्रिय महिला भलिबल

# न्युडायमन्ड अपराजित रहँदै दोस्रोपटक च्याम्पियन

सौर्य समाचार

काठमाडौँ । न्युडायमन्ड युथ स्पोर्ट्स क्लब अपराजित रहँदै केएनपी नेरोलेक नवौँ शेरबहादुर खड्का स्मृति राष्ट्रिय महिला भलिबल प्रतियोगिताको च्याम्पियन बनेको छ । यो प्रतियोगितामा न्युडायमन्ड दोस्रोपटक च्याम्पियन बनेको हो । सातौँ संस्करणमा पहिलोपटक न्युडायमन्ड च्याम्पियन बनेको थियो । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा शनिबार भएको फाइनलमा न्युडायमन्डले डिफेन्डिङ च्याम्पियन नेपाल प्रहरीलाई २५-२२, २५-१८, १५-२५ र २७-२५ ले पराजित गऱ्यो । न्युडायमन्डकी प्रगति नाथ 'प्लेयर अफ द म्याच' घोषित भइन् ।

राउन्ड लिगमा न्युडायमन्डले नेपाल आर्मीलाई ३-०, एपीएफलाई ३-२ र प्रहरीलाई ३-२ ले हराएको थियो । एकसाताको अवधिमा न्युडायमन्डको यो दोस्रो उपाधि हो । यसअघि न्युडायमन्डले प्रहरीलाई नै पाखा लगाएर एनभिए भलिबलको उपाधि जितेको थियो । शेरबहादुर खड्का स्मृति प्रतिष्ठान, बालकोटको आयोजनामा




भएको प्रतियोगितामा सुरुका ६ संस्करणको उपाधि विजेता एपिएफले तेस्रो स्थानमा चित्त बुझायो । एपिएफले आर्मीलाई २५-१३, २५-२३ र २५-१८ को सोझो सेटमा हरायो । एपिएफकी मिना सुनार 'प्लेयर अफ द म्याच' बनिन् ।

विजेताले ५ लाख, उपविजेताले २ लाख ५० हजार र तेस्रो हुने टोलीले १ लाख २५ हजार रुपैयाँ पुरस्कार प्राप्त गरे । प्रथम पुरस्कार लाइफ इन्स्योरेन्स कोर्पोरेसन नेपाल लिमिटेड, दोस्रो पुरस्कार मार्वल टेक्नोप्लास्ट प्रालि र तेस्रो पुरस्कार फिट्नेस च्वाइसले प्रायोजन गरेका छन् । न्युडायमन्डकी प्रतिभा माली सर्वोत्कृष्ट चुनिइन् । प्रतिभाले हाइलाइफद्वारा प्रायोजित ५० हजार रुपैयाँसहित ट्रफी पाइन् ।

एपिएफकी मिना सुनार उत्कृष्ट स्पाइकर भइन् । यस्तै यसै प्रतियोगिताको उद्घाटनमा शेरबहादुर खड्का स्पेसल अवार्डबाट सम्मानित न्युडाइमन्डकी सुमित्रा रेग्मी उत्कृष्ट ब्लकर, न्युडायमन्डकै प्रगति नाथ उत्कृष्ट सेटर, प्रहरीकी शान्तिकला तामाङ उत्कृष्ट लिबेरो, प्रहरीकी पुनम चन्द उत्कृष्ट सर्भर र न्युडायमन्डका कुमार राई उत्कृष्ट प्रशिक्षक ठहरिए । उत्कृष्ट सबैले जनही २५ हजार रुपैयाँ पुरस्कार पाए । बाराही होटल र सारङकोट माउन्टेन लजले उनीहरूलाई गिफ्ट ह्याम्पर पनि प्रदान गर्ने आयोजकले जनाएको छ । प्रत्येक खेलको 'प्लेयर अफ द म्याच' लाई १५ हजार रुपैयाँ पुरस्कार प्रदान गरिएको थियो ।

विजेतालाई प्रदेश खेलकुद परिषद्, बाग्मती प्रदेशका सदस्य-सचिव दीपक लामा, केएनपी नेरोलेका कन्ट्री हेड मनोजकुमार मिश्र, एलआइसीका प्रमुख कार्यकारी अधिकृत प्रणय कुमार, मार्वल टेक्नोप्लास्टका प्रशासन प्रमुख दीपक चौँलागाईं, एभरेस्ट बैंकका नायब महाप्रबन्धक केशवराज पौडेल, नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्रबहादुर चन्द, आयोजक प्रतिष्ठानकी संरक्षक गमली खड्का, अध्यक्ष रञ्जन खड्का र उपाध्यक्ष सीता खड्कालगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे । चारदिने प्रतियोगितामा ४ टिम सहभागी थिए ।

पृथ्वी जयन्ती

# ऐतिहासिक युद्धस्थल पर्सागढीमा दौड प्रतियोगिता

सौर्य समाचार



वीरगन्ज । नेपाली सेनाको श्रीजंग गण पर्साले ३०४औँ पृथ्वीजयन्तीको पूर्वसन्ध्यामा ऐतिहासिक युद्धस्थल पर्सागढीमा दौड प्रतियोगिता गरेको छ । गणले राष्ट्रपिता पृथ्वीनारायण शाहको योगदानलाई स्मरण गर्दै ऐतिहासिक युद्धस्थल पर्सागढीमा शनिबार १० किलोमिटर खुला दौड तथा छात्र-छात्राको ५००० मिटर छुट्टाछुट्टै दौड प्रतियोगिता आयोजना गरेको हो । श्रीजंग गणका गणपति तथा प्रमुख सेनानी लोकेन्द्र कार्कीले राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको जन्मजयन्तीलाई सम्मान स्वरुप विभिन्न कार्यक्रम गरेर मनाउन लागेको जानकारी दिए । 'राष्ट्र निर्माणमा उहाँको भूमिका अतुलनीय र महत्वपूर्ण भएकाले उहाँको जन्मदिनको अवसर पारेर यहाँ दौड तथा हाजिरीजवाफ कार्यक्रम गरेर मनाउन गरिरहेका छौँ,' उनले भने, 'पृथ्वीनारायण शाह नेपाली सेनाको संस्थापक भएकाले उहाँलाई उच्च सम्मान गर्दै कार्यक्रम गरेका हौँ ।'

१० किमीको खुल्ला दौड प्रतियोगितामा श्रीजंग गणका सिपाही लिलाराम वलीले प्रथम भए । द्वितीय र तृतीय सोही गणका सिपाहीद्वय सर्जन राउत र पुष्प अछामी भएका थिए । पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहाल, पर्सागढी नगरपालिकाका प्रमुख गोर्कण पाठक, श्रीजंग गणका गणपति कार्की र सशस्त्र प्रहरी बल पर्साका गणपति पुरनचन्द्र भट्ट लगायतले विजेता खेलाडीलाई मेडल, प्रमाणपत्र र नगद पुरस्कार वितरण गरे । ५ हजार मिटरको छात्रतर्फको दौड प्रतियोगितामा प्रथम नेपाल राष्ट्रिय मावि बर्देवाका नीरज चौधरी भए । द्वितीय भने नेपाल राष्ट्रिय मावि बरुवा छटौलीका गोलु सहनी भए । तृतीय सोही विद्यालयका अंकेश सहनी भए ।

छात्रातर्फको ५ हजार मिटरको दौड प्रतियोगिताको प्रथम भने नेपाल राष्ट्रिय मावि बरुवा छटौलीका काजल सहनी भए । छात्रा दौडमा द्वितीय भने सोही विद्यालयकी छात्रा नन्दनीकुमारी पटेल भए । त्यस्तै तृतीय भने सिद्धार्थ मावि वीरगन्जकी छात्रा अञ्जुकुमारी पटेल भए । विजेता छात्र र छात्रालाई पदक, प्रमाणपत्र र नगदपुरकारले पुरस्कृत गरिएको थियो । त्यस्तै गरी ५ हजार मिटरको वाकाथान प्रतियोगिता समेत गरिएको थियो । जसमा पर्साका विभिन्न सरकारी कार्यालय तथा सुरक्षा निकायका प्रमुखहरुको उपस्थिति रहेको थियो ।

ब्रिटिस इस्ट इन्डिया कम्पनीको फौजलाई गोर्खाली सेनाले हराएको ऐतिहासिक युद्धस्थलको रुपमा पर्सागढीलाई चिनिन्छ । १८७१ पुस १८ र १९ गते नेपाल र ब्रिटिस इस्ट इन्डिया कम्पनी फौज पर्सागढीमा युद्ध भएको थियो । अंग्रेज फौजको नेतृत्व मेजर जनरल मार्लेअन्तर्गतका कप्तान सिब्लीले गरेका थिए भने नेपाली फौजको नेतृत्व भने रञ्जित चौधरीले गरेको बताइन्छ ।

# खुशी, प्रतिभा र सोयालाई स्वर्ण

सौर्य समाचार




काठमाडौँ । ललितपुरकी खुशी घलान, चितवनकी प्रतिभा श्रेष्ठ र भक्तपुरकी सोया चक्रधरले बाग्मती प्रदेशस्तरीय खुला तेक्वान्दो लिगमा शनिबार स्वर्ण जितेका छन् । जिल्ला समन्वय समिति काठमाडौंको संयोजन, बाग्मती प्रदेश तेक्वान्दो संघको प्राविधिक सहयोग र कागेश्वरी मनोहरा नगरपालिकाको आयोजनामा भइरहेको प्रतियोगिताको सिनियर महिला ४९-५३ केजीको फाइनलमा खुशीले भक्तपुरकी सविना तामाङलाई पराजित गरिन् ।

सिनियर महिला ५३-५७ केजीमा प्रतिभाले काठमाडौँकी अनुरा श्रेष्ठ तथा ५७-६१ केजीमा सोयाले काभ्रेकी एलिना बन्मालीलाई फाइनलमा हराए । थलीस्थित आयोजक कागेश्वरी मनोहरा नगरपालिकाको हातामा भइरहेको प्रतियोगिताको जुनियर पुरुष ४१-४४ केजीमा काठमाडौँका राहुल हाङ लिम्बू र महिला ३१-३४ केजीमा काठमाडौँकी सुप्रिया जोशीले स्वर्ण जिते । फाइनलमा राहुलले काठमाडौँका ललितबहादुर राणा तथा सुप्रियाले काठमाडौँकै रोनिशा गौतमलाई पाखा लगाए ।

जुनियर पुरुष ४४-४७ केजीमा नुवाकोटका सुदीप तामाङले काठमाडौँका रिडम बिसी तथा जुनियर महिला ३४-३७ केजीमा काठमाडौँकी जोबियानी तामाङले काठमाडौँकै साइना तामाङलाई पन्छ्याउदै पहिलो भए । प्रतियोगितामा २२७ खेलाडी सहभागी छन् । सिनियर/जुनियर पुरुषमा समान ५-५ तथा सिनियर/जुनियर महिलामा समान ५-५ गरी जम्मा २० स्पर्धामा प्रतिस्पर्धा भइरहेको छ ।

# कबड्डी लिगको प्लेयर ट्रायल्स आजदेखि



सौर्य समाचार

काठमाडौँ । नेपाल कबड्डी लिग (एनकेएल) को दोस्रो सिजनको लागि खेलाडी छनोटको रुपमा 'प्लेयर ट्रायल्स' आज (आइतबार)देखि दशरथ रंगशालास्थित कभर्ड हलमा हुने भएको छ, जसमा उत्कृष्ट प्रदर्शन गर्दै खेलाडीहरूले एनेकएल ड्राफ्टमा स्थान बनाउन सक्नेछन् । एनकेएल आयोजक एस्ट्रोनिक्स म्यानेजमेन्टको प्राविधिक टोलीले दोस्रो सिजनको लागि दर्ता भएका ५१२ जना खेलाडीबाट छनोट गरेका १८० जना खेलाडी दुईदिने प्लेयर ट्रायल्समा सहभागी हुनेछन् । प्लेयर ट्रायल्समा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई एनकेएल ड्राफ्टमा छनोट गरिनेछ । र, ड्राफ्टमार्फत् ६ टिमले एनकेएल दोस्रो सिजनमा प्रतिस्पर्धा गर्ने टिम तयार पार्नेछन् ।

एनकेएलले नेपाल कबड्डी संघ (एन्का)को सहकार्यमा तयार पारेको प्राविधिक टोलीले प्लेयर ट्रायल्सबाट ड्राफ्टका लागि खेलाडी छनोट एस्ट्रोनिक्स म्यानेजमेन्टका प्रमुख अमितकुमार बेगानीले बताए । उनले भने, 'प्लेयर ट्रायल्सबाट छनोट हुने उत्कृष्ट खेलाडीले ड्राफ्टमा अवसर पाउनेछन् । र, ड्राफ्टमा उपलब्ध खेलाडीहरू लिएर टिम तयार हुनेछन् । त्यसैले दोस्रो सिजनमा खेलाडीसँगै टिमको प्रदर्शन उत्कृष्ट र व्यावसायिक हुने अपेक्षा गरेका छौं ।'

फ्रेन्चाइज टिमका आधारमा पहिलो सिजन ६ सहरका ६ टिम विराटनगर ब्यान्डिट्स, जनकपुर नाइट्स, काठमाडौं माभरिक्स, पोखरा लेकर्स, हिमालयन रेइडर्स (बुटवल) र धनगढी वाइल्डक्याट्सले प्रतिस्पर्धा गरेका थिए । त्रिपुरेश्वरस्थित कभर्डहलमा आयोजित रोमान्चक फाइनलमा काठमाडौँ माभरिक्सलाई ४३-४१ ले पराजित गर्दै जनकपुर नाइट्स एनकेएल च्याम्पियन भएको थियो । पहिलो सिजनका २ कप्तान काठमाडौंका घनश्याम रोका मगर र हिमालयन रेइडर्सका गणेश पार्कीले भारतको प्रो कबड्डी लिग (पीकेएल) सिजन १२ खेलेका थिए । एनकेएल सिजन २ को ड्राफ्ट र प्रतियोगिताको मिति चाँडै घोषणा गरिनेछ ।

# २१ माघदेखि भद्रपुरमा इन्डो-नेपाल टी-२० क्रिकेट च्याम्पियनसिप

सौर्य समाचार

झापा । भद्रपुर क्रिकेट क्लबको आयोजनामा मेची रंगशालाको नवनिर्मित मैदानमा आगामी माघ २१ देखि २८ गतेसम्म 'कोशी पाथिभरा इन्डो नेपाल टी-२० च्याम्पियनसिप कप क्रिकेट प्रतियोगिता' हुने भएको छ । नेपालका ४ र भारतका ४ टोलीको सहभागिता रहने उक्त प्रतियोगिताका बिजेताले ५ लाख र उपबिजेताले ३ लाख रुपैयाँ पुरस्कार पाउने आयोजक समितिका संयोजक मनोज सुब्बाले बताए । प्रतियोगितामा भाग लिन भारतबाट राइनोल्यान्ड क्रिकेट एकेडेमी गुवाहाटी, ग्लोबल स्टार क्रिकेट क्लब लखनऊ, क्रिकेट कोचिङ एकेडेमी न्युदिल्ली र स्नो लायन टिम सिक्किम रहेको उनले जानकारी दिए ।

यसैगरी नेपाली टोलीहरू भद्रपुर क्रिकेट क्लब, विराटनगर किंग्स डेभलपमेन्ट स्क्वाड, पोखरा एभेन्जर्स गण्डकी हिरोज डेभलपमेन्ट स्क्वाड र काठमाडौँ गोर्खाज डेभलपमेन्ट स्क्वाड रहेका छन् । भारतबाट सहभागी टोलीमा रञ्जित ट्रफी खेलिरहेका खेलाडीहरू र नेपाली क्लबबाट एनपीएल खेलिसकेका खेलाडीहरू मैदानमा उत्रिने उनको भनाइ छ ।

भद्रपुर नगरपालिका-८ स्थित मेची बहुमुखी क्याम्पसको खेल मैदान लिजमा लिएर भद्रपुर क्रिकेट क्लवले तीन वर्षको अवधिमा शानदार क्रिकेट मैदान निर्माण गरिसकेको छ । प्रतियोगिता त्यही मैदानमा हुने भएको छ ।

खेलबाट मुलुकको पर्यटन क्षेत्रमा योगदान पुग्ने भएकाले आयोजकले कृासी र पाथीभरासमेत जोडेर प्रतियोगिताको नामकरण गरेका छन् । झापा क्रिकेट संघका अध्यक्ष प्रवीण थापाले क्रिकेटका माध्यमबाट नेपालको पहिचान र प्रतिष्ठा विश्व मञ्चहरूमा उच्च भइरहेको धारणा व्यक्त गर्दै भद्रपुरमा आयोजना हुन लागेको क्रिकेट प्रतियोगिताले खेलाडी उत्पादनमा ठुलो योगदान पुऱ्याउने बताए । प्रतियोगितामा १ करोड २२ लाख रुपैयाँ खर्च हुने र क्रिकेट मैदानको दर्शक क्षमता १० हजार रहेको संयोजक सुब्बाले जानकारी दिए ।

# सशस्त्र प्रहरी अधिकृत र पत्रकारबीच मैत्रीपूर्ण फुटबल

सौर्य समाचार

काठमाडौँ । सशस्त्र प्रहरी बल नेपालको २५औँ सशस्त्र प्रहरी दिवस २०८२ का अवसरमा सशस्त्र प्रहरी अधिकृत र पत्रकारबीच भएको मैत्रीपूर्ण फुटबल सम्पन्न भएको छ । सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय हल्चोकस्थित एपिएफ रंगशालामा सम्पन्न उक्त खेलमा सशस्त्र प्रहरीका तर्फबाट ३ र पत्रकारकातर्फबाट १ गोल भएको थियो ।

सशस्त्र प्रहरीका तर्फबाट प्रहरी महानिरीक्षक राजु अर्याल र पत्रकारका तर्फबाट नेपाल समाचार पत्र दैनिकका कार्यकारी सम्पादक दीपक रिजालले टिमको कप्तानी गरेका थिए । फुटबल प्रतियो गितामा सुरक्षा बिटमा कार्यरत सञ्चारकर्मीको सहभागिता रहेको थियो ।

## कला

# वीरसँग अलग्गिइन् तारा

एजेन्सी

मुम्बई । भारतीय गायिका तथा नायिका तारा सुतारिया पछिल्ला दिनमा चर्चामा छिन् । उनी कहिले आफू अभिनित फिल्म 'टक्सिक'लाई लिएर त कहिले प्रेमी वीर पहाडियासँगको प्रेम सम्बन्ध र एपी ढिल्लोको कन्सर्टलाई लिएर चर्चामा आइरहेकी छिन् । अहिले भने उनी वीरसँगको प्रेम टुंगिएका कारण चर्चामा छिन् ।

समाचार अनुसार वीर र ताराले आफूहरूबीचको प्रेम सम्बन्ध औपचारिक रुपमा टुंगिएको घोषणा गरेका छन् । उनीहरूले के कारणले प्रेम टुंगिएको हो भन्ने कुरा बताएका छैनन् । उनीहरूले आफूहरूको कन्सर्ट विवादको केही दिनपछि नै अलग्गिने निर्णय लिएका हुन् ।

गायक तथा ऱ्यापर वीरले गत वर्षको २६ डिसेम्बरमा मुम्बईको जियो वर्ल्ड कन्भेन्सन सेन्टरमा एक कन्सर्ट गरेका थिए । जहाँ ताराले पनि सहभागिता जनाएकी थिइन् । यो कन्सर्टको एक भिडियो सामाजिक सञ्जालमा निकै भाइरल भएको थियो । जहाँ एपी ढिल्लोले तारालाई अंकमाल गर्दै गालामा चुम्बन गरेका छन् । अर्को एक भिडियोमा वीर एपी र ताराको सुमधुरता देखेर निकै गम्भीर बनेका छन् ।

जब यी भिडियो सामाजिक सञ्जालमा आगो जस्तै फैलिए पछि वीरले सामाजिक सञ्जालमा १ भिडियो पोस्ट गरे, जुन भिडियोमा उनी तारासँग रमाइरहेका छन् । ताराले केही स्क्रिनसट शेयर गर्दै त्यसलाई 'नकारात्मक प्रचार' भनिन् । ताराले 'नकारात्मक प्रचार' भनेपनि एपी र ताराको स्टेज हर्कतले वीर दुःखी भएपछि उनीहरूले अलग्गिने निर्णय लिएका हुन् ।

तारा र वीर गत वर्षको मार्चदेखि एकअर्कासँग नजिकिएका थिए । त्यही समयदेखि उनीहरू डेटमा थिए । त्यसको केही महिना पछि गत जुलाईमा उनीहरुले आधिकारिक रुपमा सम्बन्धको घोषणा गरेका थिए । त्यसपछि उनीहरू सँगैका तस्वीर सामाजिक सञ्जालमा राखिरहन्थे।सार्वजनिक कार्यक्रममा होस् या रेष्टुरेन्टमा उनीहरू सँगै देखिन्थे ।



# सविनाको एकल कला प्रदर्शनी

सौर्य समाचार

काठमाडौँ । आँखारोग विशेषज्ञ डा. सविना श्रेष्ठ 'विजुच्छे' को एकल कला प्रदर्शनी राजधानीमा सुरु भएको छ । डा. श्रेष्ठले आफ्नो प्राध्यापन र चिकित्सा पेसाका अलावा १ दशकदेखि सिर्जना गरेका १२५ कलालाई शनिबार नेपाल कला परिषद् बबरमहलमा प्रदर्शनी गरिएको हो । उक्त प्रदर्शनीको चित्रकार हरिप्रसाद शर्माले शुभारम्भ गरे ।

चित्रकार शर्माले डा. श्रेष्ठले कलामार्फत देश र समाजलाई नयाँ सिर्जना दिएको बताए । कलाका माध्यमबाट मुलुकलाई समृद्ध बनाउन सकिने उनको भनाइ थियो । 'नेपाली कलाको विकास, उन्नति र प्रचारका क्षेत्रमा नेपाल कला परिषद्ले खेलेको भूमिका सराहनीय छ', उनले भने ।

कलाकार के.के कर्माचार्यले कला क्षेत्रको विकासमा डा. श्रेष्ठको कलाले नयाँ इँटा थपेको बताए । आफ्ना अनुभूति र आफूलाई मनमा लागेको कुरालाई प्रस्तुत गर्ने माध्यम कला भएको उनको भनाइ थियो । नेपाल ललितकला क्याम्पसका पूर्वक्याम्पस प्रमुख गोविन्द डंगोलले कलामा पनि उज्ज्वल भविष्य भएकाले यसलाई निरन्तरता दिन आग्रह गरे । चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालबाट आँखा विषयमा विशेषज्ञता हासिल गरेकी डा. श्रेष्ठ नेपाल आँखा अस्पताल त्रिपुरेश्वरको नेत्र विशेषज्ञ तथा मेडिकल निर्देशक समेत थिइन् । भारतबाट बाल आँखा रोगमा थप अध्ययन गरेकी डा. श्रेष्ठ हाल काठमाडौँ मेडिकल कलेजमा प्राध्यापकको रुपमा कार्यरत छिन् ।



उनले यसअघि विस २०७८ मा 'भाइब्रेसन' शीर्षकमा एकल कला प्रदर्शन गरेकी थिइन् भने अहिले 'अन्तरमनको प्रस्फुटन' शीर्षकमा कला प्रदर्शन गरेकी हुन् । डा. श्रेष्ठका तीन वटा कविता सङ्ग्रह र जीवनमा आधारित पुस्तक 'एउटा जीवन छामेर हेर्दा प्रकाशित भइसकेका छन् ।


डा श्रेष्ठले आफ्ना श्रीमान् डा. विनोद विजुक्छे र छोरा आरभ विजुक्छेको साथ र सहयोगले आफू कला क्षेत्रमा लाग्ने अवसर प्राप्त गरेको बताइन् । ५ दिनसम्म चल्ने कला प्रदर्शनीमा १२५ कला प्रदर्शनका लागि राखिएका छन् ।

# शिवांश टिजरमा सन्त प्रवीण

सौर्य समाचार

काठमाडौँ । फिल्म 'शिवांश'को टिजर सार्वजनिक भएको छ । 'सुरुआत नै अन्त्य हो र अन्त्य नै शिवांश' भन्दै सुरु हुने टिजरमा फिल्मका मुख्य कलाकार प्रवीण खतिवडा छन् । उनी सन्तको भूमिकामा छन् । उनी हातमा त्रिशूल बोकेर मन्दिरअगाडि पुगेपछि टिजर सकिएको देखाइएको छ । फिल्म महाशिवरात्रीको अवसर पारेर आगामी ३ फागुनमा रिलिज हुँदैछ । अञ्जान सिनेमा प्रोडक्सन हाउसको प्रस्तुति रहेको फिल्मको निर्देशक सन्तोषकुमार आत्रेय छन् । यो उनको डेब्यु निर्देशकीय फिल्म हो । अञ्जान केसी निर्माता रहेको फिल्ममा प्रवीण खतिवडा, तेज गिरी, रुषा न्यौपाने, विकास जोशी, विमला लिम्बू, प्रदीपकुमार चौधरी, सबिर चुरौटे, उदयकुमार सुब्बा, टीका निरौलाको अभिनय छ ।

फिल्मको कथा अञ्जान केसीले लेखेका छन् । फिल्मको सह-निर्मातामा शोभा भण्डारी र अनिस केसी बोगटी रहेका छन् । स्क्रिनप्ले बारत लिम्बूको छ । फिल्ममा विप्लव प्रतीक र राजनराज शिवाकोटीको गीत, न्ह्यू बज्राचार्य र राजनराज शिवाकोटीको संगीत, मिलन श्रेष्ठको द्वन्द्व र विक्रम चौहानको कोरियोग्राफी छ । फिल्मका कार्यकारी निर्माता शम्भु थापा हुन् ।



सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी